# शिक्षक निर्देशिका

## नेपाली

### कक्षा ६

नेपाल सरकार
शिक्षा मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

## शिक्षक निर्देशिका

# नेपाली

## कक्षा - ६

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

**प्रकाशक :** नेपाल सरकार
शिक्षा मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

© **प्रकाशकमा**

यस शिक्षक निर्देशिका सम्बन्धी सम्पूर्ण अधिकार पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुरमा निहित रहेको छ । पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना व्यापारिक प्रयोजनका लागि यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

**पहिलो संस्करण** : वि. सं. २०७०

**मुद्रक** :

**मूल्य** :

शिक्षक निर्देशिका सम्बन्धी पाठकहरूका कुनै पनि प्रकारका सुझावहरू भएमा पाठ्यक्रम विकास केन्द्र, सम्पादन तथा प्रकाशन शाखामा पठाइदिनुहुन अनुरोध छ । पाठकहरूबाट आउने सुझावहरूलाई यो केन्द्र हार्दिक स्वागत गर्दछ ।

# भूमिका

राष्ट्रिय परम्परा, संस्कृति, सामाजिक सम्पदा र लोकतान्त्रिक मूल्यसँग परिचित, देशको आर्थिक विकासमा योगदान दिन सक्ने असल नागरिकको उत्पादन समसामयिक आवश्यकता हो । आधारभूत शिक्षाको मुख्य उद्देश्य राष्ट्र र लोकतन्त्रमा विश्वास गर्ने, सामाजिक र प्राकृतिक वातावरण एवम् आफ्नो जिम्मेवारीप्रति सचेत, विचार आदान प्रदान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, नैतिकवान् र पेसा व्यवसाय तथा मूल्य र मान्यताप्रति सचेत नागरिक तयार गर्नु हो । यही उद्देश्यअनुरूप पाठ्यक्रम, पाठ्य पुस्तक, पाठ्य सामग्री र शिक्षक निर्देशिकाहरूको विकास तथा परिमार्जन कार्य गरिँदै आएको हो । यस प्रक्रियाको निरन्तरतास्वरूप आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८), २०६९ अनुसार विकास गरिएको कक्षा ६ को नयाँ पाठ्य पुस्तकका आधारमा यो शिक्षक निर्देशिका तयार गरिएको हो । पाठ्य पुस्तकमा रहेका विधा/विषय वस्तुलाई विभिन्न पाठ्य वस्तु र पाठ्य घन्टीमा विभाजन गरी प्रत्येक पाठ्य वस्तुका लागि अनुमानित घन्टी समेत निर्धारण गरिएको छ । प्रत्येक पाठको सहजीकरण गर्दा सम्बन्धित पाठ्य वस्तुमा रहेको विद्यार्थीको पूर्व ज्ञान सिपलाई आधार बनाउँदै आरम्भ गर्ने र पाठको अन्तमा पाठ्यक्रमले निर्धारण गरेका र पाठ्य पुस्तकमा समावेश भएका विषय वस्तुमा सक्षमता हासिल गर्ने गरी यो निर्देशिका तयार पारिएको छ । शिक्षण सहजीकरण गर्दा सकेसम्म पढाइएको पाठबाट नै उदाहरणहरू दिनु उपयुक्त हुन्छ । यस्तै विद्यार्थीहरूलाई उदाहरण खोज्न लगाउँदा पनि उनीहरूले पढेका पाठबाट नै खोज्न लगाउन सकियो भने उनीहरूमा विषय वस्तुको सूक्ष्म अध्ययन गर्ने बानीको विकास हुन्छ । यस्तै व्याख्यान विधिभन्दा खोज, अनुसन्धान, छलफल, प्रश्नोत्तर आदि विधिबाट कक्षा कोठामा अध्यापन गर्न सकियो भने सिकाइ प्रभावकारी हुन्छ । विद्यार्थीहरूलाई सिकाइ क्रियाकलापमा अधिकतम सहभागी गराउन शिक्षकलाई सहयोग मिलोस् भन्ने उद्देश्यले शिक्षक निर्देशिकाका पाठहरू (एकाइ) मा विविध क्रियाकलापलाई समावेश गरिएको छ । यस्ता क्रियाकलापबाट विद्यार्थीहरूमा गरेर सिक्ने बानीका अतिरिक्त सिर्जनशीलता र आत्मविश्वास जाग्नुका साथै विषयगत दक्षताको विकास हुन सकोस् भन्ने अपेक्षा रहेको छ ।

कक्षा ६ को नेपाली विषयको सिकाइ सहजीकरणका लागि शिक्षकलाई सहयोग गर्ने उद्देश्यले तयार पारिएको यस निर्देशिकाको लेखन तथा परिमार्जन शम्भुप्रसाद दाहाल, गणेशप्रसाद भट्टराई, सरला पौडेल, हरिप्रसाद निरौला, रजनी धिमाल, मीरा धिताल र विष्णुप्रसाद अधिकारीको कार्यदलद्वारा भएको हो । यस निर्देशिकाको विकासमा सहयोग पुऱ्याउनु हुने विषय समितिका सम्पूर्ण महानुभावहरूमा केन्द्र कृतज्ञता ज्ञापन गर्दछ ।

पाठ र पाठअन्तर्गतका क्रियाकलापहरूलाई निर्धारण गरिएका घन्टीहरू अनुमानित मात्र हुन् । सिकाइ सहजीकरणका क्रममा आवश्यकताअनुसार घन्टीहरू थपघट गरी परिवर्तन गर्न सकिने छ ।  यस्तै, पाठअन्तर्गत उल्लेख गरिएका क्रियाकलापहरू पनि नमुनाका लागि रहेका छन् । सिकाइ सहजीकरणका क्रममा अन्य क्रियाकलापहरू आवश्यक ठानिएको खण्डमा थप्न र आवश्यकतानुसार क्रियाकलापलाई छोटो बनाउन पनि सकिन्छ । यस निर्देशिकाको विकास गर्दा सकेसम्म पाठ्य पुस्तकलाई प्रभावकारी ढङ्गले प्रयोग गर्न शिक्षकलाई सहयोग पुगोस् भनी प्रशस्त प्रयास गरिएको छ । यसलाई अझ राम्रो र परिष्कृत बनाउन यसका प्रयोगकर्ताबाट आगामी दिनमा प्राप्त हुने अमूल्य सुझाव र टिप्पणीलाई पाठ्यक्रम विकास केन्द्र हार्दिक स्वागत गर्दछ ।

वि.सं.२०७०

शिक्षा मन्त्रालय

**पाठ्यक्रम विकास केन्द्र**

सानोठिमी, भक्तपुर

## विषय सूची


| पाठ | शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| पाठ : १ | गुरु (कविता) | १ |
| पाठ : २ | युक्तिसामु शक्ति टिक्दैन (कथा) | ११ |
| पाठ : ३ | सामाजिक सद्भाव (प्रबन्ध) | २१ |
| पाठ : ४ | भविष्यको योजना (संवाद) | ३० |
| पाठ : ५ | साहित्यकार भवानी भिक्षु (जीवनी) | ३६ |
| पाठ : ६ | खोला (कविता) | ४४ |
| पाठ : ७ | साने र ठुले (कथा) | ५० |
| पाठ : ८ | कृषिमलको प्रयोग (प्रबन्ध) | ५९ |
| पाठ : ९ | दाजुलाई बहिनीको चिठी (चिठी) | ६७ |
| पाठ : १० | युमादेवीको अवतरण (कथा) | ७३ |
| पाठ : ११ | सन्तानलाई सम्पत्तिभन्दा शिक्षा ठुलो (वाद विवाद) | ८२ |
| पाठ : १२ | स्वाभिमानी मुख (कविता) | ८९ |
| पाठ : १३ | युधिष्ठिरको परीक्षा (कथा) | ९५ |
| पाठ : १४ | लुइ पास्चर (जीवनी) | १०३ |
| पाठ : १५ | वातावरणको रक्षा (प्रबन्ध) | १११ |
| पाठ : १६ | राष्ट्रिय विभूति शङ्खधर शाख्वा (जीवनी) | ११९ |
| पाठ : १७ | मानिस नै देवता (कथा) | १२६ |
| पाठ : १८ | कलाको महत्त्व (प्रबन्ध) | १३३ |
| पाठ : १९ | प्रधानाध्यापकलाई निवेदन (निवेदन) | १४२ |
| पाठ : २० | श्रीकृष्णको पराक्रम (कथा) | १४८ |

पाठ
१

# गुरु

*अनुमानित घन्टी : ९*

| पाठ्यवस्तु | घन्टी |
|---|---|
| १. लयबोध र शुद्धोच्चारण | १ |
| २. शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. भावबोध | २ |
| ४. व्याख्या/भाव विस्तार | २ |
| ६. कार्यमूलक व्याकरण | १ |
| ५. कविता लेखन | २ |

## पाठ्यवस्तु : **लयबोध र शुद्धोच्चारण**

घन्टी : १

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) गति, यति र लयका साथ गुरु कविता सस्वर वाचन गर्न

(ख) उपयुक्त आरोह अवरोहका साथ लय मिलाई वाचन गर्न

(ग) गुरु कविताका कठिन शब्दको शुद्ध उच्चारण गर्न

२. **शैक्षिक सामग्री**

पाठ्य पुस्तक, शब्दपत्ती, कविताको क्यासेट वा सिडी, कठिन शब्दको सूची

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) कक्षाका केही विद्यार्थीलाई स्वतन्त्र रूपमा कविता वाचन गर्न लगाउनुहोस् र तीमध्येबाट उत्कृष्ट लय ठम्याउनुहोस् । कविता एकभन्दा बढी लयमा गाउन सकिन्छ । त्यसैले विद्यार्थीले लय वाचन गरेको कुनै लयलाई आदर्श लय मान्न सकिन्छ । कक्षामा उपयुक्त खालको लय ननिस्केमा शिक्षकले आदर्श लय वाचन गरेर सुनाउनुहोस् वा क्यासेट र सिडीबाट उपलब्ध भए गुरु कविताको र नभए त्यसको लयसँग मिल्दोजुल्दो लयका कविता सुनाउनुहोस् । गुरु कविताको लय पढ्दा प्रत्येक आठौँ अक्षरमा विश्राम गरी पढेमा यसको लय पहिचान हुन्छ ।

(ख) कविताको उत्कृष्ट लयको पहिचान भएपछि विद्यार्थीलाई सामूहिक रूपमा कविता वाचन गराउनुहोस् । यसपछि सबैभन्दा राम्रो गाउने एक व्यक्ति वा युगल समूहलाई कविता वाचन गर्न लगाउनुहोस् । अरू विद्यार्थीलाई त्यसैअनुसार अनुकरण गर्दै कविता वाचन गर्न लगाउनुहोस् ।

(ग) गुरु अनुष्टुप छन्दमा लेखिएको कविता हो । यसलाई लयमा वाचन गर्दा प्रत्येक श्लोकका आठ अक्षरमा मध्य विश्राम गर्नुपर्छ । कक्षालाई चार समूहमा विभाजन गरी निम्नानुसारका कार्यकलाप गर्न लगाउनुहोस् :

- पहिलो समूहलाई 'गुरुमा ज्ञानको ज्योति चम्किलो जब बन्दछ' गाउन लगाउनुहोस् ।
- पहिलो समूहले गाइसक्नासाथ दोस्रो समूहलाई 'धर्तीले जन्मको सार पूर्ण भो असल भन्दछ' भन्ने हरफ गाउन लगाउनुहोस् ।
- दोस्रो समूहले पढिसक्नासाथ तेस्रो समूहलाई 'एक एक गरी ज्ञान शिष्यमा सर्न थाल्छ ।' भन्ने हरफ गाउन लगाउनुहोस् ।
- तेस्रो समूहले पढिसक्नासाथ चौथो समूहलाई 'त्यागको तेज हो कस्तो ढुङ्गो पनि पगाल्छ' भन्ने हरफ गाउन लगाउनुहोस् । यसपछि सबैलाई सबै हरफ पढ्न लगाउनुहोस् । यो क्रम पटक पटक दोहोऱ्याउनुहोस् । कविताका अरू अंश पनि यसरी नै पढ्न लगाउनुहोस् ।

(घ) कविता पटक पटक वाचन गरिसकेपछि विद्यार्थीले राम्रो उच्चारण गर्न नसकेका शब्दहरू शिक्षकले सुनेर विद्यार्थीलाई सोधेर टिपोट गर्नुहोस् ।

(ङ) यसरी टिपोट गरिएका शब्द पटक पटक अभ्यास गराउनुहोस् । शिक्षकले पनि नेपाली दोस्रो भाषा हुने विद्यार्थीका लागि समेत उच्चारणका दृष्टिले कठिन लाग्न सक्ने सम्भावित शब्द टिपोट गरेर राख्नुहोस् र ती शब्दलाई शब्दपत्तीमा प्रस्तुत गरेर उच्चारण गराउनुहोस् । उदाहरणार्थ यस कवितामा ज्योति, धर्ती, ढुङ्गो, मूर्ति, स्नेह, व्यर्थ, नेत्र, समुद्र, द्वेषी, उद्धार जस्ता शब्दको उच्चारण कठिन हुन सक्छ । यी शब्दको पटक पटक अभ्यास गराउनुहोस् ।

(च) उच्चारणका दृष्टिले कठिन वा नयाँ शब्दलाई लयमा सजाएर कविता बनाउनुहोस् वा लयका अनुच्छेद बनाएर पटक पटक पढ्न लगाउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) विद्यार्थीलाई पाठका निश्चित शब्द तोकेर उच्चारण गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई कविताको अंश तोकेर शुद्धसँग लय वाचन गर्न लगाउनुहोस् र विद्यार्थीमा आदर्श लयमा पढ्ने अभ्यास नपुगेको भए पुन: अभ्यास गराउनुहोस् ।

५. **गृहकार्य**

(क) गुरु कविता आदर्श लयमा लय वाचनको अभ्यास गरी आउन निर्देशन दिनुहोस् ।

(ख) पाठका कठिन शब्दको उच्चारणको अभ्यास गरेर आउन लगाउनुहोस् ।

पाठ्वस्तु : **शब्दार्थ र वाक्यमा प्रयोग** *घन्टी : १*

१. **उद्‌देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) गुरु कवितामा प्रयुक्त नयाँ शब्दको अर्थ बताउन

(ख) उक्त शब्दलाई वाक्यमा प्रयोग गर्न

२. **शैक्षिक सामग्री**

शब्दार्थ सूची, वाक्यका नमुना

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीलाई कविता मौन वाचन गर्न लगाउनुहोस् । मौन वाचनका क्रममा उनीहरूले अर्थ नजानेका शब्द टिपोट गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीले टिपेका शब्द भन्न लगाई शैक्षणिक पाटीमा टिप्नुहोस् । टिपेका शब्दको अर्थ कक्षाका कुनै विद्यार्थीले जानेको हुन सक्छ, सोध्नुहोस् । विद्यार्थीले नै अर्थ जानेमा सबैलाई अर्थ सुनाउनुहोस् र कापीमा टिप्न लगाउनुहोस् ।

(ग) विद्यार्थीले अर्थ बताउन नसकेमा निम्नानुसारका कुनै तरिका अपनाएर सबै शब्दको अर्थ बताइदिनुहोस् :

जस्तै :

परिभाषा दिएर : ज्योति = उज्यालो वस्तुबाट आउने किरण

वस्तु देखाएर : मट्टी = माटो देखाउने

पर्याय दिएर : शिष्य = छात्र, विद्यार्थी, चेलो

विपरीत शब्द दिएर : रात = दिन

व्युत्पति बनाएर : अर्थ + मान = अर्थमान

प्रसङ्ग बताएर : हुन्डरी = हावाहुरी आएको प्रसङ्ग बताएर

चित्र देखाएर : सागर (सागरको चित्र देखाएर)

समास गरेर : पसिनाको धारा = पसिना धारा

(घ) विद्यार्थीलाई पुस्तकमा दिएका शब्दार्थ पढ्न लगाउनुहोस् र शब्दको अर्थ थाहा पाउन शब्दार्थको प्रयोग गर्ने अभ्यास पनि गराउनुहोस् ।

(ङ) विद्यार्थीले पहिले अर्थ नजानेका र छलफलपछि अर्थ जानेका सबै शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । वाक्य निर्माण अभिधात्मक र सन्दर्भगत रूपमा गर्न सकिन्छ । जस्तै : सागर :

मैले सागर देखेको छैन । (अभिधा अर्थ)

गुरु त ज्ञानको सागर नै रहेछन् (सन्दर्भगत अर्थ)

(च) अभ्यास ७, ८ र ९ का अभ्यास गराउनुहोस् र पाठबाट अरू पनि शब्द दिई अर्थ लेख्ने तथा तिनलाई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) गुरु कवितामा प्रयोग भएका तलका शब्दको अर्थ भन र लेख । साथै ती शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

चम्किलो, पूर्ण, त्याग, गल्नु, स्नेह, छाया, मानव, समुद्र, उजाड, सृष्टि, माझी

५. **गृहकार्य**

पाठबाट विभिन्न शब्दहरू दिई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

पाठ्यवस्तु : **भावबोध** *घन्टी : २*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) 'गुरु' कवितामा आधारित प्रश्नहरूको उत्तर दिन ।

(ख) 'गुरु' कविताको भाव बताउन ।

२. **शैक्षिक सामग्री**

गुरु कविता

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीहरूको ध्यान आकर्षण गर्नका लागि कक्षाका केही विद्यार्थीलाई गुरु कविता लयबद्ध रूपमा वाचन गर्न लगाउनुहोस् वा शिक्षक आफैँले वाचन गर्नुहोस् ।

(ख) विद्यार्थीले गुरु कविताको लय जानेपछि सामूहिक रूपमा वा केही विद्यार्थीको समूह बनाएर पटक पटक पढ्न लगाउनुहोस् ।

(ग) एउटा समूहले कविता वाचन गर्दा राम्रा लागेका पक्ष अर्को समूहलाई भन्न लगाउनुहोस् र पुन: त्यस समूहलाई वाचन गर्न लगाउनुहोस् । यस्तो क्रियाकलाप प्रतियोगिताका रूपमा पनि गराउन सकिन्छ ।

(घ) शिक्षकले विद्यार्थीलाई कविताको भावबोधको अभ्यास गर्दा आफूले बुझेका एक एक पक्ष भन्न लगाउनुहोस् र उनीहरूले भनेका कुरा टिपिदिनुहोस् ।

जस्तै : विद्यार्थी १ : गुरु ज्ञानका ज्योति हुन् ।

विद्यार्थी २ : गुरुबाट ज्ञान पाएपछि जन्मिएको वास्तविक अर्थ बुझ्न सकिन्छ ।

(ङ) विद्यार्थीलाई शिक्षकले पहिले नै तयार पारेका छोटा छोटा बोध प्रश्न सोधी तिनका उत्तर भन्न लगाउनुहोस् । जस्तै :

१. गुरुलाई किन ज्ञानको ज्योति भनिएको हो ?

२. त्यागले के गर्छ ?

३. गुरुले कसरी मूर्ति निर्माण गर्दछ ?

४. धर्तीले के देखेर शिर झुकाउँछ ?

५. गुरुका मनमा चोट परे के हुन्छ ?

६. गुरुका आँखामा आँसु देखिए के हुन्छ ?

७. गुरु र शिष्यका बिच मन नमिले के हुन्छ ?

८. गुरुलाई किन सृष्टिको कथा भनिएको हो ?

९. गुरुलाई किन माझी भनिएको हो ?

१०. किन यात्रीलाई सम्झनुपर्छ ?

(च) विद्यार्थीले दिएको उत्तरलाई आधार बनाउँदै शिक्षकले समग्र कविताको भाव बताइदिनुहोस् । यस क्रममा पाठको अभ्यास २ का प्रश्नका उत्तर पनि भन्न लगाउनुहोस् । कविताको भाव स्पष्ट भएपछि भाव लेख्न लगाउनुहोस् । आवश्यक परे शिक्षकले कविताको भाव नमुना पनि देखाइदिनुहोस् । जस्तै : पहिलो श्लोकको भाव

गुरुमा ज्ञान हुन्छ र त्यो चम्किरहन्छ । चम्किलो ज्ञानले अरूलाई आकर्षित गर्छ । मानिसले जन्मेपछि ज्ञानगुण लिनुपर्छ । त्यस्तो ज्ञान पाएपछि अज्ञान हट्ने भएकाले मानिसको जन्म सार्थक हुन्छ । गुरुले दिने ज्ञान हरेक शिष्यमा सर्छ । शिष्यमा ज्ञान सार्नु गुरुको त्याग हो । यसले शिष्यको अज्ञानरूपी मनलाई पनि प्रकाशमय तुल्याउन सक्छ ।

(छ) कविताका पदावली वा पङ्क्तिलाई आधार बनाई किन यस्तो भएको ? भन्ने प्रश्न सोध्दा विद्यार्थीले कविताको भाव सङ्केत गर्न सक्ने भएकाले त्यस्ता क्रियाकलाप पनि गराउनुहोस् । यस्ता क्रियाकलापबाट कविताको समग्र भाव र श्लोक श्लोकको भाव भन्न तथा लेख्न लगाउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) विभिन्न प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

जस्तै : - गुरु कवितामा भनिएका मुख्य पाँच कुरा के के हुन् ?

- गुरु कविताको अन्तिम श्लोकमा के भनिएको छ ?

- गुरु कविताको मुख्य भाव के हो ?

५. **गृहकार्य**

अभ्यासको प्रश्न नं. ४ गर्न लगाउनुहोस् ।

पाठ्यवस्तु : **व्याख्या/भाव विस्तार** *घन्टी : २*

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू विशिष्ट पङ्क्तिको व्याख्या/भाव विस्तार गर्न सक्षम हुने छन् ।

२. **शैक्षिक सामग्री**

गुरु कविताका विशिष्ट पङ्क्तिको सूची, व्याख्याको नमुना

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीलाई गुरु कविता मौन वाचन गर्न लगाउनुहोस् र आफूले अर्थ बताउन नसक्ने वा आफूलाई विशिष्ट लागेका पङ्क्ति टिप्न लगाउनुहोस् । विद्यार्थीले टिपेका पङ्क्तिलाई शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।

(ख) विद्यार्थीलाई व्याख्या गर्दा आवश्यक पर्ने निम्न लिखित पक्षका बारेमा जानकारी गराउनुहोस् :

- पाठको शीर्षक
- रचनाकार (कवि)
- दिइएका पङ्क्तिको सार
- पङ्क्तिको भावको विस्तार वा व्याख्या

(ग) उल्लिखित पक्षको छलफलपछि पहिले व्याख्याका नमुना देखाउनुहोस् । निम्नानुसार व्याख्या वा भाव विस्तार गराउनुहोस् :

चरण १ : विशिष्ट पङ्क्ति शैक्षणिक पाटीमा लेख्ने

चरण २ : विद्यार्थीलाई विशिष्ट पङ्क्ति राम्रोसँग पढ्न लगाउने

चरण ३ : कक्षाका १० जना जति विद्यार्थीलाई भग्न क्रममा उठाएर पङ्क्तिबाट आफूले बुझेका कुरा भन्न लगाउने, एउटाले भनेका कुरा अर्कोलाई दोहोऱ्याउन नदिने

चरण ४ : विद्यार्थीले भनेका कुरा आवश्यक परिमार्जनसहित शैक्षणिक पाटीमा लेखिदिने

चरण ५ : विद्यार्थीले भनेका कुरालाई मिलाएर लगभग १५० शब्द जतिमा पङ्क्तिको व्याख्या, भाव विस्तार लेखिदिने र सार्न लगाउने, जस्तै :

**चरण १ :** उनी हुन् रविका छाया उज्यालो नित्य छर्दछन्
मान्छे मानवका बन मानव भन्दछन् ।

**चरण २ :** विद्यार्थीलाई पङ्क्ति बुझेर पढ्न लगाउने ।

**चरण ३/४**

विद्यार्थी १ : देवी नेपालद्वारा लेखिएको गुरु कवितामा गुरुको महिमा गान गरिएको छ । उनका अनुसार गुरु उज्यालो दिने सूर्य जस्तै हुन् ।

विद्यार्थी २ : सूर्यले सधैँ उज्यालो दिए जस्तै गुरुले पनि सधैँ ज्ञान दिइरहन्छन् ।

विद्यार्थी ३ : सूर्य उज्यालोको पिण्ड हो भने गुरु ज्ञानका पुञ्ज वा ज्ञानका सागर हुन् ।

विद्यार्थी ४ : गुरुमा ज्ञानको मुहान नै हुन्छ ।

विद्यार्थी ५ : गुरुले मानवलाई साँचो मानव बन्न सिकाउँछन् ।

विद्यार्थी ६ : मानव भनेको मानवीय गुण सिप भएको नैतिकवान र चेतनशील प्राणी हो । गुरुले सबैलाई यस्तै बन्न सिकाउँछन् ।

विद्यार्थी ७ : मान्छेले मानवता गुमाएका कारण ऊ मानिसहरूबिचमा मानिस बन्न सकेको छैन ।

विद्यार्थी ८ : गुरुले शिष्यलाई मानवीय गुण सिकाउँछन् र जीवनमा काम गर्न सक्षम बनाउँछन् ।

विद्यार्थी ९ : गुरुबाट पाठ सिकेर हामी मान्छे बन्नुपर्छ र मान्छेकै लागि काम गर्नुपर्छ ।

विद्यार्थी १०: असल गुरुले असल शिष्य बनाउँछन् । असल शिष्य असल मानिस हुन् ।

**चरण ५ :** देवी नेपालद्वारा लेखिएको गुरु कवितामा गुरुको महिमा गान गरिएको छ । उनका अनुसार गुरु उज्यालो दिने सूर्य जस्तै हुन् । सूर्यले सधैँ उज्यालो दिए जस्तै गुरुले पनि सधैँ ज्ञान दिइरहन्छन् । सूर्य उज्यालोको पिण्ड हो भने गुरु ज्ञानका पुञ्ज वा ज्ञानका सागर हुन् । गुरुमा ज्ञानको मुहान नै हुन्छ । गुरुले मानवलाई साँचो मानव बन्न सिकाउँछन् । मानव भनेको मानवीय गुण सिप भएको नैतिकवान र चेतनशील प्राणी हो । गुरुले सबैलाई यस्तै बन्न सिकाउँछन् । मान्छेले मानवता गुमाएका कारण ऊ मानिसहरूबिचमा मानिस बन्न सकेको छैन । गुरुले शिष्यलाई मानवीय गुण सिकाउँछन् र जीवनमा काम गर्न सक्षम बनाउँछन् । गुरुबाट पाठ सिकेर हामी मान्छे बन्नुपर्छ र मान्छेकै लागि काम गर्नुपर्छ । असल गुरुले असल शिष्य बनाउँछन् । असल शिष्य असल मानिस हुन् ।

(घ) यसैगरी अन्य विशिष्ट पङ्क्तिको पनि व्याख्या/भाव विस्तार गराउनुहोस् । शैली व्याख्या र वस्तु व्याख्या गरी व्याख्या दुई प्रकारका हुन्छन् । यस तहमा वस्तु व्याख्या मात्र गराइन्छ । वस्तु व्याख्या भनेको विषयवस्तु विस्तार गर्नु हो । यस तहमा व्याख्या र भाव विस्तारलाई एकै रूपमा लिइएको हुन्छ ।

४. **मूल्याङ्कन**

(क) तलका पङ्क्तिको व्याख्या गर्न लगाउनुहोस् : (यो मूल्याङ्कन क्रियाकलाप कक्षाकार्यका रूपमा गराउनुहोस् ।)

माझी हो भै ढल्छ, ढुङ्गा डुब्छ कुनै दिन
सम्झिनै पर्छ यात्रीले दियो सुन्दर जीवन

५. **गृहकार्य**

कुनै पङ्क्ति दिई व्याख्या गर्न लगाउनुहोस् ।

पाठ्यवस्तु : **कार्यमूलक व्याकरण (नाम र वर्तमान काल)** *घन्टी १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) नाम शब्दको उदाहरण सहित परिचय दिन

(ख) वर्तमान कालका क्रियापदहरूको प्रयोग गरी वाक्यहरू बनाउन

२. **शैक्षिक सामग्री**

शब्द पत्ती, वाक्य पत्ती, गोजी तालिका

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीलाई आफ्नो कक्षाकोठामा भएका विभिन्न नाम भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गरिदिनुहोस् ।

(ख) शब्द पत्तीको प्रयोग गर्दै नामका बारेमा विभिन्न उदाहरण दिई प्रस्ट पारिदिनुहोस् ।

(ग) पाठमा प्रयोग भएका नाम शब्दहरू टिपोट गर्न लगाउनुहोस् र तिनलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(घ) वर्तमान कालका विभिन्न उदाहरणहरू प्रस्तुत गरी वर्तमान कालको धारणा प्रस्ट पार्ने गरी वर्तमान कालका क्रियापदको प्रयोग गरी वाक्य निर्माण गर्न लगाउनुहोस् र विद्यार्थीबाटै पृष्ठपोषण प्राप्त गराउनुहोस् ।

५. **मूल्याङ्कन**

(क) कविता पढी नाम शब्दहरू टिप्न लगाउनुहोस् ।

(ख) वर्तमान कालका क्रियापदहरूको प्रयोग गरी वाक्यहरू बनाउन लगाउनुहोस् ।

५. **गृहकार्य**

अभ्यास १५ देखि १७ सम्म गर्न लगाउनुहोस् ।

पाठ्यवस्तु : **कविता लेखन**

घन्टी : २

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू छोटा कविता लेखन कार्य गर्न सक्षम हुने छन् ।

२. **शैक्षिक सामग्री**

गद्य तथा पद्य कविताका नमुना, अनुष्टुप छन्दका केही कविता

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) कविता लेखनका बारेमा कक्षामा छलफल गर्नुहोस् । कुनै विद्यार्थीले कविता लेखेको भए सुनाउन लगाउनुहोस् ।

(ख) कविता लेखन अभ्यासका लागि निम्नानुसारका तरिका अपनाउनुहोस् :

(अ) अनुलेखन

गुरु वा अनुष्टुप छन्दका अरू कुनै कविता फलाटिन पाटीमा बनाउन लगाउनुहोस् ।
जस्तै : गुरुका मनमा चोट परे हिमाल झुक्दछ ।
गुरुका नेत्रमा आँसु देखे समुद्र सुक्दछ ।

**अनुलेखन**

मित्रका साथको ज्ञान मित्रकै लागि मर्दछ ।

आफूभित्र पसे ज्ञान अज्ञान मुनि पर्दछ । (छन्द ख्याल नगरी लय ख्याल गर्ने ।

(आ) शब्द दिई कविता लेख्न लगाउने

तलका शब्द मिलाएर कविता बनाऊ :

म, बचाउने, देख्छु, बाँचेर, अर्कोलाई, अन्न, ल्याउने, सपना, नौलो, आफू, धर्तीमा, ऐश्वर्य

**कविता**

म नौलो सपना देख्छु अन्न ऐश्वर्य ल्याउने
आफू बाँचेर धर्तीमा अर्कोलाई बचाउने

(इ) खाली ठाउँ भरेर कविता बनाउने

पाठको सिर्जनात्मक अभ्यासको १८ गर्न लगाउनुहोस् ।

(ई) पट्याउने कविता

१. कक्षालाई आवश्यकताअनुसार चार समूहमा विभाजन गर्नुहोस् र प्रत्येक समूहको नेता चयन गर्नुहोस् ।

२. प्रत्येक समूहलाई एक एक पेज खाली कागज दिनुहोस् र कविता लेख्ने तयारी गराउनुहोस् ।

३. एउटा शीर्षक दिई टोली नेतालाई शीर्षक र एक हरफ कविता लेख्न लगाउनुहोस् ।

४. समूहको अर्को विद्यार्थीलाई पहिलेको हरफ हेरी अर्को एक हरफ लेख्न लगाउनुहोस् । सुरुको हरफ पढ्न नमिल्ने गरी पछाडिपट्टि पट्याएर आफूले लेखेको मात्र हेर्न मिल्ने गरी अर्को साथीलाई दिन लगाउनुहोस् ।

५. अर्को विद्यार्थीलाई पनि ४ नं. कै प्रक्रिया दोहोऱ्याउन लगाउनुहोस् र समूहका सबैलाई कविता लेख्ने प्रक्रियामा संलग्न गराउनुहोस् ।

६. अन्त्यमा प्रत्येक समूहका कविता समूह नेतालाई वाचन गर्न लगाउनुहोस् र कक्षाका भित्तामा वा प्रदर्शन पाटीमा टाँस्न लगाउनुहोस् ।

७. कविताको मूल्याङ्कन गरी प्रथम, द्वितीय छुट्याइदिनुहोस् । यो क्रियाकलाप स्वतन्त्र रूपमा पनि गराउन सकिन्छ ।

(उ) स्वतन्त्र कविता लेखन

विभिन्न शीर्षक दिई कविता लेख्न लगाउनुहोस् र मूल्याङ्कन गरिदिनुहोस् ।

४. **मूल्याङ्कन**

सिर्जनात्मक अभ्यासको १९ नं. गराउनुहोस् ।

५. **गृहकार्य**

(क) आफूलाई मन पर्ने कुनै एउटा कविता लेख्न लगाउनुहोस् ।

पाठ
२

# युक्तिसामु शक्ति टिक्दैन

*अनुमानित घन्टी : ९*

| विषयवस्तु | घन्टी |
|---|---|
| १. सस्वर वाचन र शुद्धोच्चारण | १ |
| २. शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. बोध प्रश्नोत्तर | २ |
| ४. व्याख्या/भाव विस्तार | २ |
| ५. वर्ण विन्यास | १ |
| ६. कार्यमूलक व्याकरण | १ |
| ७. घटना वर्णन र कथा लेखन | १ |

पाठ्यवस्तु : **सस्वर वाचन र शुद्धोच्चारण** *घन्टी : १*

१. **उद्देश्य**

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'युक्तिसामु शक्ति टिक्दैन' कथाका निर्दिष्ट अनुच्छेदहरूको गति, यति मिलाई सस्वर वाचन गर्न

(ख) कठिन शब्दहरूको शुद्धोच्चारण गर्न

२. **शैक्षिक सामग्री**

टेपरिकर्डर, सस्वर वाचनका लागि अनुच्छेदका नमुनाहरू, उच्चारणका दृष्टिले कठिन शब्दहरूको सूची, शब्द पत्ती

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) शिक्षकले विद्यार्थीहरूलाई प्रस्तुत पाठप्रति आकर्षित गर्न त्यसका बारेमा छोटो परिचय दिनुहोस् र आजको पाठमा के के काम गर्नुपर्छ, त्यसबारे पनि बताउनुहोस् ।

(ख) शिक्षकले विद्यार्थीहरूको बौद्धिक क्षमता, भाषिक पृष्ठभूमि आदिको ख्याल गरी पाठका केही अनुच्छेदहरू छान्नुहोस् । तिनको सस्वर वाचन गरी विद्यार्थीहरूलाई सुनाउनुहोस् । उदाहरणका लागि यस कथाबाट सुरुका केही अनुच्छेदहरू लिन सकिन्छ । घरबाटै टेपमा भरेर ल्याउनु भएको छ भने आवश्यकता हेरी टेपरिकर्डबाट मात्र वा आफूले समेत सस्वर वाचनको नमुना प्रस्तुत गर्नुहोस् । त्यसो गर्दा विद्यार्थीहरूलाई सम्बन्धित अनुच्छेदहरू आफ्ना पुस्तकमा ध्यान दिएर हेर्न

र सचेत भएर सुन्न लगाउनुहोस् ।

(ग) आफ्नो प्रस्तुतिपछि शिक्षकले मध्यम र कमजोर विद्यार्थीहरूमध्ये २/३ जनालाई उक्त अनुच्छेद पढी सुनाउन लगाउनुहोस् । विद्यार्थीहरूले गरेको त्रुटिका मात्रा हेरी एक पटक नमुना प्रस्तुति दोहोऱ्याउनुहोस् ।

(घ) कक्षालाई ससाना समूहमा विभाजन गर्नुहोस् । निर्दिष्ट अनुच्छेदहरूको गति, यति मिलाएर विद्यार्थीहरूलाई सस्वर वाचनको अभ्यास गराउनुहोस् ।

(ङ) सस्वर वाचनका क्रममा कमजोर देखिएका विद्यार्थीहरूलाई शब्द, पदावली, वाक्य अनि अनुच्छेद गर्दै थप अभ्यास गराउनुहोस् ।

(च) शिक्षकले पाठमा प्रयोग भएका उच्चारणका दृष्टिले कठिन शब्दहरूको सूची प्रस्तुत गर्दै त्यस्ता शब्दहरूको शुद्धोच्चारण गरेर नमुना प्रदर्शन गर्नुहोस् । जस्तै :

चतुर्दन्त, व्याकुल, सङ्कट, जुरुक्क, चरा चुरुङ्गी, कहिल्यै, दरबार

(छ) तपाईँले प्रस्तुत गर्नुभएको नमुनाका आधारमा केही विद्यार्थीहरूलाई पनि उच्चारण गर्न लगाउनुहोस् ।

(ज) विद्यार्थीहरूलाई पाठको अभ्यास ११ मा दिइएका शब्दहरू समेतको उच्चारण गर्न लगाउनुहोस् ।

(झ) उच्चारणको पर्याप्त मौखिक अभ्यास गराइसकेपछि अन्य मातृभाषी विद्यार्थीहरूमा उच्चारण सम्बन्धी कुनै कठिनाइ भए तिनमा मात्र केन्द्रित भई थप अभ्यास गराउनुहोस् ।

(ञ) शब्द पत्तीमा तयार पारेर ल्याउनुभएका शब्दहरूलाई गोजी तालिकामा प्रस्तुत गर्दै उच्चारण गर्न लगाउनुहोस् र शुद्धोच्चारण नगरे थप अभ्यास गराउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) पाठको आठौँ र नवौँ अनुच्छेद गति, यति मिलाएर सस्वर वाचन गर्न लगाउनुहोस् ।

(ख) तल दिइएका शब्दहरूको शुद्ध उच्चारण गर्न निर्देशन गर्नुहोस् :

वृत्तान्त, खडेरी, भौतारिन्थे, प्याकप्याक्ती, युक्ति, निर्धक्क, पूर्णिमा, लम्बकर्ण, लत्याउँदै

५. **गृहकार्य**

यस पाठबाट विद्यार्थीहरूलाई उच्चारण गर्न अप्ठ्यारा लागेका शब्दहरू छानी तिनको शुद्धोच्चारणको अभ्यास गरी आउन निर्देशन दिनुहोस् ।

पाठ्यवस्तु : **शब्दार्थ र वाक्यमा प्रयोग** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) पाठका कठिन शब्दहरूको अर्थ बताउन

(ख) पाठका कठिन शब्दहरूलाई वाक्यमा प्रयोग गर्न

२. **शैक्षिक सामग्री**

शब्द पत्ती, शब्दार्थ पत्ती, वाक्यपत्ती, गोजी तालिका, फलाटिन पाटी

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) शिक्षकले विद्यार्थीहरूको सहयोग लिई पाठबाट उनीहरूलाई कठिन लागेका शब्दहरू सङ्कलन गर्न लगाउनुहोस् । पाठमै अर्थ दिइएका शब्दहरूको अर्थ सम्बन्धित पृष्ठमै खोज्न लगाउनुहोस् र यी बाहेक अन्य शब्दहरूको अर्थ नआए बताइदिनुहोस् ।

(ख) पाठका कठिन शब्दहरूलाई वाक्यमा प्रयोग गर्ने अभ्याससमेत गराउनुहोस् । जस्तै : बथान, वृत्तान्त, खडेरी, तलाउ, व्याकुल, हिम्मत, लुरुलुरु, जुँगामा ताउ लाउनु, अभिभावक, झिलीमिली, बुरुकबुरुक, जऱ्याकजुरुक ।

(ग) शब्दको अर्थ बताउँदा र वाक्यमा प्रयोग सिकाउँदा पहिले विद्यार्थीहरूबाटै उत्तर खोज्नुहोस् । यदि उनीहरूले ठिक उत्तर दिन सकेनन् भने आफूले अर्थपत्ती र वाक्यत्तीको सहयोग लिएर शब्दको अर्थ र प्रयोगको अभ्यास गराउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) तलका जस्ता शब्दको अर्थ सोध्नुहोस् :

मकुना, वृत्तान्त, खडेरी, पर्याप्त, विश्राम गर्नु, सङ्लो, छावा, जल विहार

(ख) तलका जस्ता शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

दुर्व्यवहार, ओठ लेप्र्याउनु, घाँसपात, अत्याचार, जुरुक्क, उजाड, झलक्क

५. **गृहकार्य**

पाठको अभ्यास ७, ८ र ९ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

**पाठ्यवस्तु : बोध प्रश्नोत्तर** *घन्टी : २*

१. **उद्देश्य**

**यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) 'युक्तिसामु शक्ति टिक्दैन' कथाका निर्धारित अनुच्छेदहरू पढी बोधात्मक प्रश्नहरूको उत्तर दिन

(ख) पढेका अनुच्छेदका मुख्य मुख्य कुरा भन्न र टिप्न

(ग) अनुच्छेदहरूमा आधारित घटनाहरूको क्रम मिलाउन

२. **शिक्षण सामग्री**

प्रश्नहरूको सूची, पाठका मुख्य मुख्य घटनाको सूची, फलाटिन पाटी

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) सबैभन्दा पहिले शिक्षकले उपयुक्त अनुच्छेदहरूको छनोट गरी विद्यार्थीहरूलाई तिनको मौन पठन गर्न लगाउनुहोस् । विद्यार्थीहरूले मौन पठन गरे नगरेको निरीक्षण गर्नुहोस् र आवश्यक सुझावसमेत दिनुहोस् । उदाहरणका लागि प्रस्तुत कथाका सुरुका दुई अनुच्छेदलाई नमुनाका रूपमा लिऔँ र बोध क्रियाकलाप गराऔँ ।

(ख) मौन पठन सकिएपछि बोध प्रश्नहरूको सूची कालोपाटी वा फलाटिन पाटीमा प्रस्तुत गर्दै विद्यार्थीहरूलाई हरेक प्रश्नको उत्तर पालैपालो भन्न लगाउनुहोस् । जस्तै :

१. हात्तीहरूको बथानमा कस्ता कस्ता किसिमका हात्तीहरू थिए ?

२. बथानको नाइके को थियो ?

३. चतुर्दन्त कसको नाम थियो ?

४. चतुर्दन्तले के के गर्थ्यो ?

५. हात्तीहरूले चतुर्दन्तलाई के सुनाउँथे ?

६. जङ्गलका रुखपात के कारणले सुक्न थाले ?

७. हात्तीहरू केका लागि चारैतिर भौतारिन्थे ?

८. हात्तीहरू निराश हुनुका कारणहरू के थिए ?

(ग) विद्यार्थीहरूबाट प्राप्त उत्तर ठिक भए ठिक भनिदिनुहोस् र ठिक नभए तिनको सुधार गर्दै उत्तर भनिदिनुहोस् । मौखिक प्रश्नोत्तर सकिएपछि तिनलाई लिखित रूप पनि दिनुहोस् ।

(घ) उपर्युक्त अनुच्छेदबाट मुख्य मुख्य कुरा विद्यार्थीहरूसँग सोध्नुहोस् । उनीहरूले राम्ररी भन्न नसके त्यसको सार सङ्क्षेप आफूले भनिदिनुहोस् ।

(ङ) आफूले तयार पारेर ल्याएको कथाको उपर्युक्त दुई अनुच्छेद र अन्य निर्धारित अनुच्छेदका मुख्य मुख्य घटनाहरूको सूची तल माथि पारी कालोपाटी वा फलाटिन पाटीमा प्रस्तुत गर्दै घटनाहरूको क्रम मिलाउन लगाउनुहोस् । जस्तै :

१. कुनै जङ्गलमा हात्तीहरूको बथान हुनु

२. त्यस बथानमा  मत्ता, ढोई, मकुना र छावा गरी धेरै हात्तीहरू हुनु

३. बथानको नाइके ठुलो मत्ता हात्तीको चार ओटा दाँत भएकाले चतुर्दन्त नाम हुनु

४. चतुर्दन्तले आफ्नो बथानको हेरचाह गर्नु र कुनै बाधा आए सामाधान निकाल्नु

५. सबै हात्तीहरू चतुर्दन्तको आदेश र अनुशासनमा बस्नु

६. ठुलो सिमलको रुखमुनि बस्ने चतुर्दन्तलाई हात्तीहरूले दिनभरिको वृत्तान्त सुनाउनु

७. लामो समयसम्म खडेरी पर्नाले जङ्गलका रुखपात सुक्न थाल्नु

८. यसबाट खोलानालामा पानी घट्न थाल्नु र सुख्खा भई वनको हरियाली हराउनु

९. हात्तीको बथान खाने घाँसपात र पिउने पानी खोज्दै चारैतिर भौतारिनु र नपाउँदा निराश हुनु

(च) माथि दिइएका बुँदाहरूलाई छ्यासमिस गरी कालोपाटी वा फलाटिन पाटीमा प्रस्तुत गर्दै विद्यार्थीहरूलाई तिनको क्रम मिलाउन लगाउनुहोस् । जस्तै :

१. चतुर्दन्तले आफ्नो बथानको हेरचाह गर्‍यो र कुनै बाधा आए समाधान निकाल्थ्यो ।

२. कुनै जङ्गलमा हात्तीहरूको बथान थियो ।

३. बथानको नाइके ठुलो मत्ता हात्तीका चार ओटा दाँत भएकाले चतुर्दन्त नाम थियो ।

४. त्यस बथानमा मत्ता, ढोई, मकुना र छावा गरी धेरै हात्तीहरू थिए ।

५. सबै हात्तीहरू चतुर्दन्तको आदेश र अनुशासनमा बस्थे ।

४. **मूल्याङ्कन**

कक्षा क्रियाकलापका आधारमा नै मूल्याङ्कन गर्नुहोस् ।

५. **गृहकार्य**

(क) पाठको तेस्रो अनुच्छेद पढी मुख्य मुख्य कुराहरू टिपेर ल्याउन लगाउनुहोस् ।

(ख) पाठको अभ्यासको प्रश्न नं. १, ३, ४ को उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् र सोधपुछ गरिदिनुहोस् ।

पाठ्यवस्तु : **व्याख्या/भाव विस्तार** *घन्टी : २*

१. **उद्देश्य**

यस पाठको अन्त्यमा विद्यार्थीहरू पाठका विशिष्ट पङ्क्तिको व्याख्या/भाव विस्तार गर्न सक्षम हुने छन् ।

२. **शिक्षण सामग्री**

विशिष्ट पङ्क्तिको नमुना, भाव विस्तारको लागि बुँदाहरूको सूची, फलाटिन पाटी

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) सबैभन्दा पहिले शिक्षकले आफूले छानेर ल्याएको विशिष्ट पङ्क्तिको नमुना देखाउनुहोस् र त्यस पङ्क्तिको व्याख्या/भाव विस्तारका लागि आवश्यक बुँदाका बारेमा विद्यार्थीहरूसँग छलफल टिपोट समेत गर्दै जानुहोस् । उदाहरणका लागि"पर्याप्त घाँसपात र कहिल्यै पानी नसुक्ने तलाउ वा नदी भएको ठाउँ नखोजी पुरानो बास छोड्नु हुँदैन" लिनुहोस् । यस पङ्क्तिमा आधारित बुँदाहरू निम्नानुसार हुन सक्छन् :

१. स्थान परिवर्तन गर्दा विचार पुऱ्याउनुपर्ने

२. आवश्यक कुराहरू नखोजी बसाइँ सर्न नहुने

३. बसाइँ सर्नुभन्दा पहिले त्यस ठाउँको वातावरण राम्ररी बुझ्नुपर्ने

४. पुरानो ठाउँलाई चटक्कै छाड्नु नहुने

५. सम्पूर्ण प्राणी जगतका लागि पानीको ठुलो महत्त्व हुने

६. आवेगमा आएर कुनै पनि निर्णय गर्न नहुने

(ख) शिक्षकले भाव विस्तारको नमुना प्रस्तुत गर्दै विद्यार्थीहरूलाई माथि दिइएका वा उनीहरू आफैँले तयार पारेका बुँदाहरूका आधारमा उल्लिखित विशिष्ट पङ्क्तिको भाव विस्तार गर्न लगाउनुहोस् ।

(ग) विद्यार्थीहरूले तयार पारेका भाव विस्तारमध्ये केहीलाई कक्षामै प्रस्तुत गर्न लगाई आवश्यकताअनुसार सुधार गरिदिनुहोस् ।

(घ) भाव विस्तार शिक्षण गर्दा कमजोर प्रकृतिका विद्यार्थीहरूप्रति विशेष ख्याल गर्नुहोस् । पहिले उनीहरूलाई मौखिक रूपमा भाव विस्तार गर्न लगाउनुहोस् । अनि मात्रै लिखित रूपमा प्रस्तुत गर्न लगाउनुहोस् ।

(ङ) प्रस्तुत कथाबाट अन्य विशिष्ट पङ्क्ति पनि खोज्न लगाउनुहोस् । प्रस्तुत कथामा निम्न लिखित पङ्क्तिहरू पनि विशिष्ट हुन सक्छन् । जस्तै :

१. पानी नभएको यस जङ्गलमा हाम्रो प्राण बाँच्न कठिन छ ।

२. युक्तिसामु शक्ति टिक्दैन ।

४. **मूल्याङ्कन**

कक्षा क्रियाकलापकै आधारमा मूल्याङ्कन गर्नुहोस् ।

५. **गृहकार्य**

'युक्तिसामु शक्ति टिक्दैन' यस भनाइलाई कथाका आधारमा भाव विस्तार गरेर ल्याउन लगाउनुहोस् ।

पाठ्यवस्तु : **वर्ण विन्यास** *घन्टी : १*

१. **उद्‌देश्य**

**यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) कठिन शब्दहरूको शुद्‌ध वर्ण विन्यास पहिल्याउन

(ख) वाक्यमा प्रयुक्त शब्दहरूमा ठिक ठिक वर्ण विन्यास प्रयोग गर्न

२. **शैक्षिक सामग्री**

शब्द पत्ती, शब्दहरूको सूची

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) वर्ण विन्यास नमिलेका शब्दहरूको सूची प्रस्तुत गर्दै त्यस्ता शब्दहरूको पालैपालो शुद्‌ध रूप पहिल्याउन लगाई कापीमा लेख्न लगाउनुहोस् । त्यस्ता शब्दहरूको वर्ण विन्यासको खास नियमसँग आवद्‌ध भई त्यसलाई स्पष्ट पारेर विद्यार्थीहरूबाट थप उदाहरण पनि माग्नुहोस् । जस्तै : अनुसासन, व्रित्तान्त, दाई, सुनाउथ्यो, दतार, पुर्णिमा, मिर्ग आदि ।

(ख) खाली ठाउँ भएका केही वाक्यहरू दिई शुद्‌ध शब्द छानी वाक्य पुरा गर्न लगाउनुहोस् । जस्तै :

१. हामीले अरूलाई ...........गर्नु हुँदैन । (दूरव्यवहार, दुर्व्यवहार, दुर्बेववार)

२. सबै हामीले ................गरे । (जलविहार, जलबिहार, जल्बिहार)

३. यही जङ्गलमा ............ सर्नु राम्रो हुन्छ । (बसाइ, बशाइँ, बसाइँ)

४. चरा चुरुङ्गीको .............. आवाज सुनियो । (चिरबिर, चिरविर, चीरबीर)

५. चौरमा छावा ..................... खेल्थे । ( लडिबुडि, लडीबुडी, लडीबुँडी)

(ग) पाठमा प्रयुक्त केही शब्दहरूलाई श्रुति लेखन गर्न लगाई शुद्ध वर्ण विन्यास प्रयोग गरे वा नगरेको हेरिदिनुहोस् । जस्तै : बस्थ्यो, हिँड्डुल, गर्दैनथ्यो, दारा, निराश, सङ्कट, जुरुक्क, पैँतालिस, नछिप्पिदैँ, चतुर्दन्त, लडीबुडी आदि ।

(घ) वर्ण विन्यास त्रुटिका कारणहरूमध्ये ध्यान दिएर पाठ नपढ्नु पनि हो । यसका लागि शुद्ध उच्चारण र ध्यानपूर्वक मौन पठन आवश्यक हुन्छ भन्ने कुरा विद्यार्थीहरूलाई बताउनुहोस् र शब्दहरूको श्रुति लेखनको अभ्यास गराउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) पाठबाट केही अशुद्ध शब्द वा वाक्य दिई शुद्ध गर्न लगाउनुहोस् ।

(ख) पाठको अभ्यास १२ गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

(क) पाठबाट चन्द्रविन्दु ( ँ) प्रयोग भएका कुनै दस ओटा शब्द टिपेर ल्याउन निर्देशन दिनुहोस् ।

(ख) पाठको पहिलो अनुच्छेदबाट ह्रस्व वा दीर्घ उकार ( ु, ू) प्रयोग भएका शब्दहरू टिपेर ल्याउन निर्देशन गर्नुहोस् ।

पाठ्यवस्तु : **कार्यमूलक व्याकरण (सर्वनाम)** घन्टी : १

१. **उद्देश्य**

**यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यमा सक्षम हुने छन् :**

(क) सर्वनाम शब्दको पहिचान गर्न

(ख) सर्वनाम शब्द राखी वाक्य बनाउन

२. **शैक्षिक सामग्री**

सर्वनामको तालिका, सर्वनामको शब्दपत्ती, वाक्यपत्ती

३. **शिक्षण क्रियाकलाप**

(क) सबैभन्दा पहिला कालोपाटी वा फलाटिन पाटीमा सर्वनाम प्रयोग भएका वाक्यहरू देखाई विद्यार्थीहरूलाई ती कस्ता शब्द हुन् भनेर सोध्नुहोस् । जस्तै :

१. **तिमी** के गर्छौ ?
२. **म** कक्षा ६ मा पढ्छु ।
३. **ऊ** के गर्छ ?
४. **ऊ** पनि हामीसँगै पढ्छ ।
५. तपाईं पनि उनीहरूसँग पढ्नुहोस् ।
६. उहाँ मेरो गुरु हुनुहुन्छ ।
७. उनी घरमै बस्छिन् ।

(ख) माथिका वाक्यहरूमा रेखाङ्कित शब्दहरू सर्वनाम हुन् भन्ने कुरा बताउँदै नामको सट्टा प्रयोग हुने शब्द नै सर्वनाम हो भन्ने कुरा स्पष्ट पारिदिनुहोस् ।

(ग) विद्यार्थीहरूलाई पाठबाट सर्वनाम शब्द प्रयोग भएका वाक्य भन्न लगाई कालोपाटीमा टिप्नुहोस् र सर्वनामको प्रयोग उपयुक्त भए नभएका सम्बन्धमा विद्यार्थीहरूबिच नै छलफल गराउनुहोस् ।

(घ) खाली ठाउँ भएका वाक्यहरू दिई विद्यार्थीहरूलाई उपयुक्त सर्वनाम शब्द भर्न लगाउनुहोस् । जस्तै :

| | |
|---|---|
| १. ............ पाठ पढ्छु । | २. .............. नेपाली हौँ । |
| ३. ............ कक्षा ६ मा पढ्छौ । | ४. ........... प्रथम भयौ । |
| ५. .......... फुटबल खेल्छन् । | |

(ङ) पाठको अन्तिमभन्दा अघिल्लो अनुच्छेद पढेर सर्वनाम शब्द टिप्न लगाउनुहोस् । ती सर्वनाम कुन कुन नामका लागि प्रयोग भएका हुन् टिपोट गराउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) पाठको पहिलो र तेस्रो अनुच्छेदबाट सर्वनाम शब्द खोजी टिप्न लगाउनुहोस् ।

(ख) तलका सर्वनाम शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

ऊ, म, हामी, के, को, आफू, जुन, तपाईँ, उहाँ, तिमीहरू

५. **गृहकार्य**

पाठको अभ्यास १४ देखि १७ गरेर ल्याउन निर्देशन दिनुहोस्

## पाठ्यवस्तु : **घटना वर्णन र कथा लेखन** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्यमा सक्षम हुने छन् :**

(क) दिइएको शीर्षक, घटना वा बुँदाहरूका आधारमा कथाको रचना गर्न

(ख) पठित कथाका आधारमा कथा लेख्न

२. **शैक्षिक सामग्री**

कथाका शीर्षकहरूको सूची, कथाका घटना वा बुँदाहरू, कथाका नमुनाहरू, बाल पत्रिकाहरू, फलाटिन पाटी

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) शिक्षकले कुनै घटना वा बुँदाहरू दिई त्यस्ता घटना वा बुँदाहरूलाई कथाका रूपमा कसरी प्रस्तुत गर्न सकिन्छ भन्ने विषयमा विद्यार्थीहरूसँग छलफल गर्नुहोस् ।

(ख) शिक्षकले केही शीर्षकहरू दिई कथा लेखन कसरी गर्ने भन्ने कुरा बताउनुहोस् । यसका लागि शीर्षकहरूको सूची फलाटिन पाटीमा प्रस्तुत गर्नुहोस् र त्यसैअनुसार तयार पारेर ल्याएको नमुना कथा पनि प्रस्तुत गर्नुहोस् ।

(ग) कक्षा ६ का विद्यार्थीहरूलाई धेरै लामा कथा लेखनको अभ्यास नगराई छोटा छोटा कथाहरूको लेखन अभ्यास गराउनुहोस् ।

(घ) कथाको शीर्षक उपयुक्त होस् भन्ने कुरामा विचार पुऱ्याई कक्षामा कथाका शीर्षकहरू र नमुना कथाहरू प्रस्तुत गर्नुहोस् । नमुना कथाका लागि 'मुना' बाल कोसेली वा त्यस्तै कुनै बाल पत्रिकामा छापिएका कथाहरू प्रस्तुत गर्नुहोस् ।

(ङ) शिक्षकले कथाका बुँदाहरूलाई  फलाटिन पाटी वा कालोपाटीमा प्रस्तुत गरी दिइएका बुँदाहरूका आधारमा कथा लेखनको अभ्यास गराउनुहोस् ।

जस्तै : एउटा पानीले भरिएको गाग्रो हुनु, गाग्राको मुखमा रित्तो लोहोटा बस्नु, अरू रित्ता भाँडाहरू पनि हुनु, रित्ता भाँडाहरूलाई गाग्राले पानी दिनु, गाग्राको शिरमा रहेको लोहोटा सधैँ रित्तो हुनु, आफू सधैँ रित्तो रहेकोमा लोहोटाले गाग्रासँग गुनासो गर्नु, सधैँ टाउकामा टेक्नेलाई भर्न नसकिने गाग्राको तर्क, केही पाउनलाई नम्र हुनुपर्छ भन्ने सन्देश ।

(च) विद्यार्थीहरूले पढेका कथाहरूका मुख्य घटना टिप्न र वर्णन गर्न लगाई घटना वर्णन र कथा लेखनको अभ्यास गारउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) कुनै कथाका घटना दिई घटनाहरूका आधारमा कथा लेखन गराउनुहोस् ।

(ख) बुँदाहरू दिई कुनै सन्देशमूलक कथा लेखन गराउनुहोस् ।

५. **गृहकार्य**

शीर्षक, घटना र बुँदाहरू दिएर कथा लेखेर ल्याउन विद्यार्थीलाई निर्देशन दिनुहोस् ।

पाठ
३

# सामाजिक सद्भाव

अनुमानित घन्टी : ९

| क्र.सं. | पाठ्यवस्तु | घन्टी |
|---|---|---|
| १. | सस्वर वाचन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | बोध प्रश्नोत्तर | १ |
| ४. | व्याख्या/भाव विस्तार | २ |
| ५. | बुँदा टिपोट र सारांश | १ |
| ६. | कार्यमूलक व्याकरण | १ |
| ७. | अनुच्छेद/प्रबन्ध लेखन | २ |

पाठ्यवस्तु : **सस्वर वाचन र शुद्धोच्चारण** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) निर्धारित अनुच्छेदलाई गति, यति मिलाई सस्वर पढ्न

(ख) पाठमा प्रयुक्त कठिन शब्दको शुद्धसँग उच्चारण गर्न

२. **शैक्षिक सामग्री**

शब्दपत्ती, उच्चारणका लागि कठिन शब्दहरूको सूची

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) शिक्षकले सामाजिक सद्भाव सम्बन्धी विविध प्रश्नोत्तर गराई विद्यार्थीलाई पाठप्रति ध्यानाकर्षण गराउनुहोस् । जस्तै :

- मानिस कस्तो प्राणी हो ?
- मानिस अरू प्राणीभन्दा किन श्रेष्ठ मानिएको हो ?
- समाजमा कस्ता मानिसहरू बस्छन् ?
- हामीले कस्तो मानिसको सिको गर्नुपर्छ ?

(ख) प्रबन्धका अनुच्छेद विद्यार्थीलाई आलोपालो गरेर गति, यति र हाउभाउका साथ सस्वर पढ्न निर्देशन गर्नुहोस् । पढ्ने विद्यार्थीबाहेक अन्य विद्यार्थीलाई किताबको पाठ हेरेर सुन्न र साथीले ठिक पढे नपढेको जाँच गर्न लगाउनुहोस् ।

(ग) विद्यार्थीलाई सस्वर पठन गर्दा गति, यति मिलाई पठन गर्न कठिन भएमा शिक्षकले आदर्श वाचन गरिदिनुहोस् र विद्यार्थीलाई पुनः वाचन गर्न लगाउनुहोस् ।

(घ) पाठ वा निर्धारित अनुच्छेदबाट उच्चारणमा कठिन हुने शब्दहरूको सूची बनाउन निर्देशन गर्नुहोस् । ती शब्दहरूलाई शैक्षणिक पाटीमा टिपोट गरिदिनुहोस् ।

(ङ) यसपछि विद्यार्थीलाई उक्त नयाँ शब्दको शुद्ध उच्चारणको अभ्यास गराउनुहोस् ।

(च) उच्चारणका क्रममा अन्य मातृभाषी तथा स्थानीय भाषी विद्यार्थीहरूलाई विशेष जोड दिँदै अभ्यास गराउनुहोस् ।

(छ) नयाँ शब्दका पत्तीहरू गोजी तालिका वा फलाटिन पाटीमा प्रस्तुत गर्दै तिनको पनि विद्यार्थीलाई पालैपालो अभ्यास गर्न लगाउनुहोस् ।

(झ) शुद्ध उच्चारणको अभ्यास शिक्षकले क्रमशः शब्द, वाक्य र अनुच्छेदका तहमा समेत उच्चारण गराउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) विद्यार्थीलाई पाठका अनुच्छेदहरू पढ्न लगाउनुहोस् र आवश्यक मूल्याङ्कन गर्नुहोस् ।

(ख) पाठमा भएका सहिष्णुता, छुट्याउन, सामर्थ्य, सम्मिश्रण, स्वच्छन्द, आश्रय स्थल, स्वावलम्बी जस्ता शब्दहरू उच्चारण गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

(क) 'सामाजिक सद्भाव' पाठ घरबाट सस्वर वाचन गर्ने अभ्यास गरेर आउन निर्देशन दिनुहोस् ।

(ख) विद्यार्थीलाई उच्चारण गर्न कठिन लाग्ने शब्दहरू पाठबाट टिपेर ल्याउन लगाउनुहोस् ।

पाठ्यवस्तु : **शब्दार्थ र वाक्यमा प्रयोग** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) पाठमा प्रयुक्त कठिन शब्दहरूको अर्थ भन्न

(ख) उक्त शब्दहरूलाई अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्न

२. **शैक्षिक सामग्री**

शब्दपत्ती, अर्थपत्ती, वाक्यपत्ती

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीलाई मनमनै पढ्न लगाई उनीहरूलाई कठिन लागेका शब्द टिपोट गरी भन्न निर्देशन गर्नुहोस् ।

(ख) टिपोट गरिएका शब्दहरूलाई नदोहोरिने गरी पालैपालो भन्न लगाई शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।

(ग) कठिन शब्दहरूको सङ्कलनपछि हरेक शब्दको अर्थ विद्यार्थीहरूलाई नै दिन लगाउनुहोस् । विद्यार्थीले नजानेमा जान्ने विद्यार्थीलाई भन्न लगाई नजान्ने विद्यार्थीलाई पुन: भन्न लगाई अर्थ स्पष्ट पारिदिनुहोस् । उनीहरूले भन्न नसकेका शब्दको अर्थ शब्दपत्ती र अर्थपत्तीका सहायताले प्रस्ट पारिदिनुहोस् ।

(घ) फलाटिन पाटीमा शब्द र अर्थको जोडा मिलाउने सूची प्रदर्शन गरी कमजोर विद्यार्थीलाई भन्न लगाउनुहोस् । अरू विद्यार्थीलाई मिले नमिलेको हेर्न लगाई सही उत्तर भन्न लगाउनुहोस् ।

(ङ) पाठमा भएका कठिन शब्द र विभिन्न आशय भएका वाक्यांशलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । वाक्यपत्तीको प्रयोग गरी एक दुई कठिन शब्दलाई वाक्यमा प्रयोग गरी नमुना प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई समस्या परेको ठाउँमा आवश्यक सहयोग गरिदिनुहोस् ।

४. **मूल्याङ्कन**

(क) पाठमा भएका कठिन शब्दहरूको अर्थ विद्यार्थीलाई पालैपालो भन्न लगाउनुहोस् ।

(ख) अभ्यासमा दिइएका प्रश्न ७ र ८ को उत्तर दिन लगाउनुहोस् ।

५. **गृहकार्य**

पाठको अभ्यास ९ र १० गरेर ल्याउन निर्देशन दिनुहोस् ।

**पाठ्यवस्तु : बोध प्रश्नोत्तर** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) निर्दिष्ट अनुच्छेदका आधारमा सोधिएका बोध प्रश्नको उत्तर दिन

(ख) उक्त अनुच्छेदका मुख्य मुख्य कुरा छोटकरीमा बताउन

२. **शैक्षिक सामग्री**

बोध प्रश्नहरूको सूची

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) शिक्षकले सर्वप्रथम प्रस्तुत पाठबाट एक दुई ओटा उपयुक्त अनुच्छेदहरू तोकी समय निर्धारण गरिदिई मौन वाचन गर्न लगाउनुहोस् । विद्यार्थीहरूले मौन वाचन ठिकसँग गरिराखेका छन् कि छैनन् निरीक्षण गर्नुहोस् ।

(ख) मौन वाचन पश्चात् पालैपालो फलाटिन पाटीमा बोध प्रश्नहरूको सूची प्रस्तुत गर्दै तिनको उत्तर सोध्नुहोस् । उदाहरणका लागि पाठका पहिलो अनुच्छेदबाट तलका जस्ता बोध प्रश्नहरू हुन सक्छन् :

- समाजका बिच कस्तो सम्बन्ध छ ?
- सामाजिक सद्भावको विकास कसरी गर्न सकिन्छ ?
- समाजमा बस्न मानिसले के गर्नुपर्छ ?
- समाजको निर्माण कसरी भएको हुन्छ ?

(ग) ती प्रश्नहरूको उत्तर पहिले मौखिक र त्यसपछि लिखित रूपमा दिन लगाउनुहोस् ।

(घ) एउटा समूहलाई सम्बन्धित अनुच्छेदबाट विभिन्न प्रश्न बनाउन लगाउनुहोस् र ती प्रश्न अर्को समूहलाई सोधी तिनको उत्तर भन्न लगाउनुहोस् । तेस्रो समूहलाई ती प्रश्नको उत्तर ठिक भए नभएको मूल्याङ्कन गर्न लगाउनुहोस् ।

(ङ) विद्यार्थीले ठिक प्रश्न बनाउन नसके वा उत्तर दिन नसके शिक्षकले आवश्यक सहयोग गरिदिनुहोस् ।

(च) विद्यार्थीलाई तिन चार समूहमा बाँडनुहोस् र हरेक समूहलाई एक एक प्रश्न दिई उत्तर तयार गर्न लगाउनुहोस् । सबैभन्दा राम्रो उत्तरलाई कक्षामा पढेर सुनाउन लगाउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) पाठको अनुच्छेद तोकी मौखिक र लिखित रूपमा बोध प्रश्नोत्तर गराउनुहोस् ।

(ख) अभ्यास १ का प्रश्नहरूको उत्तर भन्न लगाउनुहोस् ।

५. **गृहकार्य**

पाठको अभ्यास ३ का प्रश्नहरूको उत्तर लेख्न निर्देशन दिनुहोस् र परीक्षण पनि गरिदिनुहोस् ।

पाठ्यवस्तु : **व्याख्या /भाव विस्तार** घन्टी : २

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू 'सामाजिक सद्भाव' प्रबन्धका विशिष्ट पङ्क्तिहरूको व्याख्या/भाव विस्तार गर्न सक्षम हुने छन् ।

२. **शैक्षिक सामग्री**

विशिष्ट पङ्क्ति लेखिएका मेटाकार्ड, व्याख्याको नमुना, फलाटिन पाटी

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) सामाजिक सद्भाव प्रबन्धबाट विशिष्ट अंश वा पङ्क्ति छानेर त्यससँग सम्बन्धित बुँदाहरूमाथि छलफल गराउनुहोस् । उदाहरणका लागि 'जसरी समाजविहीन मानवको कल्पना गर्न सकिँदैन, त्यसै गरी मानवविहीन समाजको पनि अस्तित्व हुँदैन', उद्धरण लिनुहोस् ।

(ख) यस पङ्क्तिको अभिप्राय पहिल्याउन विद्यार्थीहरूलाई विभिन्न प्रश्नहरू सोधी उत्तर दिन लगाउनुहोस् । ती बुँदाहरूलाई शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।

(ग) ती बुँदाहरूलाई वाक्य बनाउँदै अनुच्छेदमा लेख्न लगाउनुहोस् । अनुच्छेदबाट प्रस्ट नभएका कुराहरू छलफल गराई सम्बन्धित पङ्क्तिको अर्थ स्पष्ट पारिदिनुहोस् ।

(घ) शिक्षकले आफूले तयार गरेर ल्याएको व्याख्याको नमुना फलाटिन पाटीमा प्रस्तुत गर्दै कक्षामा तयार गरिएका व्याख्या र त्यसका बिच तुलना गर्न र आवश्यक थपघटसहित अझ स्पष्ट पार्दै अर्थ बताइदिनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।

(ङ) विद्यार्थीबाट व्याख्याका लागि अरू पङ्क्तिमा पनि बुँदा प्रस्तुत गर्न लगाउनुहोस् र उपयुक्त भएकालाई शैक्षणिक पाटीमा टिपोट गर्न लगाउनुहोस् ।

(च) टिपोट गरिएका बुँदालाई व्याख्या गर्न लगाउँदै उत्कृष्ट व्याख्यालाई नमुनाका रूपमा कक्षामा प्रदर्शन गरी आवश्यक प्रोत्साहन र पृष्ठपोषण दिनुहोस् । यसैगरी भाव विस्तारको अभ्यास पनि गराउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) पाठबाट कुनै खास विशिष्ट पङ्क्ति दिई त्यसका मुख्य बुँदाहरूबारे प्रश्नोत्तर गराई व्याख्या गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

अभ्यास ४ को व्याख्या/भाव विस्तार गरेर ल्याउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : बुँदा टिपोट र सारांश

*घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) तोकिएका अनुच्छेदहरूको मुख्य मुख्य बुँदा टिपोट गर्न

(ख) तोकिएका अनुच्छेदहरूको सारांश बताउन

२. **शैक्षिक सामग्री**

अनुच्छेदका मुख्य बुँदाहरूको सूची, सारांशको नमुना, फलाटिन पाटी

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीलाई प्रस्तुत पाठबाट एक दुई ओटा उपयुक्त अनुच्छेदहरू तोकी समय निर्धारण गरी मौन वाचन गर्न लगाउनुहोस् । विद्यार्थीले मौन वाचन ठिकसँग गरे नगरेको निरीक्षण गर्दै आवश्यक सहयोग गर्नुहोस् ।

(ख) विद्यार्थीलाई प्रस्तुत अनुच्छेदका मुख्य मुख्य बुँदा पहिल्याई भन्न लगाउनुहोस् र आवश्यक संशोधनका साथ शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।

(ग) उपयुक्त बुँदाहरूलाई आधार मानेर सारांश लेख्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । तिनका बारेमा छलफल गराई सोधपुछ समेत गर्नुहोस् ।

(घ) शिक्षकले तयार पारेर ल्याएको बुँदा टिपोट र सारांशको नमुना फलाटिन पाटीमा प्रस्तुत गरेर त्यसैअनुसार सच्याउन लगाउनुहोस् । जस्तै : बुँदा टिपोटको नमुना (दोस्रो अनुच्छेदबाट)

- सबैको अस्तित्व स्विकार्नु र असहिष्णु नबन्नु
- एकताको भावनाले समाज र राष्ट्र बलियो हुनु
- सबै मिली सामाजिक उत्थानमा लाग्नु
- साधन र स्रोतको परिचालन गरी राष्ट्रको निर्माण गर्नु
- दया, माया, करुणा र मैत्रीभाव हुनु ।

सारांशको नमुना (दोस्रो अनुच्छेदबाट )

सबैको अस्तित्व स्विकार्दै एकताको भावनाले दया, माया, करुणा र मैत्रीभाव राख्दै हामी साधन र स्रोतको परिचालन गरी सामाजिक उत्थानमा जुट्नुपर्छ ।

(ङ) विद्यार्थीलाई पुनः अनुच्छेद तोकेर बुँदा टिपोट र सारांशको अभ्यास गराउनुहोस् । आवश्यक परेमा सहयोग गरी पृष्ठपोषण समेत प्रदान गरिदिनुहोस् ।

४. **मूल्याङ्कन**

पाठको चौथो अनुच्छेदको बुँदा टिपोट गरी सारांश लेख्न लगाउनुहोस् ।

५. **गृहकार्य**

(क) पाठको पाँचौँ अनुच्छेदबाट बुँदा टिपोट गरेर ल्याउन निर्देशन गर्नुहोस् ।

(ख) पाठको पाँचौँ अनुच्छेदलाई सारांशमा लेखेर ल्याउन लगाउनुहोस् ।

पाठ्यवस्तु : **कार्यमूलक व्याकरण (विशेषण)** घन्टी : १

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) विशेषणको उदाहरण भन्न

(ख) विशेषणको प्रयोग गर्न

२. **शैक्षिक सामग्री**

विशेषण प्रयोग भएका शब्दपत्ती, वाक्यपत्ती, गोजी तालिका, फलाटिन पाटी

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीलाई कलम, कापी, झोला जस्ता कक्षाकोठामा भएका वस्तुहरू के हुन् ? कस्ता छन् ? भनी सोध्नुहोस् । यी पहिलो प्रश्नको उत्तरमा आएका शब्दको सूची एकातिर र दोस्रो प्रश्नको उत्तरमा आएका शब्दहरूको सूची अर्कोतिर गरी शैक्षणिक पाटीमा लेख्नुहोस् ।

(ख) यसमा के हुन् ? उत्तरमा आउने सबै शब्द नाम र कस्तोको उत्तरमा आउने जति विशेषण हुन् भन्दै विशेषणको बारेमा बताइदिनुहोस् ।

(ग) विद्यार्थीबाट अनय त्यस्तै उदाहरण दिई छलफल गराउनुहोस् ।

(घ) पाठको कुनै अनुच्छेद पढ्न लगाई त्यस अनुच्छेदमा भएका विशेषण रेखाङ्कन गर्न लगाउनुहोस् ।

(ङ) विद्यार्थीले रेखाङ्कित गरेका शब्द भन्न लगाई शैक्षणिक पाटीमा टिपिदिनुहोस् ।

(च) शैक्षणिक पाटीमा टिपिएका शब्दहरू आवश्यक थपघट सहित पृष्ठपोषण दिनुहोस् ।

४. **मूल्याङ्कन**

निर्धारित अनुच्छेदबाट विशेषण शब्द टिपोट गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

पाठको व्याकरण खण्डको १५ देखि २१ सम्मका प्रश्नहरूको उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

पाठ्यवस्तु : **अनुच्छेद/प्रबन्ध लेखन** *घन्टी : २*

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू पठित र स्वतन्त्र विषयमा प्रबन्ध लेख्न सक्षम हुने छन् ।

२. **शैक्षिक सामग्री**

प्रबन्ध लेखनमा ध्यान दिनुपर्ने कुराको सूची, प्रबन्ध लेखनका लागि शीर्षक र बुँदाहरू, प्रबन्ध लेखनको नमुना

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) शिक्षकले कुनै अनुच्छेदका बुँदाहरू दिई ती बुँदाहरूका आधारमा अनुच्छेद तयार गर्न लगाउनुहोस् ।

(ख) अनुच्छेद लेखनपश्चात् प्रबन्धका केही शीर्षक दिई प्रबन्ध लेखन गर्ने तरिका सम्बन्धी छलफल गराउनुहोस् । यसका लागि तलको सामग्रीको सहयोग लिनुहोस् ।

प्रबन्ध लेखन अनुच्छेद लेखनको विस्तारित रूप हो । प्रबन्ध लेखनका निम्न लिखित पक्षमा ध्यान दिनुपर्छ :

प्रबन्ध लेखन कम्तीमा पनि तिन अनुच्छेदमा हुनुपर्छ ।

(१) परिचय

(२) विस्तार तथा व्याख्या

(३) उपसंहार

प्रबन्धमा परिचय भाग र उपसंहार भाग एक एक अनुच्छेदमा र विस्तार तथा व्याख्या भागमा एकभन्दा बढी अनुच्छेद हुन्छन् ।

प्रबन्ध लेखनले विद्यार्थीहरूको बौद्धिक र सिर्जनात्मक क्षमता बढाउने गर्छ ।

कक्षा ६ को नेपालीमा समाविष्ट प्रबन्धका पाठहरू सबै वस्तुपरक प्रकृतिका छन् । शिक्षकले प्रबन्ध लेखाउँदा वस्तुपरक मात्र नभई आत्मपरक ढङ्गले लेख्न समेत प्रोत्साहन गर्नु उचित हुन्छ । आत्मपरक लेखनले विद्यार्थीहरूको सिर्जनात्मक क्षमता बढी उजागार हुन्छ । तसर्थ यसमा उनीहरूको वैयक्तिक रुचिलाई ध्यान दिएर लेखनको अभ्यास गराउन सकिन्छ । जस्तै :

मानिस, समाज, शिक्षा, सूचना आदि प्रबन्ध निर्देशित र स्वतन्त्र दुवै किसिमले लेखाउन आवश्यक छ ।

- प्रबन्ध लेखनमा पाठ्यवस्तु र त्यसको सङ्गठन, अनुच्छेद गठन, प्रस्तुति महत्त्वपूर्ण हुन्छन् ।

(ग) विद्यार्थीलाई कुनै विषयमा प्रबन्ध लेख्न लगाई आवश्यकताअनुसार सहयोग गरिदिनुहोस् ।

(ग) प्रबन्ध लेखनका केही शीर्षक दिई प्रबन्ध लेख्न लगाई परीक्षण समेत गरिदिनुहोस् ।

४. **मूल्याङ्कन**

प्रबन्ध लेख्न दिई सोको अवलोकनका आधारमा विद्यार्थीको लेखनलाई मूल्याङ्कन समेत गरिदिनुहोस् ।

५. **गृहकार्य**

विभिन्न विषय दिई ती मध्ये कुनै एक शीर्षकमा प्रबन्ध लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

पाठ ४

# भविष्यको योजना

*अनुमानित घन्टी : ८*

| क्र. सं. | पाठ्यवस्तु | घन्टी |
| --- | --- | --- |
| १. | सस्वर वाचन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | संवाद पठन र प्रश्नोत्तर | २ |
| ४. | संवाद अभिनय र रचना | ३ |
| ५. | कार्यमूलक व्याकरण | १ |

पाठ्यवस्तु : **सस्वर वाचन र शुद्धोच्चारण** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) पाठका निर्दिष्ट अनुच्छेदहरूको गति, यति मिलाई सस्वर वाचन गर्न

(ख) पाठमा भएका कठिन शब्दहरूको शुद्धोच्चारण गर्न

२. **शैक्षिक सामग्री**

संवादका नमुना, शब्दपत्ती

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम शिक्षकले विद्यार्थीले सुनेका कुनै अभिव्यक्तिको अभिनय गर्न लगाई कक्षामा उत्प्रेरणा जगाउनुहोस् र त्यसपछि निम्नानुसार प्रश्नहरू सोधी कक्षा सुरु गर्नुहोस् :

- तिमीहरूले भविष्यमा के बन्ने उद्देश्य राखेका छौ ?
- आफ्नो उद्देश्य पुरा गर्न गर्नुपर्ने एउटा कुरा के हो ?
- हाम्रो देशको विकास गर्न के के कार्य गर्नुपर्छ ?
- पर्यटन विकास भनेको के हो ?
- सबै विद्यार्थीहरूको भविष्यको उद्देश्य एउटै नभएर किन फरक फरक होला ?

(ख) शिक्षकले निर्दिष्ट अनुच्छेदहरू कुराकानीका शैलीमा गति, यतिका साथ सस्वर वाचन गरेर सुनाउनुहोस् । विद्यार्थीहरूलाई पनि त्यसरी नै गति, यति मिलाएर सस्वर वाचन गर्न लगाउनुहोस् । पाठमा भएका छुट्टाछुट्टै संवादहरू पात्रअनुसार छुट्टाछुट्टै विद्यार्थीहरूलाई पढ्न लगाई अन्य बाँकी विद्यार्थीहरूलाई पाठ हेर्न र सुन्न लगाउनुहोस् र कुनै विद्यार्थीले अशुद्ध गल्ती उच्चारण गरेमा शिक्षकले सुधारिदिनुहोस् ।

(ग) सम्पूर्ण पाठ सस्वर वाचन गरिसकेपछि विद्यार्थीहरूलाई उच्चारण गर्न कठिन लागेका शब्दहरू रेखाङ्कित गर्न लगाउनुहोस् र ती शब्दहरूलाई शैक्षणिक पाटीमा लेखिदिनुहोस् । पहिले विद्यार्थीहरूबाट उच्चारण गर्न लगाई उनीहरूले नजानेमा आफैँले शुद्धोच्चारण गरेर अभ्यास गर्न लगाउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) अनुच्छेदको गति, यति मिलाएर सस्वर वाचन गर्न लगाउनुहोस् ।

(ख) पाठमा भएका नयाँ शब्द शुद्धसँग उच्चारण गर्न लगाउनुहोस् ।

(ग) तलका शब्द शुद्धसँग उच्चारण गर्न लगाउनुहोस् :

प्रयोग, प्रविधि, प्रति, प्राविधिक, जनशक्ति, राष्ट्र, इमानदारी, फिर्ता, त्यति, रोमाञ्चक

५. **गृहकार्य**

(क) अभ्यास '१०' का शब्दहरू शुद्धसँग पढेर आउन निर्देशन दिनुहोस् ।

पाठ्यवस्तु : **शब्दार्थ र वाक्यमा प्रयोग** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) पाठमा प्रयुक्त कठिन शब्दहरूको अर्थ भन्न

(ख) उक्त शब्दहरूलाई वाक्यमा प्रयोग गर्न

२. **शैक्षिक सामग्री**

कठिन शब्दहरूको सूची, शब्दपत्ती, अर्थपत्ती, वाक्यपत्ती, शब्दकोश, गोजी तालिका

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम शिक्षकले निर्दिष्ट संवाद विद्यार्थीहरूलाई मौन वाचन गर्न लगाउनुहोस् ।

(ख) मौन वाचन गरिसकेपछि त्यस पाठमा भएका कठिन शब्दहरू रेखाङ्कन गर्न लगाई कापीमा सार्न लगाउनुहोस् ।

(ग) ती शब्दहरूको अर्थ पुस्तककै शब्द र अर्थमा हेर्न निर्देशन दिनुहोस् ।

(घ) किताबमा अर्थ नदिइएका शब्दहरू शैक्षणिक पाटीमा लेख्न लगाउनुहोस् र ती शब्दको अर्थ विद्यार्थीहरूमध्ये कसैलाई आउँछ कि भनी सोध्नुहोस् ।

(ङ) विद्यार्थीहरूबाट उत्तर नआएमा शब्दकोश हेर्न लगाउनुहोस् । शब्दकोश हेर्ने विधि पनि सिकाउनुहोस् । शब्दार्थ शिक्षणका लागि चित्र, वस्तु, पर्यटन, अभिनय आदि उपयुक्त विधिका साथै शब्दार्थ पत्तीको प्रयोग गर्नुहोस् ।

(च) शब्दार्थ शिक्षण गरिकेपछि ती शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(छ) विद्यार्थीले ठिकसँग अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न सके त्यही प्रयोग शैक्षणिक पाटीमा लेखेर देखाउनुहोस् र गर्न सकेनन् भने वाक्य पत्तीका वाक्यहरू देखाई सही प्रयोग गर्न लगाउनुहोस् । शब्दहरूलाई एकभन्दा बढी भिन्नाभिन्नै वाक्यमा प्रयोग गर्न निर्देशन दिनुहोस् ।

४. **मूल्याङ्कन**

(क) पाठमा प्रयोग भएका कठिन शब्दहरूको अर्थ भन्न लगाउनुहोस् ।

५. **गृहकार्य**

दिइएका कठिन शब्दहरूको अर्थ लेख्न र ती शब्दहरूको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गरेर ल्याउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु **संवाद पठन र प्रश्नोत्तर** *घन्टी : २*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) दिइएको संवाद पात्रका भूमिकाअनुसार हाउभाउ मिलाएर संवाद पठन गर्न

(ख) पाठका बारेमा सोधिएका प्रश्नहरूको उत्तर दिन

२. **शैक्षिक सामग्री**

संवादको नमुना, पात्रका नामको सूची, प्रश्नहरूको सूची

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) शिक्षकले संवादका पात्रहरूको अभिनय तथा हाउभाउ मिलाएर आदर्श पठन गर्नुहोस् ।

(ख) 'भविष्यको योजना' संवादमा छ जना पात्रहरू नोर्बे, सरला, राजन, अनिता, अनिस र अनुष्का भएकाले छ/छ जनाको समूह बनाउनुहोस् । साथै समूहका पात्रको भूमिकाअनुसार हाउभाउ मिलाएर सस्वर पठन गराउनुहोस् ।

(ग) विद्यार्थीहरूले आफ्नो भूमिकाअनुसार सस्वर पठन गरे नगरेको ख्याल गर्नुहोस् र त्रुटि भएका स्थानमा सच्याउन लगाई पुन: सस्वर वाचन गर्न लगाउनुहोस् ।

(घ) यसरी सबै विद्यार्थीहरूलाई पालैपालो समूहगत रूपमा सस्वर पठनको अभ्यास गराउनुहोस् । सामूहिक वा व्यक्तिगत रूपमा कसले राम्रो अभिनय र हाउभाउ सहित संवाद पठन गर्न सक्यो वा कसले सकेन विचार गरी टिप्पणी गर्नुहोस् ।

(ङ) यसपछि पाठ सम्बन्धी छलफलका लागि संवादको विषयवस्तु समेट्ने गरी तयार पारिएका तलका जस्ता प्रश्नहरू व्यक्तिगत वा सामूहिक दुवै प्रकारले सोध्नुहोस् :

- हामीले भविष्यको योजना किन बनाउनुपर्छ ?
- हिमाल, पहाड र तराईमा बस्नेहरूका योजना किन फरक होला ?
- हाम्रो देशको विकास हामीले नै कसरी गर्न सक्छौँ ?
- देशको विकास गर्न के के कुरामा जोड दिनुपर्छ ?
- देशको विकास भएमा हाम्रो विकास किन हुन्छ ?

(च) प्रत्येक प्रश्नको उत्तरका बारेमा विद्यार्थीहरूलाई समूहमा छलफल गर्न लगाई समूहबाट प्राप्त उत्तर भन्न लगाउनुहोस् । उत्तर स्पष्ट नआएमा वा नमिलेमा अरू विद्यार्थीलाई भन्न लगाउनुहोस् र त्यसरी पनि उत्तर नआएमा पाठ्य पुस्तकको सहायता लिन लगाउनुहोस् ।

(छ) पाठको अभ्यासमा भएका प्रश्नहरूको उत्तर सोधी छलफल गराउनुहोस् । छलफलबाट आएको उत्तर भन्न लगाई सही उत्तर नआएसम्म छलफल गराउनुहोस् र सही उत्तर प्राप्त गर्नुहोस् ।

४. **मूल्याङ्कन**

(क) 'भविष्यको योजना' संवादबाट विभिन्न प्रश्नहरू सोधी उत्तर दिन भन्नुहोस् ।

(ख) यस पाठका अभ्यास १-४ मा भएका प्रश्नहरूको उत्तर दिन लगाउनुहोस् ।

५. **गृहकार्य**

अभ्यास खण्डमा भएका र आफैँले प्रश्नहरू बनाई उत्तर लेखेर ल्याउन निर्देशन दिई परीक्षण समेत गरिदिनुहोस् ।

पाठ्यवस्तु : **संवाद अभिनय र रचना** *घन्टी : ३*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) दिइएको शीर्षकमा संवाद रचना गर्न

(ख) संवादअनुरूप अभिनय प्रस्तुत गर्न

## २. शैक्षिक सामग्री

संवादका नमुनाहरू

## ३. शिक्षण सिकाइ क्रियाकलाप

(क) शिक्षकले सर्वप्रथम संवाद के हो ? यो कस्तो हुन्छ ? जस्ता प्रश्नहरूमा आधारित भई विद्यार्थीहरूको समूह बनाई छलफल गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीहरूका छलफलबाट आएका कुरालाई समेत समेटी आफूले निष्कर्ष बताइदिनुहोस् ।

(ग) शिक्षकले विभिन्न किसिमका संवादका ढाँचाहरू तयार पारी फलाटिन पाटीमा देखाएर विद्यार्थीहरूलाई सोही ढाँचाअनुरूप संवाद लेख्दा ध्यान दिनुपर्ने कुराहरू बताइदिनुहोस् । जस्तै :

- सुहाउँदो शीर्षक
- शीर्षकसँग सम्बन्धित बुँदा टिपोट
- टिपिएका बुँदाहरूको पात्रअनुसार वितरण
- संवादको आकार (२ पेजसम्मको)
- छलफल र निष्कर्ष

(घ) संवादको परिचय र लेखन प्रक्रियामा छलफल गराइसकेपछि सबै विद्यार्थीलाई कुनै एक शीर्षकमा आवश्यक पात्र र छलफलका लागि आवश्यक बुँदाहरू टिपोट गरी ती बुँदा संवादमा समावेश गर्ने तरिका बताई संवाद तयार गर्न लगाउनुहोस् ।

(ङ) संवाद लेखनपछि सबैभन्दा राम्रा तिन ओटा संवाद छान्नुहोस् र विद्यार्थीहरूलाई समूह बनाई अभिनय गर्न लगाउनुहोस् । बाँकी विद्यार्थीलाई दर्शकको भूमिका निर्वाह गर्न निर्देशन दिनुहोस् ।

(च) उत्कृष्ट संवाद लेखन र भूमिका प्रदर्शन गर्ने विद्यार्थीहरूलाई हौसला प्रदान गर्न पुरस्कृत वा ताली बजाएर उत्प्रेरित गर्नुहोस् ।

## ४. मूल्याङ्कन

(क) संवाद लेख्दा ध्यान दिनुपर्ने कुराहरू भन्न लगाउनुहोस् ।

(ख) कुनै शीर्षक दिई सबैलाई छुट्टा छुट्टै संवाद तयार गर्न लगाउनुहोस् ।

## ५. गृहकार्य

“देश विकासमा ऊर्जाको महत्त्व” वा अन्य कुनै शीर्षकमा संवाद तयार पार्न निर्देशन दिनुहोस् र लेखेर ल्याएपछि परीक्षण समेत गर्नुहोस् ।

पाठ्यवस्तु : **कार्यमूलक व्याकरण** (**लेख्य चिह्न**) *घन्टी :* १

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) लेख्य चिह्नहरूको परिचय दिन

(ख) लेख्य चिह्नहरूको प्रयोग गर्न

२. **शैक्षिक सामग्री**

लेख्य चिह्न प्रयोग गरिएका शब्दहरूको शब्दपत्ती, लेख्य चिह्न प्रयोग गरिएको वाक्य पत्ती, फलाटिन पाटी, गोजी तालिका ।

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) पूर्ण विराम, प्रश्न वाचक, अल्प विराम र उद्गार चिह्नको उदाहरणसहित प्रस्तुत गर्नुहोस् ।

(ख) ती लेख्य चिह्नहरूको पालैपालो विद्यार्थीहरूलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । पुनः वाक्य बनाउन लगाई आफूले पनि सहयोग गर्नुहोस् ।

(ग) प्रत्येक विद्यार्थीहरूलाई एक एक ओटा लेख्य चिह्न प्रयोग भएका वाक्यहरू भन्न लगाई क्रमशः शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।

(घ) विद्यार्थीहरूलाई लिखित र मौखिक दुवै किसिमले लेख्य चिह्नहरूको प्रयोग गरी वाक्य निर्माणको अभ्यास गराउनुहोस् ।

४. **मूल्याङ्कन**

अभ्यास खण्डमा दिइएको १३ देखि १४ सम्मको प्रश्नको उत्तर भन्न लेख्न लगाउनुहोस् ।

५. **गृहकार्य**

पूर्ण विराम, प्रश्न वाचक, अल्प विराम र उद्गार चिह्न प्रयोग गरी पाँच पाँच ओटा वाक्यहरू निर्माण गर्न लगाउनुहोस् ।

पाठ ५

# साहित्यकार भवानी भिक्षु

अनुमानित घन्टी : ९

| क्र.सं. | पाठ्यवस्तु | घन्टी |
|---|---|---|
| १. | सस्वर वाचन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | पठन बोध | २ |
| ४. | छलफल र प्रश्नोत्तर | २ |
| ५. | बुँदा टिपोट र सारांश | १ |
| ६. | कार्यमूलक व्याकरण | १ |
| ७. | जीवनी लेखन | १ |

पाठ्यवस्तु : **सस्वर वाचन र शुद्धोच्चारण** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) गति, यति मिलाई 'साहित्यकार भवानी भिक्षु' जीवनीका निर्दिष्ट अनुच्छेदहरू सस्वर वाचन गर्न

(ख) पाठमा प्रयुक्त शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न

२. **शैक्षिक सामग्री**

साहित्यकार भवानी भिक्षु, शब्दपत्ती, कठिन उच्चारण भएका शब्दहरूको सूची

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) शिक्षकले विद्यार्थीहरूलाई पाठप्रति ध्यानाकर्षण गर्न साहित्यकार भवानी भिक्षुको तस्बिर/चित्र देखाई उनका जीवनका आकर्षक घटना वा प्रेरक प्रसङ्ग सुनाएर पाठप्रति अभिप्रेरणा जगाउनुहोस् ।

(ख) शिक्षकले निर्धारित अनुच्छेद सस्वर वाचन गरी सुनाउनुहोस् र विद्यार्थीहरूलाई पनि ध्यान दिएर पाठ्य पुस्तक हेर्न र सुन्न निर्देशन दिनुहोस् ।

(ग) विद्यार्थीहरूलाई पालैपालो पाठका विभिन्न अनुच्छेदहरू क्रमैसँग गति र यति मिलाई सस्वर वाचन गर्न लगाउनुहोस् । सस्वर वाचन गराउँदा कक्षाका जेहेनदार, मध्यम, कमजोर तथा अन्य

भाषाभाषी विद्यार्थी सबैलाई उत्तिकै प्राथमिकता दिनुहोस् । सस्वर पठन गर्दा विद्यार्थीले ठिकसँग पढे नपढेको विचार गरी पृष्ठपोषणसहित हौसला प्रदान गर्नुहोस् ।

(घ) निर्धारित पाठका विभिन्न अनुच्छेदमा रहेका कठिन शब्दहरू शिक्षकले उच्चारण गरेर सुनाउनुहोस् र सँगसँगै विद्यार्थीलाई पनि उच्चारण गर्न लगाउनुहोस् । यो अभ्यास केही पटक दोहोऱ्याउनुहोस् । विद्यार्थीले शुद्ध उच्चारण नगरेसम्म शुद्ध उच्चारणको अभ्यास गराइरहनुहोस् ।

(ङ) विद्यार्थीहरूलाई आवश्यकताअनुसार समूहमा विभाजन गरी उच्चारण तथा सस्वर वाचन प्रतियोगिता गराउनुहोस् ।

(च) शुद्ध र स्पष्ट उच्चारणका लागि कठिन शब्दहरूलाई वाक्य तथा अनुच्छेदमा पनि उच्चारण गर्न लगाई प्रशस्त अभ्यास गराउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) निर्धारित पाठका अनुच्छेद तोकी सस्वर वाचन गर्न लगाउनुहोस् ।

(ख) पाठका नयाँ शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न लगाउनुहोस् ।

(ग) पाठमा प्रयुक्त केही शब्दहरू शैक्षणिक पाटीमा लेखिदिनुहोस् र विद्यार्थीलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

प्रत्येक विद्यार्थीलाई प्रस्तुत पाठमा प्रयुक्त नयाँ र कठिन शब्द सङ्कलन गरी ती शब्द शुद्ध र स्पष्ट उच्चारण गरी आउन निर्देशन गर्नुहोस् ।

## पाठ्यवस्तु : **शब्दार्थ र वाक्यमा प्रयोग** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) 'साहित्यकार भवानी भिक्षु' पाठमा प्रयोग भएका कठिन शब्दको अर्थ बताउन

(ख) साहित्यकार भवानी भिक्षु पाठमा प्रयोग भएका कठिन शब्दलाई वाक्यमा प्रयोग गर्न

२. **शैक्षिक सामग्री**

शब्दपत्ती, वाक्यपत्ती, शब्दकोश, गोजी तालिका, फलाटिन पाटी

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) शिक्षकले पाठका निर्धारित अनुच्छेद मनमनै पढ्न (मौन वाचन) लगाउनुहोस् । उनीहरूलाई कठिन लागेका शब्दको टिपोट गर्न लगाउनुहोस् । यसरी टिपोट गर्दा पाठमा अर्थ दिइएका शब्दहरूको अर्थ त्यहीँ खोज्न निर्देश गर्नुहोस् र अन्य शब्द मात्र टिपोट गर्न निर्देश गर्नुहोस् ।

(ख) सबैले मौन वाचन गरी कठिन लागेका शब्दहरू शिक्षकले कालोपाटीमा क्रमैसँग टिप्दै जानुहोस् र ती शब्दहरूको अर्थ विद्यार्थीहरूलाई नै भन्न लगाउनुहोस् । सही अर्थ भन्न नसकेमा शिक्षकले अभिनय, चित्र, वस्तु तथा वर्णन गरी अर्थ भनिदिनुहोस् ।

(ग) शैक्षिक सामग्रीका रूपमा ल्याएका शब्दपत्ती, वाक्यपत्तीहरूमा नयाँ शब्दहरू नपरेमा शब्दकोशको सहयोग लिई त्यस्ता शब्दहरूको अर्थ खोज्न विद्यार्थीहरूलाई लगाउनुहोस् ।

(घ) पाठमा प्रयुक्त कठिन अन्य केही शब्दहरूको अर्थ शब्दकोशमा हेर्न प्रोत्साहन गर्नुहोस् ।

(ङ) विद्यार्थीले कठिन मानेका शब्दको अर्थ स्पष्ट भएपछि ती शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् र सबैले सुन्ने गरी भन्न लगाउनुहोस् । यो अभ्यास केही समय दोहोऱ्याइरहनुहोस् ।

४. **मूल्याङ्कन**

(क) शिक्षकले प्रत्येक विद्यार्थीलाई पाठमा प्रयोग भएका नयाँ र जटिल शब्दको अर्थ सोधी उत्तर दिन लगाउनुहोस् ।

(ख) कक्षामा प्रत्येक विद्यार्थीलाई केही शब्दहरू दिई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ग) अभ्यासअन्तर्गत प्रश्न ६, ७ र ८ को उत्तर दिन लगाउनुहोस् ।

५. **गृहकार्य**

(क) पाठमा प्रयुक्त केही शब्दहरू दिई तिनलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

**पाठ्यवस्तु : पठन बोध** *घन्टी : २*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) निर्दिष्ट अनुच्छेद पढी सोधिएका बोध प्रश्नको उत्तर दिन

(ख) उक्त अनुच्छेदको मुख्य मुख्य कुरालाई छोटकरीमा वर्णन गर्न

२. **शैक्षिक सामग्री**

बोध प्रश्नहरूको सूची

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) प्रस्तुत पाठबाट एक दुई ओटा उपयुक्त अनुच्छेदहरू तोकी समय निर्धारण गरिदिई मौन वाचन गर्न लगाउनुहोस् र आफूले मौन वाचन सुपरिवेक्षण गर्नुहोस् ।

(ख) मौन वाचनपछि शैक्षिक सामग्रीका रूपमा ल्याइएका बोध प्रश्नहरूको सूची फलाटिन पाटीमा प्रस्तुत गर्दै विद्यार्थीहरूलाई पालैपालो उत्तर सोध्नुहोस् ।

(ग) उपर्युक्त प्रश्नहरूको उत्तर पहिले मौखिक र त्यसपछि लिखित रूपमा दिन लगाउनुहोस् ।

(घ) विद्यार्थीहरूलाई प्रस्तुत अनुच्छेदका मुख्य मुख्य बुँदा पहिल्याई भन्न लगाउनुहोस् र कालोपाटीमा टिप्दै जानुहोस् ।

(ङ) कालोपाटीमा टिपिएका बुँदाहरूका आधारमा सारांश लेख्न लगाउनुहोस् । विद्यार्थीहरूले लेखेका सारांशहरूमध्ये केही विद्यार्थीहरूलाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यकताअनुसार शिक्षकले संशोधन र परिमार्जन गरिदिनुहोस् । यसैगरी आवश्यकताअनुसार अभ्यास बढाउँदै लैजानुहोस् ।

४. **मूल्याङ्कन**

(क) शिक्षकले विभिन्न बोध प्रश्नहरू सोधी उत्तर भन्न लगाउनुहोस् ।

(ख) कुनै अनुच्छेद पढ्न दिई पाँच ओटा मुख्य कुरा भन्न लगाउनुहोस् ।

५. **गृहकार्य**

पाठको अभ्यास १ देखि ४ सम्म गरेर ल्याउन निर्देशन दिनुहोस् ।

पाठ्यवस्तु : **छलफल र प्रश्नोत्तर** *घन्टी : २*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) साहित्यकार भवानी भिक्षुको जीवनी सम्बन्धी छलफलमा सक्रिय रूपमा सहभागी हुन

(ख) पाठसँग सम्बन्धित तथा पाठको अन्त्यमा भएका विभिन्न प्रश्नोत्तर गर्न

२. **शैक्षिक सामग्री**

साहित्यकार भवनी भिक्षुको जीवनीमा आधारित तालिका, भवानी भिक्षुको तस्बिर, नमुना उत्तरको चार्ट, फलाटिन पाटी

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) साहित्यकार भवानी भिक्षु, उनका बाबुआमा, जन्मस्थान आदिका बारेमा विद्यार्थीहरूलाई विभिन्न समूह बनाई छलफल गराउनुहोस् ।

(ख) विद्यार्थीहरूलाई प्रस्तुत जीवनी पाठको विषयवस्तु समेट्ने गरी प्रश्न तयार पारी समूहमा छलफल गराउनुहोस् ।

छलफलका लागि निम्न लिखित प्रश्नहरू सोध्नुहोस् :

(अ) भवानी भिक्षुको जन्म कहिले भएको हो ?

(आ) भिक्षुका आमाबाबुको नाम के हो ?

(इ) भवानीप्रसाद गुप्ता कसरी भवानी भिक्षु भए ?

(ई) भवानी भिक्षुका कथामा के विशेषता पाइन्छ ?

(उ) भिक्षुका प्रमुख कृतिहरू कुन कुन हुन् ?

(ग) विद्यार्थीहरूको उत्तर गलत भएमा पुनः पाठको सम्बन्धित अनुच्छेद पढ्न निर्देश गर्नुहोस् ।

(घ) पाठको अनुच्छेद पढिसकेपछि पुनः प्रश्नोत्तर गराउनुहोस् र प्रश्नोत्तरकै माध्यमबाट पाठको सारांश बताउन लगाउनुहोस् । सारांशका लागि शिक्षकले आवश्यक सहयोग गर्नुहोस् ।

(ङ) छलफल र प्रश्नोत्तरका क्रममा विद्यार्थीका जिज्ञासाहरूको चित्त बुझ्दो उत्तर दिनुहोस् । छलफल र प्रश्नोत्तरमा सक्रिय नहुने कमजोर विद्यार्थीको पहिचान गरी प्रश्नोत्तर गर्न हौसला प्रदान गर्नुहोस् । कक्षाका भिन्न भाषिक पृष्ठभूमिका विद्यार्थीलाई बरोबर ध्यान दिनुहोस् ।

(च) शैक्षिक सामग्रीका रूपमा ल्याइएका प्रश्नहरूको सूची सबैले देख्ने स्थानमा टाँसी थप आवश्यकतानुसार प्रश्नोत्तर र छलफल गराउनुहोस् ।

(छ) प्रश्न निर्माणका लागि पाठ्य पुस्तकमा भएको प्रश्न ४ को सहायता पनि लिनुहोस् र प्रशस्त छलफल तथा प्रश्नोत्तर गराउनुहोस् ।

४. **मूल्याङ्कन**

साहित्यकार भवानी भिक्षु सम्बन्धी विभिन्न प्रश्न सोधी तिनको उत्तर दिन लगाउनुहोस् ।

५. **गृहकार्य**

पाठको अभ्यास ४ का प्रश्नहरूको उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : बुँदा टिपोट र सारांश

*घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) साहित्यकार भवानी भिक्षुको जीवनमा घटेका घटनाहरूको क्रम मिलाएर टिपोट गर्न

(ख) निर्धारित अनुच्छेदको सारांश लेख्न

२. **शैक्षिक सामग्री**

साहित्यकार भिक्षुका जीवनीमा आधारित टिपोटको तालिका, सारांशको नमुना

३. **शिक्षण सिकाइ कायाकलाप**

(क) सर्वप्रथम विद्यार्थीहरूलाई जीवनीको कुनै अनुच्छेद छानेर मुख्य मुख्य घटनाक्रम टिपोट गर्न लगाउनुहोस् ।

(ख) महत्त्वपूर्ण घटनाक्रम र कुराहरूलाई कालोपाटीमा क्रमैसँग टिप्दै जानुहोस् ।

(ग) कालोपाटीमा टिपिएका कुराहरूलाई क्रम मिलाई लेख्न लगाउनुहोस् ।

(घ) बुँदा टिपोट गर्न जानिसकेपछि टिपिएका कुराहरूलाई अनुच्छेदका रूपमा लेख्न लगाउनुहोस् ।

(ङ) विद्यार्थीलाई निर्दिष्ट अनुच्छेदको शब्द सङ्ख्या, बुँदा टिपोट, असमापिका क्रियापदमा खेस्रा लेखन, साफी लेखन, एक तृतीयांशमा लेखिनुपर्ने सारांश, लेखिएको सारांश शब्द सङ्ख्या, उपयुक्त शीर्षक जस्ता आधारभूत कुराहरूबारे छलफल गराउनुहोस् ।

(च) आफूले ल्याएका शैक्षिक सामग्रीहरू सबैले देख्ने स्थानमा टाँसी विद्यार्थीहरूलाई पनि त्यस्तै कुनै अनुच्छेद दिई बुँदा टिपोट र सारांश लेख्न अभ्यास गराउनुहोस् ।

४. **मूल्याङ्कन**

कुनै एक अनुच्छेद दिई त्यसबाट पाँच ओटा मुख्य मुख्य बुँदा टिपोट गरी सारांश लेख्न लगाउनुहोस्

५. **गृहकार्य**

साहित्यकार भवानी भिक्षु नामक जीवनीको सातौँ अनुच्छेदबाट मुख्य मुख्य बुँदाहरू टिपी त्यसलाई सारांशमा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

पाठ्यवस्तु : **कार्यमूलक व्याकरण (क्रियापद)** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) उदाहरणसहित क्रियापदको प्रयोग गर्न

(ख) वाक्यमा क्रियापदको उपयुक्त प्रयोग गर्न

२. **शैक्षिक सामग्री**

क्रियापदका शब्दपत्ती, वाक्यपत्ती

३. **शिक्षक सिकाइ क्रियाकलाप**

(क) शिक्षकले विभिन्न शब्दपत्तीहरू र वाक्यपत्तीहरू फलाटिन पाटी वा कालोपाटीमा प्रस्तुत गर्नुहोस् र वाक्यमा क्रियापदको कामका सम्बन्धमा विभिन्न उदाहरणसहित प्रस्ट पारिदिनुहोस् ।

(ख) कालोपाटीमा क्रियापदसहितका वाक्य र क्रियापदबाहेकका दुई तिन ओटा फरक फरक वाक्यका उदाहरणहरू लेखी दुवैमा पाइने फरकको अवलोकन र पहिचान गर्न लगाउनुहोस् ।

(ग) कालोपाटीमा क्रियापद र केही अन्य फरक कोटीका शब्दहरू लेखी क्रियापदको पहिचान गर्न लगाउनुहोस् ।

(घ) माथिका क्रियाकलाप पटक पटक दोहोऱ्याउनुहोस् र उदाहरणसहित क्रियापदको परिचय दिन लगाउनुहोस् ।

४. **मूल्याङ्कन**

कालोपाटीमा विभिन्न कोटीका शब्दहरू लेखी क्रियापद छुट्याउन लगाउनुहोस् ।

५. **गृहकार्य**

व्याकरणअन्तर्गतको अभ्यास १३ देखि १६  सम्मका सबै प्रश्नको उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : **जीवनी लेखन** *घन्टी : १*

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू पठित जीवनीका आधारमा विभिन्न क्षेत्रका ख्याति प्राप्त व्यक्तिका जीवनी लेख्न सक्षम हुने छन् ।

२. **शैक्षिक सामग्री**

ख्यातिप्राप्त व्यक्तिका तस्बिरहरू, ख्याति प्राप्त व्यक्तिका जीवनका मुख्य मुख्य घटनाहरूको टिपोट

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) शिक्षकले सर्वप्रथम कक्षामा ख्यातिप्राप्त व्यक्तिको जीवनी सबैले देख्ने ठाउँमा टाँस्नुहोस् । उनको जीवनी पढेर सुनाउनुहोस् र ध्यानपूर्वक विद्यार्थीहरूलाई पनि सुन्न आग्रह गर्नुहोस् ।

(ख) शिक्षकले उक्त जीवनी पढेर सुनाउँदा विद्यार्थीहरूलाई कहिलेकाहीँ ससाना प्रश्न सोध्नुहोस् । जीवनीको ढङ्गढाँचा स्पष्ट पार्न पटक पटक पढेर सुनाउनुहोस् र विद्यार्थीहरूलाई पनि सुन्न लगाएर अन्त्यमा त्यसको मौखिक वर्णन गर्न लगाउनुहोस् ।

(ग) जीवनी पढेर सुनाएपछि जीवनी लेखनका लागि आवश्यक पर्ने कुराहरू कालोपाटीमा बुँदागत रूपमा लेखिदिनुहोस् ।

(ख) अन्त्यमा कसैको जीवनका मुख्य मुख्य घटना दिएर जीवनी लेख्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाई आवश्यक छलफल गराउनुहोस् । आवश्यकताअनुसार पृष्ठपोषण दिन र सहयोग गर्न पनि नबिर्सिनुहोस् ।

४. **मूल्याङ्कन**

आफ्नो जीवनमा हालसम्म घटेका मुख्य मुख्य घटनाहरूको टिपोट गरी त्यसको विस्तार गर्दै जीवनी लेख्न निर्देश गर्नुहोस् ।

५. **गृहकार्य**

आफ्नो समुदायमा भएका प्रतिष्ठित व्यक्तिको जीवनी लेखेर ल्याउन लगाउनुहोस् ।

पाठ
६

# खोला

*अनुमानित घन्टी : ९*

| क्र. स. | पाठ्यवस्तु | घन्टी |
|---|---|---|
| १. | लयबोध र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | भावबोध | २ |
| ४. | व्याख्या/भाव विस्तार | २ |
| ५. | कार्यमूलक व्याकरण | १ |
| ६. | कविता लेखन | २ |

पाठ्यवस्तु : **लयबोध र शुद्धोच्चारण** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) खोला कविताको लयबोध गर्न

(ख) खोला कविताको अनुकरण र आदर्श वाचन गर्न

(ग) खोला कवितामा प्रयोग भएका नयाँ शब्दको शुद्ध उच्चारण गर्न

२. **शैक्षिक सामग्री**

पाठ्य पुस्तक, शब्दपत्ती, कविताको क्यासेट वा सिडी नयाँ शब्दको सूची

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) कक्षाका केही विद्यार्थीलाई खोला कविता लय वाचन गर्न लगाउनुहोस्। आफूले पनि लय वाचन गरेर सुनाउनुहोस् वा क्यासेट सुनाउनुहोस् र उत्कृष्ट लय पहिचान गराई पुन: वाचन अभ्यास गराउनुहोस् ।

(ख) खोला कवितामा दुई र चार अक्षरमा लघु विश्राम र दस अक्षरमा मध्य विश्राम गरी वाचन गरेमा उत्कृष्ट लय सिर्जना हुन सक्छ , जस्तै :

डाँडा काँडा वन सब डुली भिरका खोँचबाट
बाटो खोज्दै हुनुहुनु गरी फाल्छु है झारपात

विद्यार्थीलाई यसै लयमा कविता वाचन गर्न लगाउनुहोस् ।

(ग) विद्यार्थीलाई समूहमा विभाजन गरी पहिलो समूहलाई पहिलो श्लोक पढ्न लगाउनुहोस् । पहिलो समूहले पढिसक्नासाथ दोस्रो समूहलाई दोस्रो श्लोक पढ्न लगाउनुहोस् । यसै गरी अन्य समूहलाई पालो दिनुहोस् । अन्तिम श्लोक पढिसकेपछि सबैलाई एक चोटी सामूहिक वाचन गर्न लगाउनुहोस् ।

(घ) 'गुरु' कविताको क्रियाकलाप 'ग' अनुसार क्रियाकलाप गराई विद्यार्थीले उच्चारण गर्न नसकेका शब्द टिपोट गर्नुहोस् ।

(ङ) खोला कवितामा डाँडा, काँडा, खोँच, झारपात, ठक्कर, डल्ला, भुमरी, घट्ट, फुट्ट, हर्ष जस्ता शब्दको उच्चारण विद्यार्थीलाई कठिन हुन सक्छ । कविता वाचनमा सङ्केत गरेका र यी शब्द टिपोट गरी पटक पटक अभ्यास गराउनुहोस् ।

(च) विद्यार्थीले उच्चारण गर्न नसकेका शब्दको प्रयोग गरी 'गुरु' कविताको क्रियाकलाप (च) अनुसार कविता बनाउनुहोस् वा निम्नानुसार अनुच्छेद बनाउनुहोस् :

हरिया डाँडाकाँडाका बिचबाट भिरका खोँचमा पसी खोला बग्दै थियो । खोलाले झारपात बगाएर पनि माटाका डल्ला र ढुङ्गामा ठक्कर खान्थ्यो । यसले हाँगाबिँगा भाँच्न त के सक्थ्यो ? भुमरी पसेको चिज भने निस्कन दिँदैन्थ्यो । यसले कुनै वस्तुलाई घट्ट झैँ घुमाउँथ्यो, कुनैलाई फुट्ट माथि उठाउँथ्यो । यस्तो खोला देख्दा म हर्षले दङ्ग हुन्थे ।

(छ) माथिको अनुच्छेद पढेर सुनाउन र पढ्दै लेख्न लगाउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) कविताको अंश तोकी लय वाचन गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई पाठका निश्चित शब्द तोकेर उच्चारण गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

कवितालाई गति, यति र लय हालेर पढेर आउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : **शब्दार्थ र वाक्यमा प्रयोग** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) 'खोला' कवितामा प्रयुक्त नयाँ शब्दको अर्थ बताउन

(ख) उक्त शब्दलाई वाक्यमा प्रयोग गर्न

२. **शैक्षिक सामग्री**

शब्दार्थ सूची, वाक्यका नमुना

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीलाई कविताको मौन वाचन गर्न लगाई आफूले अर्थ नजानेका शब्द टिपोट गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीले टिपोट गरेका शब्द भन्न लगाई शैक्षणिक पाटीमा टिप्नुहोस् । कक्षाका अरू विद्यार्थीले ती शब्दको अर्थ जानेको भए भन्न लगाउनुहोस् र अरूलाई अर्थ टिप्न लगाउनुहोस् ।

(ग) विद्यार्थीलाई शब्दकोश हेरेर अर्थ बताउन लगाउनुहोस् वा 'गुरु' कविताको क्रियाकलाप (ग) अनुसार अभ्यासका प्रत्येक शब्दको स्पष्ट अर्थ बताइदिनुहोस् ।

(घ) विद्यार्थीलाई पुस्तकमा अर्थ दिइएका शब्द पनि पढ्न लगाउनुहोस् र पुस्तकमा अर्थ थाहा नपाएका शब्दहरूको शिक्षकले अर्थ बताइदिनुहोस् र परीक्षण गरिदिनुहोस् ।

(ङ) पाठका विभिन्न शब्दको अर्थ बताई वाक्य बनाउने अभ्यास गराउनुहोस् । यस्तै अन्य शब्द दिएर तिनको पनि वाक्य निर्माण गर्न लगाउनुहोस् ।

४. **मूल्याङ्कन**

'खोला' कवितामा प्रयोग भएका तलका शब्दको अर्थ भन, लेख र ती शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

डाँडा, भिर, खोँच, फार्नु, ठक्कर, बगर, गाना, डल्ला, दायाँ, छाया, मोती, सर्प, चाला, फनन, भुमरी, फरफर, हरहर, पुल, बारी, मलजल, शोभा, हर्ष, सासू

५. **गृहकार्य**

पाठको अभ्यास ५ देखि १० सम्म गर्न लगाउनुहोस् ।

## पाठ्वस्तु : **भावबोध** *घन्टी :* २

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) 'खोला' कवितामा आधारित प्रश्नहरूको उत्तर दिन

(ख) 'खोला' कविताको भावबोध गर्न

२. **शैक्षिक सामग्री**

खोला कविता, खोला कविताको लयका केही कविता

३. **शिक्षण क्रियाकलाप**

(क) एक विद्यार्थीलाई एक पङ्क्ति श्लोक पढ्न लगाउनुहोस् । अर्को विद्यार्थीलाई उसको पढाइमा त्रुटि भए त्रुटि देखाउन र सच्चाउन लगाउनुहोस् । तेस्रो विद्यार्थीलाई त्रुटि सच्चाएको ठिक भए नभएको मूल्याङ्कन गर्न लगाउनुहोस् ।

(ख) 'गुरु' कविताको क्रियाकलाप (घ) र (ङ) मा दिएको विधि अपनाई प्रश्नोत्तर गराउनुहोस् । यसका लागि प्रश्न आफैँले बनाइराख्नुहोस् । प्रश्नोत्तरका क्रममा अभ्यासका २ र ५ नं. प्रश्न गराउनुहोस् ।

(ग) 'गुरु' कविताको क्रियाकलाप (च) जसरी कविताको पहिलो श्लोकको भावार्थ बताई बताइदिनुहोस् र पाठको ८ नं. क्रियाकलाप गराउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) गति, यति र लय मिलाएर खोला कविता वाचन गर्न लगाउनुहोस् ।

(ख) तलका प्रश्नको उत्तर भन :

(अ) खोला कविताको पहिलो श्लोक वा कुनै श्लोकको भाव बताऊ ।

(आ) 'खोला' कविताको मूल भाव के हो ?

५. **गृहकार्य :**

(क) अभ्यास ५ को उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

(ख) कविताको मूल भाव लेखेर ल्याऊ ।

पाठ्यवस्तु : **व्याख्या/भाव विस्तार** *घन्टी : २*

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू खोला कविताका विशिष्ट पङक्तिको व्याख्या/भाव विस्तार गर्न सक्षम हुने छन् ।

२. **शैक्षिक सिकाइ सामग्री**

खोला कविताका विशिष्ट पङ्क्तिको सूची

३. **शिक्षण क्रियाकलाप**

(क) खोला कविता मौन वाचन गर्न वा समूहमा छलफल गरी पढ्न लगाउनुहोस् र कवितामा महत्त्वपूर्ण लागेका पङ्क्ति टिप्न वा चिनो लगाउन लगाउनुहोस् ।

(ख) नमुनाका रूपमा विद्यार्थीलाई तलको नमुना व्याख्या/भाव विस्तार पढेर सुनाउनुहोस् र त्यसप्रति विद्यार्थीको प्रतिक्रिया बुझ्नुहोस् । तपाईंले विद्यार्थीको सङ्केत गरेर वा प्रतिक्रिया

जनाएर केही प्रसङ्ग थप्न सक्ने ठाउँ व्याख्या/भाव विस्तारमा छुट्याइदिनुहोस् ।

घुम्दा डाँडा वरिपरि डुली, मोतीको बन्छु माला

झर्दा नाच्दै तलतिर बगी, सर्पझैँ गर्छु चाला

सत्यमोहन जोशीद्वारा लेखिएको 'खोला' कवितामा खोलाको बग्ने कला वर्णन गरिएको छ । पहाडी भूभागमा खोला डाँडाको वरिपरि घुम्दै बगेको हुन्छ । सोझो बाटोमा बग्न नपाएर घुम्नु पर्दा खोलाले धेरै डुल्नुपर्छ । पहाडी भेगमा खोला बग्दा पानीको रङ सेतो देखिन्छ । घुमेर बगेको खोलाको सेतो पानी परबाट हेर्दा मोतीको टल्किने माला जस्तै देखिन्छ । पहाडको भिरालोबाट खोला पहाडको तल्लो भाग हुँदै तराईतिर झर्छ । यसरी तल बग्दा खोलाको बगाई सर्पको चाल जस्तै हुन्छ । सर्प कहिल्यै सिधा हिँड्दैन, त्यसको हिँडाइ बाङ्गोटिङ्गो हुन्छ । पहाडबाट तलतिर झर्दा खोला पनि बाङ्गोटिङ्गो गरेर नै बग्छ । यसरी खोलाको बगाई कहिले मोतीको माला जस्तो र कहिले सर्पको चाला जस्तो देखिने भएकाले यो सुन्दर पनि हुन्छ ।

(ग) अब 'गुरु' कविताको क्रियाकलाप (ग) जसरी नै विशिष्ट पङ्क्तिको व्याख्या/भाव विस्तार गराउनुहोस् र अभ्यास ६ पनि गराउनुहोस् ।

४. **मूल्याङ्कन**

तलका पङ्क्तिका आधारमा भाव विस्तार गर्न लगाउनुहोस् :

ठक्कर् खाए यदि बगरमा, भर्छु गाना रमाई

डल्ला पाए पनि नजिकमा, लान्छु बाटो बनाई ।

५. **गृहकार्य**

कविताका कुनै विशिष्ट पङ्क्ति दिएर व्याख्या/भाव विस्तार गर्न लगाउनुहोस् ।

पाठ्यवस्तु : **कार्यमूलक व्याकरण (वर्ण विन्यास, नाम)** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) पाठमा पढेका शब्द शुद्धसँग लेख्न

(ख) पाठमा पढेका नामहरूको प्रयोग गर्न

२. **शैक्षिक सामग्री**

शब्द सूची (पाठका आधारमा)

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) अशुद्ध प्रयोग भएका शब्दलाई शुद्ध पारी लेख्न लगाउनुहोस् ।

(ख) पाठमा प्रयोग भएका शब्द अशुद्ध पारी लेख्नुहोस् र तिनलाई सच्याउन लगाउनुहोस् ।

(ग) पढिसकेको पाठबाट इ, ई, उ, ऊ, य, ए, ब, व, श, ष, स, ज्ञ, ण, न, प्रयोग भएका पाँच पाँच शब्द टिप्न लगाउनुहोस् ।

(घ) पाठमा प्रयोग भएका नाम शब्दहरू टिप्न लगाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) **तलका शब्द शुद्ध पारेर सार्न लगाउनुहोस् :**

डाँढा, फारछु, नजीक, वायाँ, बरीपरी, मोती, भुमरि, पुलहरू, शाष, एसरी

(ख) **नाम शब्दहरूको प्रयोग गरी एक अनच्छेद लेख्न लगाउनुहोस् ।**

५. गृहकार्य

(क) पाठको अभ्यास १५ देखि २० सम्म गर्न लगाउनुहोस् ।

पाठ्यवस्तु : **कविता लेखन** *घन्टी : १*

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू छोटा कविता लेख्न सक्षम हुने छन् ।

२. **शैक्षिक सामग्री**

गद्य तथा पद्य कविताका केही नमुना

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) कविताका केही नमुना प्रस्तुत गरी कविता लेख्ने तरिकाबारे छलफल गर्नुहोस् ।

(ख) 'गुरु' कविताको क्रियाकलाप (ख) जसरी नै कविता लेख्ने अभ्यास गराउनुहोस् । यस्ता क्रियाकलाप सामूहिक रूपमा प्रतियोगिता समेत गराउनुहोस् ।

(ग) कक्षाको एक कुनामा भित्ते पाटी राखी त्यसलाई कविता प्रदर्शन पाटीका रूपमा उपयोग गर्नुहोस् । विद्यार्थीका कविता प्रदर्शन र पाक्षिक रूपमा पुरस्कृत गर्ने गर्नुहोस् । विद्यार्थीका रचना छनौट गरी उत्कृष्ट कविता बिहानीको प्रार्थनाका स्वरूपमा वा कुनै विशेष अवसरमा वाचन गराउनुहोस् । पत्रिकासँगको पहुँच भए विद्यार्थीका कविता प्रकाशन गराइदिनुहोस् ।

४. **मूल्याङ्कन**

'पानी' शीर्षकमा कविता लेख्न लगाउनुहोस् ।

५. **गृहकार्य**

कुनै शीर्षक दिई कविता लेख्न लगाउनुहोस् ।

पाठ ७

# साने र ठुले (कथा)

*जम्मा घन्टी : ९*

| विषयवस्तु | घन्टी |
|---|---|
| १. सस्वर वाचन र शुद्धोच्चारण | १ |
| २. शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. बोध प्रश्नोत्तर | २ |
| ४. भाव विस्तार/व्याख्या | २ |
| ५. वर्ण विन्यास | १ |
| ६. कार्यमूलक व्याकरण | १ |
| ७. घटना वर्णन र कथा लेखन | १ |

पाठ्यवस्तु : **सस्वर वाचन र शुद्धोच्चारण** *घन्टी : १*

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'साने र ठुले' कथाका निर्दिष्ट अनुच्छेदहरूको सस्वर वाचन गर्न

(ख) कठिन शब्दहरूको शुद्धोच्चारण गर्न

२. **शैक्षिक सामग्री**

टेपरिकर्डर, सस्वर वाचनका लागि अनुच्छेदका नमुना, उच्चारणका दृष्टिले कठिन शब्दहरूको सूची, शब्दपत्ती

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) 'साने र ठुले' कथाको छोटो परिचय दिँदै पाठप्रति विद्यार्थीहरूको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीहरूलाई पाठको अनुच्छेद रोज्न लगाउनुहोस् र आफूले सस्वर वाचन गर्दा ध्यान दिएर पुस्तक हेर्न र सुन्न निर्देशन दिनुहोस् ।

(ख) शिक्षकले उक्त निर्धारित अनुच्छेदहरू गति, यति र लय मिलाएर सस्वर वाचन गर्नुहोस् ।

यस क्रममा टेपरिकर्डरको पनि प्रयोग गर्न सक्नुहुन्छ । आफूले नमुना प्रस्तुत गरिसकेपछि सोहीअनुसार विद्यार्थीहरूलाई सस्वर पठनको अभ्यास गराउनुहोस् । अभ्यास गराउँदा समूह समूहमा वा व्यक्तिगत रूपमा पनि गराउनुहोस् ।

(ग) अन्य मातृभाषी एवम् कमजोर विद्यार्थीहरूको विशेष ख्याल गरी सस्वर वाचनको थप अभ्यास गराउनुहोस् र त्यस्ता विद्यार्थीमा सस्वर वाचन सम्बन्धी कुनै समस्या भए निराकरण पनि गरिदिनुहोस् ।

(घ) सस्वर वाचनका क्रममा निर्धारित अनुच्छेदहरूमा भएका कठिन शब्दहरूको शुद्धोच्चारणको अभ्यास गराउनुहोस् ।

(ङ) आफूले खोजेर ल्याएका र विद्यार्थीहरूबाटै खोज्न लगाइएका शब्दहरू कालोपाटी वा फलाटिन पाटीमा प्रस्तुत गर्नुहोस् । जस्तै : हृष्टपुष्ट, किक्रिक्क, गोब्र्याउँथ्यो, डाढे, झाँक्री, दौंतर, अंशबन्डा, टुङ्गो, कुँडो, उफ्रँदै, बठ्याइँ, फुर्तिलो

(च) शुद्धोच्चारणको शिक्षण गर्दा अन्य भाषी विद्यार्थीहरूप्रति ध्यान दिई शुद्धोच्चारणको अभ्यास गराउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) पाठको अन्तिम अनुच्छेद यति, गति र लय मिलाएर सस्वर वाचन गर्न लगाउनुहोस् ।

(ख) तल दिइएका शब्दहरूको शुद्ध उच्चारण गर्न लगाउनुहोस् :

भैँसी, वाल्ल, स्याहार, चुँडाएर, उफ्रँदै, कुँडो, मन्जुर, टपक्क

५. **गृहकार्य**

यस पाठबाट तिमीलाई उच्चारण गर्न अप्ठ्यारा लागेका कुनै १० शब्द छानी तिनको शुद्धोच्चारण गरेर कक्षामा सुनाऊ ।

पाठ्यवस्तु : **शब्दार्थ र वाक्यमा प्रयोग** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) कथामा प्रयोग भएको कठिन शब्दहरूको अर्थ बताउन

(ख) कथामा प्रयुक्त शब्दहरूलाई वाक्यमा प्रयोग गर्न

२. **शिक्षण सामग्री**

कठिन शब्दहरूको सूची, शब्दपत्ती, अर्थपत्ती

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) शिक्षकले विद्यार्थीहरूलाई प्रस्तुत कथाका निर्धारित अनुच्छेदहरू मौन वाचन गर्न लगाई कठिन शब्दहरू खोज्न लगाउनुहोस् । पाठमै अर्थ दिएका शब्दहरूको अर्थ सम्बन्धित पृष्ठमै खोज्न लगाउनुहोस् र अन्य शब्दहरूको अर्थ उनीहरूलाई बताइदिनुहोस् ।

(ख) शिक्षकले सूचीबद्ध गरेर तथा शब्दपत्तीमा समावेश गरेर ल्याएको शब्दहरूको अर्थको चित्र तथा शब्दपत्तीको समेत उपयोग गर्ने अभ्यास गराउनुहोस् । कठिन शब्दको अर्थ शिक्षण गर्दा पहिले विद्यार्थीलाई अर्थ पहिल्याउन प्रोत्साहित गर्नुहोस् । उनीहरूबाट ठिक उत्तर नआएमा मात्र आफूले उत्तर दिनुहोस् ।

(ग) शब्दार्थ शिक्षण गर्दा शब्दकोशको प्रयोग अभ्यास गराउनु पनि उपयुक्त हुन्छ ।

(घ) शिक्षकले कठिन शब्दहरूको अर्थको शिक्षण गरिसकेपछि त्यस्ता शब्दहरूलाई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् । यस्तो अभ्यास गराउँदा पनि पहिले विद्यार्थीहरूबाटै ठिक उत्तरको अपेक्षा राख्नु राम्रो हुन्छ । उनीहरूबाट ठिक उत्तर नआएमा मात्र वाक्यपत्तीको समेत उपयोग गरी शब्द प्रयोगको अभ्यास गरानुहोस्, जस्तै : मिलनसार, जहान, हृष्टपुष्ट, किक्रिक्क, काम गर्ने कालु मकै खाने भालु, फनफन, मल खाल्डो

(ङ) यस्ता शब्दहरू दिई विद्यार्थीहरूलाई वाक्य प्रयोग गर्न लगाउनुहोस् । उनीहरूले नसके आफूले प्रयोग गरेर देखाइदिनुहोस् ।

४. **मूल्याङ्कन**

(क) तलका शब्दको अर्थ सोध्नुहोस् :

अंशबन्डा, मतान, उपदेश, इमानदार, झ्याँक्री, टुहुरा, बेत, कुँडो, अलिअलि

(ख) तलका शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

मिहिनती, फुर्तिलो, डाढे, पालैपालो, अकस्मात्, प्रस्ताव, टपक्क, हेरचाह

५. **गृहकार्य**

पाठको अभ्यासको प्रश्न नं. ६, ७ र ८ गरेर ल्याउन निर्देशन गर्नुहोस् ।

**पाठ्यवस्तु : बोध प्रश्नोत्तर** *घन्टी : २*

१. **उद्देश्य**

**यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कुरामा सक्षम हुने छन् :**

(क) 'साने र ठुले' कथाका निर्धारित अनुच्छेबाट सोधिएका बोध प्रश्नहरूको मौखिक र लिखित उत्तर दिन

(ख) तोकिएका अनुच्छेदहरूको मुख्य कुरा वा सार भन्न

२. **शैक्षिक सामग्री**

प्रश्नसूची

३. **शिक्षण सिकाइ क्रियाकलाप**

बोध प्रश्नोत्तर गराउँदा शिक्षकले विद्यार्थीहरूलाई निम्न लिखित क्रियाकलाप गराउनुहोस् :

(क) विद्यार्थीहरूलाई पाठको निर्धारित अनुच्छेदहरूको मौन वाचन गर्न लगाउनुहोस् ।

(ख) मौन वाचन ठिक किसिमले गरे नगरेको कक्षामा अवलोकन गर्नुहोस् र आवश्यकताअनुसार उपयुक्त निर्देशन समेत दिनुहोस् ।

(ग) मौन वाचन सकिएपछि निर्धारित अनुच्छेदबाट शिक्षकले पहिले नै तयार पारेका बोध प्रश्नहरू सोध्नुहोस् । यसरी बोध प्रश्न सोध्दा सकेसम्म सबैलाई पालैपालो सोध्नुहोस् । उदाहरणका लागि कथाको पाँचौ र छैठौँ अनुच्छेदबाट निम्नानुसार बोध प्रश्नहरू सोध्नुहोस् । जस्तै :

१. अंशबन्डामा के के छुट्याउन गाह्रो भएन ?

२. भैँसी भाग लगाउन किन गाह्रो भयो ?

३. भैँसी कस्तो थियो र कति दुध दिन्थ्यो ?

४. बौधमानले के सल्लाह दिए ?

५. ठुलेले के प्रस्ताव मानेन ?

६. ठुलेको सोचाइ के थियो ?

७. अन्त्यमा के गर्ने टुङ्गो लाग्यो ?

८. भैँसीको भाग कसरी लगाए ?

९. सानेले भैँसीको कतापट्टिको भाग रोज्यो ?

१०. ठुले किन खुसी भयो ?

११. पुच्छरपट्टिको भाग पर्नेलाई के के फाइदा थियो ?

(घ) तोकिएका अनुच्छेदहरूबाट बोध प्रश्नोत्तर गराउँदा पहिले मौखिक रूपमा र त्यसपछि लिखित रूपमा गराउनुहोस् । बोध प्रश्नको उत्तर नमिलेमा शिक्षकले सच्याइदिनुहोस् । यस क्रममा सिकाइमा कमजोर प्रकृतिका विद्यार्थीहरूप्रति विशेष ध्यान दिनुहोस् ।

(ङ) बोध सम्बन्धी प्रश्नोत्तर गराइसकेपछि उक्त अनुच्छेदको मुख्य कुरा वा सार भन्न र लेख्न लगाउनुहोस् । मुख्य कुरा छोटकरीमा भन्दा वा लेख्दा त्रुटि गरेमा त्रुटि क्षेत्र औँल्याइदिनुहोस् र फेरि गर्न उत्प्रेरित गर्नुहोस् ।

४. **मूल्याङ्कन**

(क) शिक्षकले विभिन्न अनुच्छेदबाट बोध प्रश्न सोधी उत्तर दिन लगाउनुहोस् ।

(ख) विभिन्न अनुच्छेदबाट बोध प्रश्नोत्तर गराउँदा त्यसको मुख्य कुरा छोटकरीमा भन्न र लेख्न लगाउनुहोस् ।

(ग) पाठको अभ्यास १ गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

(क) शिक्षकले यस पाठको अभ्यास ३ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

(ख) यसबाहेक विभिन्न किसिमका बोध प्रश्नहरू दिएर तिनको उत्तर लेखेर ल्याउन निर्देशन गर्नुहोस् ।

पाठ्यवस्तु : **भाव विस्तार/व्याख्या** *घन्टी : २*

१. **उद्देश्य**

यस पाठको अन्त्यमा विद्यार्थीहरू पाठका विशिष्ट पङ्क्तिहरूको भाव विस्तार गर्न सक्षम हुने छन् ।

२. **शिक्षण सामग्री**

विशिष्ट पङ्क्तिको नमुना, भाव विस्तारका लागि निर्दिष्ट पङ्क्तिका बुँदाहरूको सूची

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम शिक्षकले आफूले छानेर ल्याएका विशिष्ट पङ्क्तिको नमुना देखाउनुहोस् र त्यस पङ्क्तिको भाव विस्तारका लागि आवश्यक बुँदाका बारेमा विद्यार्थीहरूसँग छलफल गरेर टिपोट समेत गर्दै जानुहोस् । उदाहरणका लागि कथाबाट (फाइदा लिनेले काम पनि गर्नुपर्छ) लिनुहोस् । यस पङ्क्तिमा आधारित बुँदाहरू निम्न लिखित हुन सक्छन् :

१. काम नगरी फाइदा लिन खोज्नु राम्रो नहुने

२. अर्काको पसिना सित्तै खानु नहुने

३. बिनापरिश्रम कुनै पनि कुरामा फाइदा नमिल्ने

४. फाइदा बढी खोज्नेले मिहिनेत पनि बढी नै गर्नुपर्ने

५. अल्छी र कामचोर भएर बस्न नहुने

(ख) शिक्षकले भाव विस्तारको नमुना प्रस्तुत गर्दै विद्यार्थीहरूलाई माथि दिइएका वा उनीहरू आफैँले तयार पारेका बुँदाहरूका आधारमा उल्लिखित विशिष्ट पङ्क्तिको भाव विस्तार गर्न लगाउनुहोस् ।

(ग) विद्यार्थीहरूले तयार पारेका भाव विस्तारमध्ये केहीलाई कक्षामै प्रस्तुत गर्न लगाई आवश्यकताअनुसार सुधार गरिदिनुहोस् ।

(घ) भाव विस्तार शिक्षण गर्दा कमजोर प्रकृतिका विद्यार्थीहरूको विशेष ख्याल गर्नुहोस् । उनीहरूकै तहबाट भाव विस्तार गर्न लगाउनुहोस् र नमिलेमा आफैँले नमुना प्रस्तुत गरी भाव विस्तार गर्न लगाउनुहोस् ।

(ङ) माथिका बाहेक कथाबाट अन्य विशिष्ट पङ्क्तिहरू पनि खोज्न लगाउनुहोस् । उल्लिखित पङ्क्तिबाहेक निम्न लिखित पङ्क्तिहरू विशिष्ट हुन सक्छन्, जस्तै :

१. उसले छोराहरूलाई सधैँ मिलेर बस्नुपर्छ, इमानदार हुनुपर्छ भनेर अर्ती उपदेश दिन्थ्यो ।

२. म दिनभर काम गर्छु तर 'काम गर्ने कालु मकै खाने भालु' झैँ भए ।

३. स्वर्ग हुने बेलामा बाले भनेको कुरा पनि यही त हो, मिलेर काम गरी मिलेर फाइदा लिनु । यी पङ्क्तिहरूलाई पनि व्याख्या वा भाव विस्तार गर्न लगाउनुहोस् ।

४. **मूल्याङ्कन**

यस पाठको अभ्यास ४ गरेर गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

कथाका कुनै विशिष्ट पङ्क्ति दिई व्याख्या वा भाव विस्तार गरेर ल्याउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : **वर्ण विन्यास** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नानुसार गर्न सक्षम हुने छन् :**

(क) पाठमा प्रयुक्त शब्दहरूको शुद्ध वर्ण विन्यास पहिल्याउन

(ख) पाठमा प्रयुक्त शब्दहरूको लेखनमा शुद्ध वर्ण विन्यास प्रयोग गर्न

२. **शैक्षिक सामग्री**

शब्दपत्ती, शब्दहरूको सूची

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) पाठमा प्रयोग भएका शब्दहरूमध्ये विद्यार्थीहरूलाई वर्ण विन्यासका दृष्टिले विभिन्न थरीका वर्ण विन्यासगत त्रुटि भएका शब्दहरू प्रस्तुत गर्दै पाठको सहयोग लिएर समूहगत छलफलका माध्यमबाट सही वर्ण विन्यास पहिल्याउन लगाउनुहोस् । जस्तै : दौतर, मिलनसार, फूर्तिलो, डादैँ, अकष्माट, झाक्री, टुङ्गो, भौँसी, रिष्टपुष्ट, सेहार आदि ।

(ख) पाठमा दिइएका शब्दहरूको लेखनमा विद्यार्थीहरूले गर्न सक्ने त्रुटिअनुसार अशुद्ध वर्ण विन्यास दिई तिनलाई शुद्ध गर्न लगाउनुहोस् । जस्तै : अंशबण्डा, मीलनसार, सिकाउथ्यो, कहिलेकाही, पुछरपट्टि, विहान, बेलुका, पाढी, मञ्जूर, आदि ।

(ग) पाठमा प्रयुक्त केही शब्दहरूलाई श्रुति लेखन गर्न लगाई शुद्ध वर्ण विन्यास प्रयोग गरेर वा नगरेको हेरी पृष्ठपोषण दिनुहोस् ।

(घ) वर्ण विन्यास त्रुटिका विभिन्न कारणहरूमध्ये ध्यान दिएर पाठ नपढ्नु पनि हो र यसका लागि शुद्ध उच्चारणका साथै ध्यानपूर्वक मौन पठन आवश्यक हुन्छ भन्ने कुरा विद्यार्थीहरूलाई बताउनुहोस् । उनीहरूलाई पाठबाट यथेष्ट शब्दहरूको श्रुति लेखनको अभ्यास गराउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) पाठबाट केही अशुद्ध शब्द वा वाक्यहरू दिई शुद्ध गर्न लगाउनुहोस् ।

(ख) पाठको अभ्यास ११ गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

(क) पाठको दोस्रो र तेस्रो अनुच्छेदबाट ब/व प्रयोग भएका शब्दहरू टिपेर ल्याउन निर्देशन दिनुहोस् ।

(ख) पाठको चौथौ अनुच्छेदबाट ह्रस्व 'इ' कार प्रयोग भएका कुनै १० ओटा शब्द टिपेर ल्याउन भन्नुहोस् ।

पाठ्यवस्तु : **कार्यमूलक व्याकरण (भूतकाल र विभक्ति)** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न कार्य गर्न सक्ने छन् :**

(क) दिइएका धातुबाट भूतकालिक क्रियापद बनाउन

(ख) भूतकालका क्रियापद प्रयोग गरी वाक्य बनाउन

(ग) विभक्तिको प्रयोग गर्न

२. **शैक्षिक सामग्री**

भूतकालका विभिन्न क्रियापदहरूको सूची, भूतकालका क्रियापदहरू प्रयोग गरिएका वाक्यहरूको सूची

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) विभिन्न किसिमका भूतकालिक क्रियाहरू प्रस्तुत गरी ती क्रियाहरूका सामान्य, पूर्ण, अपूर्ण पक्षका बारेमा विद्यार्थीहरूसँग छलफल गर्नुहोस् ।

(ख) भूतकालका सामान्य, पूर्ण र अपूर्ण पक्षका साथै अभ्यस्त र अज्ञात पक्ष गरी ५ पक्ष हुन्छन् भन्ने कुरा विद्यार्थीहरूलाई उदाहरण दिएर बताउनुहोस् र उनीहरूलाई विभिन्न भूतकालिक पक्षको प्रयोग गरी वाक्यहरू निर्माण गर्न लगाउनुहोस् ।

(ग) विद्यार्थीहरूलाई क्रियाको मूल रूप (धातु) मा विभिन्न प्रत्ययहरू लगाएर भूतकालिक क्रियापदहरू बनाइन्छ भन्ने कुरा बताउनुहोस् । जस्तै :

जा + यो = गयो, जा + ई =गई, पढ् + दै = पढ्दै

पढ् + दै थिई = पढ्दै थिई, खा + एको थियो = खाएको थियो, खा + एकी थिई = खाएकी थिई, गर + एछ = गरेछ, गर + छे = गर्छे, खेल+ थ्यो = खेल्थ्यो, खेल+ थी = खेल्थी आदि

(घ) पाठबाट भूतकालिक क्रियापद प्रयोग भएका केही वाक्यहरू प्रस्तुत गर्दै त्यस्तै अन्य वाक्यहरू विद्यार्थीहरूलाई खोज्न लगाउनुहोस् । जस्तै :

१. मताने माहिलालाई अकस्मात् ज्वरो आयो ।

२. उनीहरू आपसमा मिलेर बस्थे ।

३. गाउँमा ती दुई भाइ साने र ठुले भनेर चिनिएका थिए ।

४. भैँसी भोकले कराउँदै थियो ।

५. ठुलेलाई गोबर सोर्न घिन लाग्यो ।

(ङ) पाठबाट कुनै अनुच्छेद छनोट गरी विभक्तिका बारेमा छलफल गरी विभक्ति चिह्न चिन्न लगाउनुहोस् । यसका लागि विभक्ति चिह्नको तालिकाको पनि प्रयोग गर्न सक्नु हुने छ ।

(च) पाठको कुनै एउटा अनुच्छेद पढ्न लगाएर त्यस अनुच्छेदमा प्रयोग भएका भूतकालिक क्रिया र विभक्ति सम्बन्धमा कक्षामा छलफल गराउनुहोस् ।

(छ) कुनै एउटा पक्षको भूतकालका क्रिया प्रयोग भएका वाक्यलाई कालोपाटीमा लेखेर तिनलाई अन्य पक्षमा बदल्न लगाउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) तलका भूतकालका क्रियापदहरूलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

पढेँ, पढ्यौ, पढ्थे, पढिन्, पढ्दै छ, गयो, खेल्दै थिए, खाएछ, गरेछन्

(ख) पाठको पहिलो र दोस्रो अनुच्छेदबाट विभक्ति टिप्न लगाउनुहोस् ।

५. **गृहकार्य**

पाठको १४ देखि २० सम्मका प्रश्नहरूको उत्तर लेखेर ल्याउन विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् र परीक्षण समेत दिनुहोस् ।

पाठ्यवस्तु : **घटना वर्णन र कथा लेखन** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नानुसार कार्य गर्न सक्षम हुने छन् :**

(क) दिइएको शीर्षक घटना वा बुँदाहरूका आधारमा कथाको रचना गर्न

(ख) पठित कथाका आधारमा कथा लेख्न

२. **शैक्षिक सामग्री**

कथाका शीर्षकहरूको सूची, कथाका घटना वा बुँदाहरू, कथाका नमुनाहरू, बाल पत्रिकाहरू

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) शिक्षकले कुनै घटना वा बुँदाहरू दिई त्यस्तो घटना वा बुँदाहरूलाई कथाका रूपमा कसरी प्रस्ततु गर्न सकिन्छ भन्ने विषयमा विद्यार्थीहरूसँग छलफल गर्नुहोस् ।

(ख) शिक्षकले केही शीर्षकहरू दिई कथा लेखन कसरी गर्ने भन्ने कुरा बताउनुहोस् । यसका लागि शीर्षकहरूको सूची फलाटिन पाटीमा प्रस्तुत गर्नुहोस् र त्यसैअनुसार तयार पारेर ल्याएको नमुना कथा पनि प्रस्तुत गर्नुहोस् ।

(ग) यस तहका विद्यार्थीहरूलाई छोटा छोटा कथाहरूको लेखन अभ्यास गराउनुहोस् ।

(घ) कथाको शीर्षक उपयुक्त होस् भन्ने कुरामा विचार पुऱ्याई कक्षामा कथाको शीर्षक र नमुना कथाहरू प्रस्तुत गर्नुहोस् । मुना, बाल कोसेली वा त्यस्तै अन्य कुनै बाल पत्रिकामा छापिएका छोटा छोटा कथालाई नमुना कथाका रूपमा प्रस्तुत गर्नुहोस् ।

(ङ) शिक्षकले कथाका बुँदाहरूलाई फलाटिन पाटी वा कालोपाटीमा प्रस्तुत गरी दिइएका बुँदाहरूका आधारमा कथा लेखनको अभ्यास गराउनुहोस् । जस्तै :

एउटा जोगीले आफू धनी भएको भए धेरै दान गर्थे भनी भगवान्लाई सम्झनु, जोगीको पुकार भगवान्ले सुन्नु, भगवान्ले जोगीको परीक्षा लिने विचार गर्नु, भगवान् रथ चढी त्यही बाटो आउनु, भगवान्लाई नचिनी जोगीले तिनैसँग माग्ने विचार गर्नु, रथ रोकी भगवान्ले नै जोगीसित माग्नु, जोगीले थैलोबाट मकैको सानो गेडो दिनु, भगवान् बाटो लाग्नु, जोगी निराश हुनु, जोगीले नाङ्लामा भिक्षा खन्याउनु, जोगीले सानो सुनको डल्लो पाउनु, जोगीलाई ती मानिस भगवान् भएको विश्वास हुनु, जोगीलाई पछुतो लाग्नु, आफूले जति दियो त्यति मात्र पाइने रहेछ भन्ने कुरा जोगीले बुझ्नु ।

(च) विद्यार्थीहरूलाई पढिसकेका कथाहरूका मुख्य घटना टिप्न र वर्णन गर्न लगाई घटना वर्णन र कथा लेखनको अभ्यास गराउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) कथाका घटना दिई घटनाहरूका आधारमा कथा लेखन गराउनुहोस् ।

(ख) बुँदाहरू र शीर्षक दिई कथा लेखन गराउनुहोस् ।

५. **गृहकार्य**

पाठको सिर्जनात्मक अभ्यास गरेर ल्याउन निर्देशन दिनुहोस् र मूल्याङ्कन समेत गरिदिनुहोस् ।

पाठ ८

# कृषिमलको प्रयोग

*अनुमानित घन्टी : ९*

| क्र.सं. | पाठ्यवस्तु | घन्टी |
|---|---|---|
| १. | सस्वर वाचन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | बोध प्रश्नोत्तर | १ |
| ४. | व्याख्या /भाव विस्तार | २ |
| ५. | बुँदा टिपोट र सारांश | १ |
| ६. | कार्यमूलक व्याकरण | १ |
| ७. | प्रबन्ध/निबन्ध लेखन | २ |

पाठ्यवस्तु : **सस्वर वाचन र शुद्धोच्चारण** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) निर्धारित अनुच्छेदलाई गति, यति र लय मिलाई सस्वर पढ्न

(ख) पाठमा प्रयुक्त कठिन शब्दको शुद्धसँग उच्चारण गर्न

२. **शैक्षिक सामग्री**

शब्दपत्ती, उच्चारणका लागि कठिन शब्दहरूको सूची

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) शिक्षकले कृषिमलको प्रयोग सम्बन्धी विविध प्रश्नोत्तर गराई विद्यार्थीलाई पाठप्रति ध्यानाकर्षण गराउनुहोस् । जस्तै :

- कृषिमल भनेको के हो ?
- माटोमा अम्लीयपन केले बढाउँछ ?
- माटोमा अम्लीयपन नहुन केको प्रयोग गर्नुपर्छ ?
- कुन मल प्रयोग गरिएका खाद्य तत्त्व लाभदायक हुन्छन् ?

- किसानले किन प्राङ्गारिक मलको प्रयोग गर्नु राम्रो हुन्छ ?

(ख) शिक्षकले सस्वर वाचनका लागि कुनै एक दुई अनुच्छेद तोकिदिनुहोस् र कक्षाका कुनै विद्यार्थीलाई सस्वर पढ्न उत्प्रेरित गर्नुहोस् । अनि अन्य विद्यार्थीलाई उक्त अनुच्छेदहरूलाई गति, यति मिलाई पढेको ध्यान दिएर सुन्न र हेर्न निर्देशन दिनुहोस् ।

(ग) प्रबन्धका बाँकी अनुच्छेद विद्यार्थीलाई आलोपालो गरेर गति, यति र लयका साथ वाचन गर्न निर्देशन गर्नुहोस् । पढ्ने विद्यार्थीबाहेक अन्य विद्यार्थीलाई किताबको पाठ हेरेर सुन्न र साथीले ठिक पढे नपढेको याद गर्न लगाई भन्न लगाउनुहोस् ।

(घ) विद्यार्थीलाई सस्वर पठन गर्दा गति, यति मिलाई पठन गर्न कठिन भएमा शिक्षकले आदर्श वाचन गरिदिनुहोस् र विद्यार्थीलाई पुनः वाचन गर्न लगाउनुहोस् ।

(ङ) पाठ वा निर्धारित अनुच्छेदबाट उच्चारणमा कठिन हुने शब्दहरूको सूची बनाउन निर्देशन गर्नुहोस् । ती शब्दहरू शैक्षणिक पाटीमा टिपोट गरिदिनुहोस् ।

(च) यसपछि विद्यार्थीलाई उक्त कठिन शब्दको शुद्ध उच्चारण गर्न अभ्यास गराउनुहोस् र विद्यार्थीले गल्ती गरेमा गल्ती निर्देशन गरी सही उच्चारणको नमुना प्रदर्शन गर्दै अभ्यास गराउनुहोस् ।

(छ) उच्चारणका क्रममा अन्य मातृभाषी विद्यार्थीलाई विशेष जोड दिँदै कक्षामा अभ्यास गराउनुहोस् । शब्दका पत्तीहरू गोजी तालिका वा फलाटिन पाटीमा प्रस्तुत गर्दै तिनको पनि विद्यार्थीलाई पालैपालो अभ्यास गर्न लगाउनुहोस् ।

(ज) शुद्ध उच्चारणको अभ्यास गराउँदा शिक्षकले शब्द, वाक्य र अनुच्छेदको अभ्यास गराउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) पाठको अनुच्छेद तोकेर विद्यार्थीलाई गति, यति मिलाई सस्वर वाचन गर्न लगाउनुहोस् ।

(ख) पाठबाट उच्चारणका दृष्टिले कठिन शब्द उच्चारण गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

कृषिमलको प्रयोग पाठ घरमा सस्वर वाचन गर्न निर्देशन दिनुहोस् ।

पाठ्यवस्तु : **शब्दार्थ र वाक्यमा प्रयोग** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) पाठमा प्रयुक्त कठिन शब्दहरूको अर्थ भन्न

(ख) उक्त शब्दहरूलाई अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्न

२. **शैक्षिक सामग्री**

शब्दपत्ती, अर्थपत्ती, वाक्यपत्ती

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीलाई मनमनै पढ्न लगाई कठिन शब्द टिपोट गरी भन्न निर्देशन गर्नुहोस् ।

(ख) टिपोट गरिएका शब्दहरूलाई नदोहोरिने गरी पालैपालो भन्न लगाई शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।

(ग) कठिन शब्दहरूको सङ्कलनपछि हरेक शब्दको अर्थ विद्यार्थीहरूलाई नै दिन लगाउनुहोस् । विद्यार्थीले नजानेमा भन्न नसकेका शब्दको अर्थ शब्दपत्ती र अर्थपत्तीका सहायताले प्रष्ट पारिदिनुहोस् ।

(घ) फलाटिन पाटीमा शब्द र अर्थको जोडा मिलाउने सूची प्रदर्शन गरी कमजोर विद्यार्थीलाई भन्न लगाउनुहोस् र अरू विद्यार्थीलाई मिले नमिलेको हेर्न लगाई सही उत्तर भन्न लगाउनुहोस् ।

(ङ) पाठमा भएका कठिन शब्द र विभिन्न आशय भएका वाक्यांशलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् र वाक्यपत्तीको प्रयोग गरी एकदुई नयाँ शब्दलाई वाक्यमा प्रयोग गरी नमुना प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई कठिन भएका खण्डमा आवश्यक सहयोग गरिदिनुहोस् ।

४. **मूल्याङ्कन**

(क) पाठमा भएका कठिन शब्दहरूको अर्थ विद्यार्थीलाई पालैपालो भन्न लगाउनुहोस् ।

(ख) अभ्यासमा दिइएका प्रश्नको उत्तर दिन लगाउनुहोस् ।

५. **गृहकार्य**

पाठको अभ्यास ८ र ९ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

पाठ्यवस्तु : **बोध प्रश्नोत्तर** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) निर्दिष्ट अनुच्छेदका आधारमा सोधिएका बोध प्रश्नको उत्तर दिन

(ख) पाठको अभ्यासमा दिइएका बोध सम्बन्धी प्रश्नको उत्तर दिन

२. **शैक्षिक सामग्री**

बोध प्रश्नहरूको सूची

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) शिक्षकले सर्वप्रथम प्रस्तुत पाठबाट एक दुई ओटा उपयुक्त अनुच्छेदहरू तोकी समय निर्धारण गरिदिई मौन वाचन गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीहरूले मौन वाचन ठिकसँग गरिराखेका छन् कि छैनन् निरीक्षण गर्नुहोस् । आवश्यक भए मौन वाचन दोहोऱ्याएर गर्न लगाउनुहोस् ।

(ग) मौन पठनपश्चात् पालैपालो फलाटिन पाटीमा बोध प्रश्नहरूको सूची प्रस्तुत गर्दै तिनको पालैपालो उत्तर सोध्नुहोस् । उदाहरणका लागि बोध प्रश्नहरू निम्न लिखित छन् :

(अ) माटोमा अम्लीयपन केले बढाउँछ ?

(आ) माटोमा अम्लीयपन नहुन केको प्रयोग गर्नुपर्छ ?

(इ) कुन मल प्रयोग गरिएका खाद्य तत्त्व लाभदायक हुन्छन् ?

(ई) किसानले किन प्राङ्गारिक मलको प्रयोग गर्नु राम्रो हुन्छ ?

(उ) ती प्रश्नहरूको उत्तर पहिले मौखिक र त्यसपछि लिखित रूपमा दिन लगाउनुहोस् ।

(ऊ) एउटा समूहलाई सम्बन्धित अनुच्छेदबाट विभिन्न प्रश्न बनाउन लगाउनुहोस् र ती प्रश्न अर्को समूहलाई सोधी तिनको उत्तर भन्न लगाउनुहोस् । तेस्रो समूहलाई प्रश्नको उत्तर ठिक भए नभएको मूल्याङ्कन गर्न लगाउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) पाठको अनुच्छेद तोकेर मौखिक र लिखित रूपमा बोध प्रश्नोत्तर गराउनुहोस् ।

(ख) अभ्यासको २ देखि ५ को उत्तर लेख्न निर्देशन दिनुहोस् र परीक्षण पनि गरिदिनुहोस् ।

## पाठ्यवस्तु : **व्याख्या/भाव विस्तार** *घन्टी : २*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

कृषिमलको प्रयोग प्रबन्धका विशिष्ट पङ्क्तिहरूको व्याख्या गर्न

२. **शैक्षिक सामग्री**

विशिष्ट पङ्क्ति लेखिएका मेटाकार्ड, व्याख्याको नमुना

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) पाठबाट विशिष्ट अंश वा पङ्क्ति छानेर त्यसका व्याख्यान बुँदाहरूमाथि छलफल गर्नुहोस् । जस्तै : "कृषि उत्पादन बढाउन कृषिमलको आवश्यकता हुन्छ" ।

(ख) यस पङ्क्तिको अभिप्राय पहिल्याउन विद्यार्थीहरूलाई विभिन्न प्रश्नहरू सोधी उत्तर दिन

लगाउने र ती बुँदाहरूलाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ग) ती बुँदाहरूलाई वाक्य बनाउँदै अनुच्छेदमा लेख्न लगाउनुहोस् । अनुच्छेदबाट प्रस्ट नभएका कुराहरू छलफल गराई सम्बन्धित पङ्क्तिको अर्थ स्पष्ट पारिदिनुहोस्

(घ) शिक्षकले आफूले तयार गरेर ल्याएको व्याख्याको नमुना फलाटिन पाटीमा प्रस्तुत गर्दै कक्षामा तयार गरिएको व्याख्या र त्यसका बिच तुलना गर्न लगाउने र आवश्यक थपघटसहित अर्थ स्पष्ट पार्दै अर्थ बताइदिनुहोस् ।

(ङ) विद्यार्थीबाट व्याख्याका लागि अरू पङ्क्तिमा पनि बुँदा प्रस्तुत गर्न लगाउनुहोस् र उपयुक्त भएकालाई शैक्षणिक पाटीमा टिपोट गर्न लगाउनुहोस् ।

(च) टिपोट गरिएका बुँदालाई व्याख्या गर्न लगाउँदै उत्कृष्ट व्याख्यालाई नमुनाका रूपमा कक्षामा प्रदर्शन गरी आवश्यक प्रोत्साहन र पृष्ठपोषण दिनुहोस् ।

४. **मूल्याङ्कन**

पाठबाट कुनै खास विशिष्ट पङ्क्ति दिई त्यसका मुख्य मुख्य बुँदाहरूबारे प्रश्नोत्तर गराई व्याख्या गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

अभ्यासको ३ को उत्तर लेखेर ल्याउन लगाउनुहोस् ।

## पाठ्यवस्तु : **बुँदा टिपोट र सारांश** *घन्टी : १*

१. **उद्‌देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) तोकिएका अनुच्छेदहरूको मुख्य मुख्य बुँदा टिपोट गर्न

(ख) तोकिएका अनुच्छेदहरूको सारांश बताउन

२. **शैक्षिक सामग्री**

अनुच्छेदका मुख्य बुँदाहरूको सूची, सारांशको नमुना

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीलाई प्रस्तुत पाठबाट एक दुई ओटा उपयुक्त अनुच्छेदहरू तोकेर समय निर्धारण गरी मौन वाचन गर्न लगाउनुहोस् । विद्यार्थीले मौन वाचन ठिकसँग गरे नगरेको निरीक्षण गर्दै आवश्यक सहयोग गर्नुहोस् ।

(ख) विद्यार्थीलाई प्रस्तुत अनुच्छेदका मुख्य मुख्य बुँदा पहिल्याई भन्न लगाउनुहोस् र आवश्यक संशोधनका साथ शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ग) बुँदा टिपोट गरेपछि अनावश्यक बुँदा हटाउँदै आवश्यक भए अन्य बुँदा पनि थपिदिनुहोस् ।

(घ) उपयुक्त बुँदाहरूलाई आधार मानेर सारांश भन्न लगाउनुहोस् र पछि लेख्न लगाउनुहोस् । तिनीहरूका बारेमा आवश्यक छलफल समेत गर्नुहोस् ।

(ङ) शिक्षकले तयार पारेर ल्याएको टिपोट र सारांशको नमुना फलाटिन पाटीमा प्रस्तुत गरेर त्यसैअनुसार सच्याउन लगाउनुहोस् ।

(च) विद्यार्थीलाई पुनः अनुच्छेद तोकेर बुँदा टिपोट र सारांशको अभ्यास गराउनुहोस् । आवश्यक परेमा सहयोग गरी पृष्ठपोषण समेत प्रदान गरिदिनुहोस् ।

४. **मूल्याङ्कन**

पाठको दोस्रो अनुच्छेदको बुँदा टिपोट र सारांश लेख्न लगाउनुहोस् ।

५. **गृहकार्य**

पाठको पहिलो अनुच्छेदलाई बुँदा टिपोट र सारांशमा लेखेर ल्याउन लगाउनुहोस् ।

पाठ्यवस्तु : **कार्यमूलक व्याकरण (वर्तमान काल र करण/अकरण)** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) वर्तमान कालका क्रियापदलाई वाक्यमा प्रयोग गर्न

(ख) करण वाक्यलाई अकरण र अकरण वाक्यलाई करण वाक्यमा परिवर्तन गर्न

२. **शैक्षिक सामग्री**

वर्तमान काल जनाउने शब्द र वाक्यहरूको सूची, करण र अकरण वाक्यहरूको सूची

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम विद्यार्थीहरूलाई पाँच समूहमा बाँड्नुहोस् र प्रत्येक समूहलाई पाठका एक एक अनुच्छेदको क्रियापदको सूची बनाउन लगाउनुहोस् ।

(ख) समूहहरूबाट सङ्कलित क्रियापदका सूचीलाई काल मिलाएर सूची बनाउन लगाउनुहोस् ।

(ग) यसपछि वर्तमान कालका क्रियापद प्रयोग भएको अनुच्छेद कालोपाटीमा लेखी वा टिपी त्यसबाट

वर्तमान कालका क्रियापद र वाक्य पहिचान गर्न लगाउनुहोस् ।

(घ) वर्तमान कालका क्रियापद प्रयोग भएका वाक्य भन्न लगाई कालोपाटीमा लेख्नुहोस् । विद्यार्थीहरूबाट देखाइएका प्रतिक्रियाका आधारमा आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ङ) वर्तमान कालका क्रियापद दिई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(च) करण र अकरण वाक्यहरू प्रयोग भएका वाक्य सूचीको प्रयोग गर्दै करण/अकरणका बारेमा छलफल गराउनुहोस् ।

(छ) करण वाक्यलाई अकरण र अकरण वाक्यलाई करण वाक्यमा परिवर्तन गर्न लगाउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) वर्तमान कालका क्रियापदको प्रयोग गरी कुनै विषयका बारेमा एक अनुच्छेदमा वर्णन गर्न लगाउनुहोस् ।

(ख) करण र अकरण प्रयोग भएका पाँच पाँच ओटा वाक्यहरू बनाउन लगाउनुहोस् ।

५. **गृहकार्य**

अभ्यासको १४ देखि १९ सम्म गरेर ल्याउन निर्देशन गर्नुहोस् ।

**पाठ्यवस्तु : प्रबन्ध/निबन्ध लेखन** *घन्टी : २*

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू पठित र स्वतन्त्र विषयमा प्रबन्ध लेख्न सक्षम हुने छन् ।

२. **शैक्षिक सामग्री**

प्रबन्ध लेखनका लागि शीर्षक र बुँदाहरू, प्रबन्ध लेखनको ढाँचा

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) शिक्षकले कुनै अनुच्छेदको बुँदाहरू दिई ती बुँदाहरूका आधारमा अनुच्छेद तयार गर्न लगाउनुहोस् ।

(ख) अनुच्छेद लेखनपश्चात् प्रबन्धका केही शीर्षकहरू विद्यार्थीलाई भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ग) प्रबन्ध शीर्षक टिपोट गर्दा अन्य शीर्षक पनि थप गरिदिनुहोस् । यसरी शीर्षक थप गर्दा पूर्व पठित विषयसँग सम्बन्धित शीर्षक पनि छनोट लगाउनुहोस् ।

(घ) शैक्षणिक पाटीमा टिपोट गरिएका शीर्षकहरूमध्ये एउटा शीर्षक विद्यार्थीलाई छनोट गर्न लगाउनुहोस् ।

(ङ) निबन्ध लेखनका तरिका सम्बन्धी छलफल गर्दै आदि, मध्य र अन्त्य खण्डका बारेमा चर्चा गर्नुहोस् ।

(च) विद्यार्थीले छनोट गरेको शीर्षकका बारेमा विद्यार्थीले जानेका बुँदाहरू टिपोट गर्न लगाउनुहोस् ।

(छ) विद्यार्थीले बुँदा टिपोट गरिसकेपछि निबन्धको ढाँचा देखाएको तालिका प्रस्तुत गर्नुहोस् र सोही ढाँचाअनुसार निबन्ध लेख्न लगाउनुहोस् ।

(ज) विद्यार्थीले निबन्ध लेखिसकेपछि परीक्षण समेत गरिदिनुहोस् । केही उत्कृष्ट निबन्धलाई कक्षामा वाचन समेत गरिदिनुहोस् । कमजोर विद्यार्थीलाई पृष्ठपोषणसहित अझ राम्रो निबन्ध लेखनका लागि प्रोत्साहन गरिदिनुहोस् ।

(झ) विद्यार्थीलाई शीर्षक दिएर निबन्ध लेखन प्रतियोगिता गराउनुहोस् । आवश्यक मूल्याङ्कन गरी पुरस्कार समेत प्रदान गरिदिनुहोस् ।

४. **मूल्याङ्कन**

कुनै शीर्षक दिएर निबन्ध लेख्न लगाई त्यसको परीक्षण समेत गरिदिनुहोस् ।

५. **गृहकार्य**

(क) विभिन्न शीर्षकहरू दिई कुनै विषयमा निबन्ध लेखेर देखाउन लगाउनुहोस् ।

(ख) सिर्जनात्मक अभ्यास गरेर ल्याउन निर्देशन गर्नुहोस् ।

पाठ
९

# दाजुलाई बहिनीको चिठी

*अनुमानित घन्टी : ७*

| विषयवस्तु | घन्टी |
|---|---|
| १. सस्वर वाचन र शुद्धोच्चारण | १ |
| २. शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. चिठी लेखन | २ |
| ४. व्यावहारिक लेखन | २ |
| ५. कार्यमूलक व्याकरण | १ |

पाठ्यवस्तु : **सस्वर वाचन र शुद्धोच्चारण** *घन्टी : १*

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'दाजुलाई बहिनीको चिठीका' निर्दिष्ट अनुच्छेदहरूको सस्वर वाचन गर्न

(ख) कठिन शब्दहरूको शुद्धोच्चारण गर्न

२. **शैक्षिक सामग्री**

उच्चारणका दृष्टिले कठिन शब्दहरूको सूची, शब्दपत्ती

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) शिक्षकले घरायसी चिठीको सामान्य परिचय दिँदै पाठप्रति विद्यार्थीहरूको ध्यान आकर्षित गर्नुहोस् र उनीहरूलाई चिठी सस्वर वाचन गरेर सुनाउनुहोस् । आफूले वाचन गर्दा पहिले उनीहरूलाई चिठीका अनुच्छेद ध्यान दिएर हेर्न र सुन्न लगाउनुहोस् ।

(ख) विद्यार्थीहरूलाई पुरै कक्षामा, समूहमा र व्यक्तिगत रूपमा समेत अभ्यास हुने गरी आफूले प्रस्तुत गरेको नमुनाअनुसार पाठको सस्वर वाचन गर्न लगाउनुहोस् र उनीहरूले कठिनाइ अनुभव गरेका ठाउँमा त्रुटिहरू सुधारिदिनुहोस् ।

(ग) सस्वर वाचनको अभ्यास सकिएपछि शिक्षकले उच्चारणका दृष्टिले कठिन देखिने शब्दहरूको सूची वा शब्दपत्ती कक्षामा प्रस्तुत गर्नुहोस् र क्रमैसँग त्यस्ता शब्दहरू शुद्ध उच्चारण गरेर कक्षामा सुनाउनुहोस् र विद्यार्थीहरूलाई पनि अभ्यास गराउनुहोस् । पाठमा प्रयुक्त कठिन

शब्दहरू निम्न लिखित हुन सक्छन् :

सादर, सन्देश, बिसन्चो, अलमलिएर, विद्यालय, टीका टिप्पणी, प्रतिष्ठामय, आँच, आशक्ति, बेरोजगारी, आय आर्जन, टुङ्ग्याउनु, अनुमति

(घ) अन्य मातृभाषी र कमजोर देखिएका विद्यार्थीहरूको विशेष ख्याल गरी सस्वर वाचन र शुद्धोच्चारणको अभ्यास गराउनुहोस् ।

(ङ) शुद्धोच्चारणको अभ्यास गराउँदा पहिले शब्दको अनि वाक्यको स्तरमा समेत गराउनु उपयुक्त हुन्छ ।

४. **मूल्याङ्कन**

(क) पाठको दोस्रो अनुच्छेद यति र गति मिलाएर सस्वर वाचन गर्न लगाउनुहोस् ।

(ख) पाठको तेस्रो अनुच्छेदका निम्न लिखित शब्दहरूको शुद्ध उच्चारण गर्न लगाउनुहोस् :

सेवामूलक, प्रतिष्ठामय, बिदेसिनु, भौतिक, आँच, राष्ट्रिय, पिरोलिएका

५. **गृहकार्य**

'दाजुलाई बहिनीको चिठी' राम्ररी पढी त्यसबाट उच्चारण गर्न कठिन लागेका शब्दहरू टिपेर ल्याउन लगाउनुहोस् ।

पाठ्यवस्तु : **शब्दार्थ र वाक्यमा प्रयोग** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न काय गर्न सक्षम हुने छन् :**

(क) चिठीमा प्रयुक्त कठिन शब्दहरूको अर्थ बताउन

(ख) चिठीमा प्रयोग भएका शब्दहरू अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न

२. **शैक्षिक सामग्री**

कठिन शब्दहरूको सूची, शब्दपत्ती, अर्थपत्ती, वाक्य पत्ती

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) शिक्षकले विद्यार्थीहरूलाई प्रस्तुत चिठी मौन वाचन गर्न लगाई कठिन शब्दहरू खोज्न लगाउनुहोस् । पाठमै अर्थ दिएका शब्दहरूको अर्थ सम्बन्धित पृष्ठमै खोज्न लगाउनुहोस् ।

(ख) पाठमा अर्थ नदिएका शब्दहरूको सूची तथा शब्दपत्तीमा समावेश गरेर ल्याएका शब्दहरूको अर्थको चित्र एवम् अर्थपत्तीको समेत उपयोग गरी शब्दार्थ शिक्षण गर्नुहोस् । कठिन शब्दहरूको

शिक्षण गर्दा पहिले विद्यार्थीहरूलाई अर्थ पहिल्याउन प्रोत्साहित गर्नुहोस् । उनीहरूबाट उपयुक्त अर्थ नआए मात्र आफूले बताइदिनुहोस् ।

(ग) शब्दार्थ शिक्षण गर्दा शब्दकोशको प्रयोग गर्ने तरिका बताई विद्यार्थीहरूलाई त्यसको अभ्यास गराउनुहोस् ।

(घ) शिक्षकले कठिन शब्दहरूको अर्थ शिक्षण गरिसकेपछि त्यस्ता शब्दहरूलाई वाक्यमा प्रयोग गर्ने अभ्यास समेत गराउनुहोस् । यस्तो अभ्यास गराउँदा पनि पहिले विद्यार्थीहरूबाटै उत्तरको अपेक्षा राखिनु राम्रो हुन्छ । उनीहरूबाट ठिक उत्तर नआए मात्र वाक्यपत्तीको समेत उच्चाण गरी शब्द प्रयोगको शिक्षण गर्नुहोस् । यस पाठबाट निम्न लिखित शब्दहरूलाई वाक्यमा प्रयोग गर्न लगाउन सक्नुहुन्छ :

पूजनीय, सन्देश, व्यावहारिक, टीका टिप्पणी, सेवामूलक, भौतिक, बेरोजगारी, आय आर्जन, अनुमति, मनोभावना

४. **मूल्याङ्कन**

(क) तलका शब्दको अर्थ सोध्नुहोस् :

समस्या, तारिफ, खबर, प्रतिष्ठा, प्रगति, सन्तोषजनक, आँच, जीवनयापन

(ख) तलका शब्दलाई वाक्यमा प्रयोग गर्नु लगाउनुहोस् :

असन्तोषी, शिक्षित, कुरा काट्नु, राजीनामा, तारिफ, गर्नु, बिसन्चो, अरब

५. **गृहकार्य**

पाठको अभ्यासको प्रश्न ६ र ७ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

पाठ्यवस्तु : **चिठी लेखन** *घन्टी : २*

१. **उद्देश्य**

**यस पाठ्यवस्तुको अध्ययनपछि विद्यार्थीहरू निम्नानुसार कार्य गर्न सक्षम हुने छन् :**

(क) उपयुक्त अनुकूल ढाँचामा घरायसी चिठीको उत्तर लेख्न

(ख) निर्दिष्ट विषयमा आधारित भएर घरायसी चिठी रचना गर्न

२. **शिक्षण सामग्री**

घरायसी चिठीका विभिन्न अंशहरू (आरम्भ, मध्य र समापन भाग)

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) शिक्षकले घरायसी चिठीको नमुना फलाटिन पाटीमा टाँसी खामको नमुना समेत कक्षामा

प्रस्तुत गर्दै त्यसको उपयुक्त ढाँचाका बारेमा कक्षामा छलफल गराउनुहोस् । चिठीमा उल्लेख भएका ठाउँ, ठेगाना, मिति, सम्बोधन, विषय र समापनमा परिवर्तन गरी त्यसै ढाँचामा अर्को चिठी लेख्न लगाउनुहोस् र यस्तै खालका अन्य घरायसी चिठीको थप अभ्यास गराउनुहोस् ।

(ख) घरायसी चिठीका प्रमुख अङ्गहरू छ्यासमिस गरी छुट्टाछुट्टै रूपमा फलाटिन पाटीमा प्रस्तुत गर्नुहोस् र तिनका आधारमा कक्षालाई समूहमा विभाजन गर्नुहोस् । अनि कुनै समूहलाई चिठीको सम्बोधन खन्ड, कुनै समूहलाई मुख्य व्यहोरा र कुनै समूहलाई समापन खन्ड दिई हरेक समूहलाई चिठीको पूर्ण रूप तयार गर्न लगाउनुहोस् । यसरी तयार गरिएका चिठीलाई कक्षामा प्रस्तुत गराई आवश्यक सुधार समेत गरेर अन्तिम रूप दिनुहोस् ।

(ग) घरायसी चिठीका अन्य नमुना दिई त्यसलाई मौन वाचन गर्न लगाई उत्तरसमेत लेख्न लगाउनुहोस् । यसरी लेखिएका चिठीको उत्तरलाई पनि कक्षामा प्रस्तुत गराई छलफलका आधारमा सुधार समेत गरिदिई अन्तिम रूप दिनुहोस् ।

(घ) कुनै चिठीका खास खास शब्दहरू हटाई खाली ठाउँ भरेर चिठीलाई पूर्ण रूप दिन लगाउनुहोस् । यसबाट उनीहरूको रचनात्मक सामर्थ्यको विकास हुन्छ ।

(ङ) कुनै विषय दिई विद्यार्थीहरूलाई घरायसी चिठी रचना गर्न लगाउनुहोस् र त्यो ठिक भए नभएको राम्ररी हेरिदिनुहोस् ।

(च) पाठको अभ्यास १७, १८ र १९ गर्न लगाउनुहोस् र मिले नमिलेको परीक्षण गरिदिनुहोस् ।

४. **मूल्याङ्कन**

(क) घरायसी चिठीको महत्त्वका बारेमा कक्षामा छलफल गराउनुहोस् ।

(ख) घरायसी चिठी देखाई मिति र ठेगाना, सम्बोधन र समापन, मुख्य बेहोरा चिन्न लगाउनुहोस् ।

५. **गृहकार्य**

आफ्नो पढाइ लेखाइबारे अवगत गराउँदै आफ्ना मामालाई एउटा चिठी लेख । त्यसलाई खाममा राखी ठेगाना समेत लेखेर ल्याउन लगाउनुहोस् ।

## पाठ्यवस्तु : **व्यावहारिक लेखन** *घन्टी : २*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू सक्षम हुने छन् :**

बधाई पत्र र समवेदनाको बेहोरा तयार गर्न

२. **शैक्षिक सामग्री**

बधाई, समवेदनाका नमुना

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम शिक्षकले विद्यार्थीहरूलाई व्यावहारिक लेखनका बारेमा सङ्क्षिप्त जानकारी दिनुहोस् र यस लेखनको आवश्यकता बताउनुहोस् ।

(ख) बधाई, समवेदना जस्ता व्यावहारिक लेखनका नमुना देखाई त्यस्तै नमुना तयार पार्न लगाउनुहोस् ।

(ग) राम्रो काम गरेबापत फल प्राप्त गर्दा वा परीक्षामा उत्तीर्ण हुँदा, विवाह, ब्रतबन्ध, घर बनाउने, जागिर खाने, बढुवा हुने जस्ता ठुला र शुभ कार्य सम्पन्न हुँदा विद्यार्थीहरूलाई बधाई दिनुपर्छ भनी बधाई पत्रका विभिन्न नमुना देखाउँदै त्यसअनुसार तयार गर्न लगाउनुहोस् र सुधार गरिदिनुहोस् ।

(घ) समाजमा राम्रा समय मात्र नआई नराम्रा समय पनि आउँछन्, त्यस्तो समयमा सामाजिक चलनअनुसार समवेदना दिन जान्नुपर्छ भन्ने जानकारी दिँदै समवेदना पत्रका नमुना देखाइ त्यसअनुसार तयार पार्न लगाउनुहोस् र आवश्यक परे सहयोग गरिदिनुहोस् । तल तपाईंको जानकारीका लागि बधाई र समवेदनाका नमुना दिइएका छन् ।

**नमुना – १**

**बधाई पत्र**

२०६९ सालको प्रवेशिका परीक्षामा जिल्लाकै सर्वोत्कृष्ट विद्यार्थी भई जिल्ला शिक्षा कार्यालयबाट पदक प्राप्त गर्नु भएकाले तपाईं श्री सुस्मिता घलेलाई उज्ज्वल भविष्य एवम् उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक बधाई ज्ञापन गर्दछौँ ।

विद्यालय परिवार
सरस्वती माध्यमिक विद्यालय
काठमाडौँ

**नमुना – २**

**समवेदना**

हाम्रा पूज्य हजुरबुबा श्री सुरेश महर्जन स्वर्गारोहण भएको १३ औँ दिनको पुण्य तिथिमा दिवङ्गत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ ।

नाति - शरद महर्जन
नातिनी -शान्ति महर्जन

४. **मूल्याङ्कन**

कक्षा क्रियाकलापकै आधारमा मूल्याङ्कन गर्नुहोस् ।

५. **गृहकार्य**

विद्यार्थीहरूलाई बधाई पत्रको नमुना बनाएर ल्याउन निर्देशन दिनुहोस् र आवश्यक विवरण मिले वा नमिलेको हेरी दिनुहोस् ।

पाठ्यवस्तु : **कार्यमूलक व्याकरण** (**सम्भावनार्थ र काल**) ***घन्टी*** *: १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्ने छन् :**

(क) सम्भावनार्थक वाक्यको निर्माण गर्न

(ख) वर्तमान कालका वाक्यलाई भूतकालमा परिवर्तन गर्न

२. **शैक्षिक सामग्री**

सम्भावनार्थ, वर्तमान काल, भूतकालका वाक्यहरू

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) कक्षा व्यवस्थापनपश्चात् सम्भावनार्थक वाक्यहरू उदाहरणका रूपमा प्रस्तुत गर्दै छलफल गराउनुहोस् ।

(ख) छलफलका क्रममा काम पछि हुन सक्ने सम्भावना जनाउनेलाई सम्भावनार्थक भनिन्छ भन्ने कुराको जानकारी उदाहरणद्वारा वाक्य तालिकाको प्रयोग गर्दै पुष्टि गरिदिनुहोस् ।

(ग) विद्यार्थीलाई सामान्य वाक्यहरू दिई सम्भावनार्थकमा परिवर्तन गर्न लगाउनुहोस् र मिले नमिलेको मूल्याङ्कन विद्यार्थीबाटै गर्न लगाउनुहोस् ।

(घ) वर्तमान काल र भूत कालका बारेमा स्मरण गराउँदै वर्तमान कालका वाक्यलाई भूत कालमा परिवर्तन गर्न लगाउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) कुनै पाँच ओटा सम्भावनार्थक वाक्यहरू बनाउन लगाउनुहोस् ।

(ख) वर्तमान कालमा वाक्यहरू दिई भूतकालमा परिवर्तन गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

अभ्यासको १३ देखि १६ सम्म गर्न लगाउनुहोस् र परीक्षण समेत गरिदिनुहोस् ।

पाठ
१०

# युमादेवीको अवतरण

*अनुमानित घन्टी : ९*

| विषयवस्तु | | घन्टी |
|---|---|---|
| १. | सस्वर वाचन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | बोध प्रश्नोत्तर | २ |
| ४. | व्याख्या/भाव विस्तार | २ |
| ५. | वर्ण विन्यास (हिज्जे) | १ |
| ६. | कार्यमूलक व्याकरण | १ |
| ७. | घटना वर्णन र कथा लेखन | १ |

पाठ्यवस्तु : **सस्वर वाचन र शुद्धोच्चारण** *घन्टी : १*

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू युमादेवीको अवतरण कथाका निर्देशित अनुच्छेदहरूको सस्वर वाचन गर्न र कठिन शब्दहरूको शुद्धोच्चारण गर्न सक्षम हुने छन् :

२. **शैक्षिक सामग्री**

टेपरिकर्डर, सस्वर वाचनका लागि अनुच्छेदका नमुना, उच्चारणका दृष्टिले कठिन शब्दहरूको सूची, शब्दपत्ती

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम युमादेवीको अवतरण कथाको छोटो परिचय दिनुहोस् र विद्यार्थीहरूलाई पाठप्रति ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीहरूलाई यस पाठका सुरुका तिन अनुच्छेद हेर्न भन्नुहोस् र आफूले टेपमा रेकर्ड गरेको भए टेप खोलेर नभए आफैँले सस्वर वाचन गरेर उक्त निर्धारित अनुच्छेद सुनाउनुहोस् र ध्यान दिएर सुन्न निर्देशन दिनुहोस् ।

(ख) आफूले नमुना प्रस्तुत गरिसकेपछि सोहीअनुसार विद्यार्थीहरूलाई सस्वर वाचनको अभ्यास गराउनुहोस् । अभ्यास गराउँदा कक्षालाई समूह समूहमा बाँडेर वा विद्यार्थीलाई पालैपालो भन्न लगाएर पनि गर्न सक्नुहुन्छ ।

(ग) अन्य मातृभाषी र कमजोर प्रकृतिका विद्यार्थीहरूको विशेष ख्याल गरेर सस्वर वाचनको थप

अभ्यास गराउनुहोस् र त्यस्ता विद्यार्थीमा सस्वर वाचन सम्बन्धी कुनै समस्या भए निराकरण पनि गरिदिनुहोस् ।

(घ) सस्वर वाचनको पर्याप्त अभ्यास गराइसकेपछि विद्यार्थीहरूलाई निर्धारित अनुच्छेद वा सम्पूर्ण पाठमा भएका कठिन शब्दहरूको शुद्धोच्चारणको अभ्यास गराउनुहोस् ।

(ङ) पाठबाट आफूले खोजेर ल्याएका वा विद्यार्थीहरूबाटै खोज्न लगाइएका शब्दहरू कालोपाटी वा फलाटिन पाटीमा प्रस्तुत गर्नुहोस् । जस्तै : उवाहाङ, माबोहाङ, किरात, धार्मिक, सज्जन, गुणी चेम्फुजोङ, यासोकजोङ, फुर्तिला, दृश्य, अह्राउँदै, खोँच, अत्तोपत्तो, भन्ज्याङ, झरझुट्ट, सँगिनी, परमात्मा, व्यवहार, अकस्मात्, कल्याण, झल्याँस्स

(च) शब्दहरू शुद्धोच्चारणको अभ्यास गराउँदा पहिले शब्दको अनि वाक्यको स्तरमा समेत गराउनुहोस् ।

(छ) सस्वर वाचनमा जस्तै शुद्धोच्चारणका क्रममा पनि अन्य मातृभाषी विद्यार्थीहरूप्रति विशेष ध्यान दिनुहोस् ।

४. **मूल्याङ्कन**

(क) पाठको तेस्रो अनुच्छेद यति, गति र लय मिलाएर सस्वर वाचन गर्न लगाउनुहोस् ।

(ख) पाठको पहिलो अनुच्छेदबाट तिमीलाई उच्चारण गर्न कठिन भएका कुनै पाँच ओटा शब्द भन ।

५. **गृहकार्य**

प्रस्तुत कथाको सस्वर वाचन गरी उच्चारण गर्न गारो लागेका शब्दहरू टिपेर ल्याउन लगाउनुहोस् ।

पाठ्यवस्तु : **शब्दार्थ र वाक्यमा प्रयोग** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) कथामा प्रयोग भएका कठिन शब्दहरूको अर्थ बताउन

(ख) कथामा प्रयुक्त शब्दहरू राखी वाक्य निर्माण गर्न

२. **शैक्षिक सामग्री**

कठिन शब्दहरूको सूची, शब्दपत्ती, अर्थपत्ती

## ३. शिक्षण सिकाइ क्रियाकलाप

(क) शिक्षकले विद्यार्थीहरूलाई प्रस्तुत कथा मौन वाचन गर्न लगाई कठिन शब्दहरू खोज्न लगाउनुहोस् । पाठमै अर्थ दिएका शब्दहरूको अर्थ सम्बन्धित पृष्ठमै खोज्न लगाउनुहोस् ।

(ख) पाठमा अर्थ दिएका शब्दहरू बाहेकका शब्द र तपाईंले सूचीबद्ध गरेर तथा शब्दपत्तीमा समावेश गरेर ल्याएका शब्दहरूको अर्थ चित्र एवम् शब्दपत्तीको समेत उपयोग गरी अभ्यास गराउनुहोस् । कठिन शब्दहरूको अर्थ शिक्षण गर्दा पहिले विद्यार्थीहरूलाई अर्थ पहिल्याउन प्रोत्साहित गर्नुहोस् । उनीहरूबाट उपयुक्त उत्तर नआएमा आफूले उत्तर दिनुहोस् ।

(ग) शब्दार्थ शिक्षण गर्दा शब्दकोशको प्रयोग गर्ने तरिका बताई विद्यार्थीहरूलाई त्यसैको अभ्यास गराउनु पनि उपयुक्त हुन्छ ।

(घ) शिक्षकले कठिन शब्दहरूको अर्थ शिक्षण गरिसकेपछि त्यस्ता शब्दहरूलाई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् । यस्ता अभ्यास गराउँदा पनि पहिले विद्यार्थीहरूबाटै उत्तरको अपेक्षा राख्नु राम्रो हुन्छ । उनीहरूबाट ठिक उत्तर नआएमात्र वाक्यपत्तीको समेत उपयोग गरी शब्द प्रयोगको समेत उपयोग गरी शब्द प्रयोगको शिक्षण गर्नुहोस् । पाठबाट निम्न लिखित शब्दहरूलाई वाक्यमा प्रयोग गर्न दिन सक्नुहुन्छ, जस्तै : सज्जन, धार्मिक, राजधानी, खाँच, भञ्ज्याङ, ढकमक्क, झरझुटट्, भाका, सिकाइ

## ४. मूल्याङ्कन

(क) तलका शब्दको अर्थ भन्न लगाउनुहोस् :

विवेक, सिकाइ, दृश्य, तारिफ, भाका, अनमोल, कल्याण, दृष्टि, चिमाली, सर्तक, पवित्र, कुलत

(ख) तलका शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

घटना, तारिफ, परमात्मा, अत्तोपत्तो, अनौठो, विवेक, शासन, पुर्खा

## ५. गृहकार्य

पाठबाट कुनै दस ओटा शब्द खोजी तिनलाई वाक्यमा प्रयोग गरेर ल्याउन निर्देशन गर्नुहोस् ।

## पाठ्यवस्तु : बोध प्रश्नोत्तर

*घन्टी : २*

## १. उद्देश्य

**यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्नानुसारका कार्य गर्न सक्षम हुने छन् :**

(क) प्रस्तुत कथाका निर्धारित अनुच्छेदहरूबाट सोधिएका बोध प्रश्नहरूको मौखिक र लिखित उत्तर दिन

(ख) निर्धारित अनुच्छेदहरूको मुख्य वा सार कुरा भन्न

२. **शैक्षिक सामग्री**

प्रश्नहरूको सूची

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम विद्यार्थीहरूलाई पाठका निर्धारित अनुच्छेदहरूको मौन वाचन गर्न लगाउनुहोस् ।

(ख) मौन वाचन ठिक ढङ्गबाट गरे वा नगरेको कक्षामा अवलोकन गर्नुहोस् र आवश्यकताअनुसार विद्यार्थीलाई उपयुक्त निर्देशन समेत दिनुहोस् ।

(ग) मौन वाचन सकिएपछि निर्धारित अनुच्छेदहरूबाट शिक्षकले पहिले नै तयार पारेका प्रश्नहरूबारे कक्षामा छलफल गर्नुहोस् वा ती प्रश्नहरूको जवाफ विद्यार्थीहरूबाट खोज्नुहोस् । यसरी बोध प्रश्न सोध्दा सकेसम्म सबैलाई पालैपालो सोध्नुहोस् । उदाहरणका लागि यस पाठका चौथो र पाँचौ अनुच्छेदबाट निम्नानुसारका बोध प्रश्नहरू सोध्नुहोस् । जस्तै :

१. कुकुर खोज्दै जाँदा राजाको फौज कहाँ पुग्यो ?

२. राजा र मन्त्री किन दङ्ग थिए ?

३. राजा र मन्त्री किन चकित भए ?

४. युवती कुन भाकामा गीत गाउँदै के गर्दै थिइन् ?

५. युवतीको उमेर कति थियो ?

६. युवतीलाई हेर्दा राजा केलाई सम्झन्थे ?

७. मन्त्रीले राजालाई के गरेमा यात्रा सफल हुन्छ भने ?

(घ) निर्धारित अनुच्छेदहरूबाट बोध प्रश्नोत्तर गराउँदा पहिले मौखिक रूपमा अनि त्यसलाई लिखित रूपमा गराउनुहोस् । बोध प्रश्नहरूको उत्तर नमिलेमा सच्याइदिनुहोस् । यस क्रममा कमजोर विद्यार्थीप्रति विशेष ध्यान दिनुहोस् ।

(ङ) बोध प्रश्नोत्तर गराइसकेपछि निर्धारित अनुच्छेदको सार वा मुख्य कुरा भन्न वा लेख्न लगाउनुहोस् । सार कुराभन्दा त्रुटि गरेमा त्रुटि औँल्याइदिनुहोस् र फेरि भन्न वा लेख्न उत्प्रेरित गर्नुहोस् ।

४. **मूल्याङ्कन**

(क) शिक्षकले पाठबाट विभिन्न बोध प्रश्नहरू सोधी तिनको उत्तर दिन लगाउनुहोस् ।

(ख) विभिन्न अनुच्छेदहरूबाट बोध प्रश्नोत्तर गराउँदा त्यसको सार वा मुख्य कुरा भन्न वा लेख्न लगाउनुहोस् ।

(ग) पाठको अभ्यास १ को उत्तर भन्न लगाउनुहोस् ।

५. **गृहकार्य**

(क) पाठको अभ्यास ३ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

(ख) यी बाहेक अन्य बोध प्रश्नहरू दिई उत्तर लेखेर ल्याउन दिर्नेशन गर्नुहोस् ।

पाठ्यवस्तु : **व्याख्या/भाव विस्तार** *घन्टी : २*

१. **उद्देश्य**

यस पाठको अन्त्यमा विद्यार्थीहरू पाठका विशिष्ट पङ्क्तिहरूको व्याख्या गर्न सक्षम हुने छन् ।

२. **शिक्षण सामग्री**

विशिष्ट पङ्क्तिको नमुना, व्याख्याका लागि निर्दिष्ट पङ्क्तिको बुँदाको सूची, व्याख्याको नमुना

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम शिक्षकले आफूले छानेर ल्याएको विशिष्ट पङ्क्तिको नमुना देखाउनुहोस् र त्यस पङ्क्तिको व्याख्याका लागि आवश्यक बुँदाका बारेमा विद्यार्थीहरूसँग छलफल गरेर टिपोट समेत गर्दै जानुहोस् । उदाहरणका लागि युमादेवीको यासोकजोङ अवतरण कथाबाट "तिम्रो मन पवित्र रहेछ । तिमी अरूको भनाइमा नलागी आफ्नो विवेकले काम गर्दा रहेछौ" लिनुहोस् । यस पङ्क्तिमा आधारित बुँदाहरू निम्न लिखित हुन सक्छन् :

१. मनलाई नियन्त्रणमा राखेर काम गर्नुपर्ने

२. मन पवित्र भए मात्र काम पनि पवित्र हुने

३. अरूको लहैलहैमा लागेर काम गर्नु नहुने

४. कुनै पनि काम गर्नुभन्दा पहिले त्यसको परिणामबारे विचार गर्नुपर्ने

५. सोची सम्झी काम गर्नाले नराम्रो परिणाम भोग्नु नपर्ने

६. विवेक र बुद्धि पुऱ्याएर मात्र काम गर्नुपर्ने

(ख) शिक्षकले व्याख्याको नमुना प्रस्तुत गर्दै विद्यार्थीहरूलाई माथि दिइएका वा उनीहरू आफैँले तयार पारेका बुँदाहरूका आधारमा विशिष्ट पङ्क्तिको व्याख्या गर्न लगाउनुहोस् ।

(ग) विद्यार्थीहरूले तयार पारेका व्याख्यामध्ये केहीलाई कक्षामै प्रस्तुत गर्न लगाई आवश्यकताअनुसार सुधार पनि गरिदिनुहोस् ।

(घ) व्याख्या गर्न लगाउँदा कमजोर प्रकृतिका विद्यार्थीहरूप्रति विशेष ध्यान दिनुहोस् । उनीहरूको तहबाट व्याख्या गर्न लगाई व्याख्या अधुरो भएमा आफैँले पूर्ण रूप दिनुहोस् र उनीहरूलाई फेरि

व्याख्या गर्न उत्प्रेरित गर्नुहोस् ।

(ङ) माथिका पङ्क्तिबाहेक कथाबाट अन्य विशिष्ट पङ्क्ति पनि खोज्न लगाउनुहोस् । जस्तै :

१. कुकुर र मृग हराउनु पनि साधारण घटना होइन । यी युवतीलाई फकाउन जानु उचित हुँदैन ।

२. तिम्रो मन, वचन र चरित्र व्यवहार तारिफ गर्न लायक रहेछ ।

३. राजा तिमी विवेकी छौ, यो विवेक र भक्ति दुवै नछोडी राज्य गर ।

४. **मूल्याङ्कन**

कक्षा क्रियाकलापकै आधारमा मूल्याङ्कन गर्नुहोस् ।

५. **गृहकार्य**

कथाको कुनै विशिष्ट पङ्क्ति दिई व्याख्या गरेर ल्याउन भन्नुहोस् ।

पाठ्यवस्तु : **वर्ण विन्यास (हिज्जे)** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) पाठमा प्रयुक्त शब्दहरूको उपयुक्त वर्ण विन्यास प्रयोग गर्न

(ख) पाठमा प्रयोग भएका शब्दहरूको शुद्ध हिज्जे लेख्न

२. **शैक्षिक सामग्री**

वर्ण विन्यासका दृष्टिले कठिन शब्दहरूको सूची, शब्दपत्तीहरू, शब्दकोश

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) शिक्षकले पाठमा प्रयोग भएका शब्दहरूमध्ये विद्यार्थीहरूलाई वर्ण विन्यासगत त्रुटि भएका शब्दहरू प्रस्तुत गर्दै पाठको सहयोग लिई समूहगत छलफलका माध्यमबाट वर्ण विन्यास पहिल्याउन लगाउनुहोस् । जस्तै : सिस्टतापूर्वक, राज, सासन, सिपाइ, कल्यान

(ख) यस्तै पाठमा दिइएका शब्दहरूको लेखनमा गर्न सक्ने त्रुटिअनुसार अशुद्ध वर्ण विन्यास दिई तिनलाई शुद्ध गर्न लगाउनुहोस् । जस्तै : माबोहङ, धार्‌मिक, फूर्तिला, याशोकजोङ, भञ्जेङ, सगिनी, सुनशान, येवति, अकश्मात, अवतरन

(ग) पाठमा प्रयुक्त केही शब्दहरूलाई श्रुति लेखन गर्न लगाई शुद्ध वर्ण विन्यास प्रयोग गरेनगरेको

साथी साथी साटासाट गरी हेर्न लगाउनुहोस् र ठिक भए नभएको आफूले बताइदिनुहोस् ।

(घ) वर्ण विन्यासगत त्रुटिका विभिन्न कारणहरूमध्ये अशुद्ध उच्चारण र पाठमा ध्यान दिएर नपढ्ने विद्यार्थीहरूको बानी पनि मुख्य हो । तसर्थ वर्ण विन्यास शुद्ध गर्न शुद्धोच्चारण र ध्यानपूर्वक मौन पठन आवश्यक हुन्छ । यसतर्फ पनि विद्यार्थीहरूलाई सचेत पार्नुहोस् र उनीहरूलाई श्रुति लेखनको अभ्यास उनीहरूलाई गराउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) केही अशुद्ध शब्द वा वाक्य दिइ शुद्ध गर्न लगाउनुहोस् ।

(ख) पाठको अभ्यासको प्रश्न ११ गर्न लगाउनुहोस् ।

(ग) वर्ण विन्यासका कठिन केही शब्दहरूको श्रुति लेखन गराउनुहोस् ।

५. **गृहकार्य**

(क) पाठबाट शब्दको सुरुमा ह्रस्व इकार प्रयोग भएको कुनै दस ओटा शब्द टिपेर ल्याउन निर्देशन दिनुहोस् ।

(ख पाठबाट ‘श’ र ‘स’ प्रयोग भएका कुनै सात ओटा शब्द खोजेर ल्याउन लगाउनुहोस् ।

पाठ्यवस्तु : **कार्यमूलक व्याकरण (पूर्ण पक्ष र करण/अकरण)** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नानुसार कार्य गर्न सक्षम हुने छन् :**

(क) भूतकाल, वर्तमान काल र भविष्यत् कालको पूर्ण पक्षको पहिचान गर्न

(ख) करण वाक्यलाई अकरण र अकरण वाक्यलाई करण वाक्यमा परिवर्तन गर्न

२. **शैक्षिक सामग्री**

भूतकाल, वर्तमान र भविष्यत् कालका पूर्ण पक्षका क्रियापदहरूको सूची, यी दुवै कालका पूर्ण वाक्यहरूको सूची ।

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम विद्यार्थीहरूलाई युमादेवीको अवतरण पाठको पहिलो अनुच्छेदमा प्रयोग भएका विभिन्न क्रियापदको सूची बनाउन लगाउनुहोस्, जस्तै : भए, थिए , गर्थे, थिएनन्, थियो

(ख) विद्यार्थीहरूले सङ्कलन गरेका क्रियापदलाई विभिन्न कालका आधारमा वर्गीकरण गर्न लगाउनुहोस् । उक्त अनुच्छेदमा भूतकालमा विभिन्न पक्षका क्रियाकलापहरू प्रयुक्त भएकाले भूतकालको परिचय दिनुहोस् ।

(ग) भूतकालका विभिन्न पक्षका क्रियापदको सूची फलाटिन बोर्डमा टाँसेर वा कालोपाटीमा सूची लेखिदिएर त्यसका आधारमा पूर्ण भूतकालका क्रियापद बनाउन लगाउनुहोस् ।

(घ) यसै गरी वर्तमान र भविष्यत् कालका पूर्ण पक्षका क्रियापदको सूची पनि लेखिदिएर त्यसका आधारमा पूर्ण वर्तमान र भविष्यत्का क्रियापद छुट्याउन लगाउनुहोस्, जस्तै : गएको छ, पढेका छन्, खेलेको छ, दिएकी हुने छे, भनेको हुने छ आदि ।

(ङ) विद्यार्थीहरूलाई क्रियापदका धातुमा भएको एको, एका, एकी प्रत्यय जोडिएमा पूर्ण पक्ष हुने स्पष्ट पारिदिनुहोस् । यसअनुसार प्रस्तुत पाठबाट विद्यार्थीहरूलाई पूर्ण भूत, वर्तमान, भविष्यत् कालका विभिन्न पक्षका क्रियापदहरू पाठबाट खोज्न लगाउनुहोस् ।

(च) पाठको कुनै अनुच्छेदको छनौट गरी करण वाक्यलाई अकरण र अकरण वाक्यलाई करण वाक्यमा परिवर्तन गर्न लगाउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) विभिन्न धातु दिएर पूर्ण पक्षका रूप बनाउन लगाउनुहोस् । जस्तै : पढ्, भन्, हाँस्, सुन्, राख्, हिँड्, उठ्, बस्, खेल्

(ख) विभिन्न पूर्ण अवस्था जनाउने क्रियापदहरू दिई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । जस्तै : भाँचिएको छ, बनाएको थियो, भुकेको सुने

५. **गृहकार्य**

पाठका व्याकरण खण्डका सबै प्रश्नहरूको उत्तर गरेर ल्याउन निर्देशन दिनुहोस् र मूल्याङ्कन गरिदिनुहोस् ।

पाठ्यवस्तु : **घटना वर्णन र कथा लेखन** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नानुसार कार्य गर्न सक्षम हुने छन् :**

(क) दिइएको शीर्षक, घटना वा बुँदाहरूका आधारमा कथाको रचना गर्न

(ख) पहिले पढेका कथाका आधारमा अरू कथा लेख्न

२. **शैक्षिक सामग्री**

कथाका शीर्षकहरूको सूची, कथाका घटना वा बुँदाहरू, कथाका नमुनाहरू, बाल पत्रिकाहरू

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) शिक्षकले कुनै घटना वा बुँदाहरू दिई त्यस्तो घटना वा बुँदाहरूलाई कथामा रूपमा कसरी प्रस्तुत गर्न सकिन्छ भन्ने विषयमा विद्यार्थीहरूसँग छलफल गर्नुहोस् ।

(ख) शिक्षकले केही शीर्षकहरू दिई कथा लेखन कसरी गर्ने भन्ने कुरा बताउनुहोस् । यसका लागि शीर्षकरूको सूची, फलाटिन पाटीमा प्रस्तुत गर्नुहोस् र त्यसैअनुसार तयार पारेर ल्याएको नमुना कथा पनि प्रस्तुत गर्नुहोस् ।

(ग) यस तहका विद्यार्थीहरूलाई छोटा छोटा कथा लेखनको मात्र अभ्यास गराउनुहोस् ।

(घ) कथाको शीर्षक उपयुक्त होस् भन्ने कुरामा विचार पुऱ्याई कक्षामा शीर्षक र नमुना कथाहरू प्रस्तुत गर्नुहोस् । 'मुना' वा त्यस्तै अन्य कुनै बाल पत्रिकामा छापिएका छोटा छोटा कथालाई नमुनाका रूपमा प्रस्तुत गर्नुहोस् ।

(ङ) शिक्षकले कथाका बुँदाहरूलाई फलाटिन पाटी वा कालोपाटीमा प्रस्तुत गरी दिइएका बुँदाहरूका आधारमा कथा लेखनको अभ्यास गराउनुहोस् । जस्तै : बादशाह अकबरको राज्यमा वीरबल नाम गरेका बुद्धिमान मन्त्री हुनु, कुनै धनी मानिसको हीराको हार चोरी हुनु, धनी मानिसले वीरबलकहाँ गएर चोर पत्ता लगाइदिन आग्रह गर्नु, धनी मानिसका घरमा सात जना नोकर हुनु, वीरबलले उसलाई सातै जना नोकरलाई लिएर भोलिपल्ट आउन अराउनु, भोलिपल्ट धनी मानिस र उसका सबै नोकरहरू मन्त्रीकहाँ पुग्नु, वीरबलले सातै जना नोकरलाई एउटा एउटा लठ्ठी दिनु र भन्नु "जसले हार चोरेको छ, मन्त्रका बलले उसको लठ्ठी एक अङ्गुल लामो हुने छ । भोलि सबै मेरो दरबारमा आउनु", घर गएर हार चोर्ने नोकरले वीरबलले दिएको लठ्ठी एक अङ्गुल छोटो पार्नु, भोलिपल्ट छोटो लठ्ठीवाला पक्राउ पर्नु, जुक्ति बुद्धि पुऱ्याएर काम गर्दा जस्तोसुकै काम पनि सफल हुनु ।

(च) विद्यार्थीहरूलाई उनीहरूले पहिले नै पढिसकेका कथाहरूका मुख्य घटना टिप्न र वर्णन गर्न लगाई घटना वर्णन र कथालेखनको अभ्यास गराउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) कथाका घटना दिई घटनाहरूका आधारमा कथा लेख्न लगाउनुहोस् ।

(ख) शीर्षक र बुँदाहरू दिई छोटो कथा लेख्न लगाउनुहोस् ।

५. **गृहकार्य**

पाठको सिर्जनात्मक अभ्यास १८ र १९ गरेर ल्याउन निर्देशन दिनुहोस् र १८ को मूल्याङ्कन गरी

पाठ
११

# सन्तानलाई सम्पत्तिभन्दा शिक्षा ठुलो

घन्टी : ८

| | | |
|---|---|---|
| क्र.सं. | पाठ्यवस्तु | घन्टी |
| १. | सस्वर पठन र प्रश्नोत्तर | २ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | व्याख्या र भाव पहिचान | १ |
| ४. | कार्यमूलक व्याकरण | १ |
| ५. | वाद विवाद आयोजना र लेखन | ३ |

पाठ्यवस्तु : **पठन र प्रश्नोत्तर** घन्टी : २

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) वाद विवादका विशिष्ट अनुच्छेदलाई गति, यति मिलाई हाउभाउ सहित सस्वर वाचन गर्न

(ख) पाठ्यवस्तुका आधारमा सोधिएका प्रश्नको उत्तर दिन

२. **शैक्षिक सामग्री**

वाद विवादका नमुना प्रश्नहरू

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) शिक्षकले विद्यार्थीहरूलाई पाठ्य पुस्तक हेर्न लगाई वाद विवादको सुरुको अंश वक्ताले बोले झैँ उपयुक्त हाउभाउ, चेष्टा र अभिनय सहित सस्वर वाचन गर्नुहोस् र विद्यार्थीलाई ध्यान दिएर सुन्न निर्देशन दिनुहोस् ।

(ख) विद्यार्थीहरूलाई पनि पालैपालोसँग उपयुक्त हाउभाउ, चेष्टा र अभिनय सहित सस्वर वाचन गर्न लगाउनुहोस् ।

(ग) विद्यार्थीहरूले गरेको प्रस्तुति कस्तो भयो भनेर समीक्षा गर्न छानिएका विद्यार्थीहरूलाई सोध्नुहोस् । यसपछि सबै विद्यार्थीहरूलाई छलफल गर्न लगाउनुहोस् । छलफलपछि निष्कर्ष निकाली पुन: केही विद्यार्थीहरूलाई गति, यति हाउभाउ र अभिनय सहित सस्वर वाचन गर्न लगाउनुहोस् ।

(घ) कमजोर विद्यार्थीहरूलाई विशेष ध्यान दिई उपयुक्त तरिकाले हाउभाउ, गति, यति र अभिनय सहित सस्वर वाचन गराउनुहोस् ।

(ङ) सबै समूहले सस्वर वाचन गरिसकेपछि वाचनका क्रममा देखिएका कमीकमजोरीहरू औँल्याएर पृष्ठपोषण दिई पुन: कमजोर विद्यार्थीलाई निराकरण अभ्यास गराउनुहोस् ।

(च) यसपछि सबै विद्यार्थीहरूलाई निश्चित समय दिई मौन पठन गर्न लगाउनुहोस् । मौन पठन सकिएपछि निम्न लिखित प्रश्न सोधी बोधको मूल्याङ्कन गर्नुहोस्, जस्तै :

- उमा सापकोटाले शिक्षालाई किन ठुलो भनेकी हुन् ?
- पासाङ लामाले किन शिक्षाभन्दा सम्पत्ति नै ठुलो हुन्छ भने ?
- नीता यादवको भनाइ के हो ?

(छ) माथिका जस्तै अन्य प्रश्नहरू पनि सोध्नुहोस् र विद्यार्थीहरूलाई ती प्रश्नको उत्तर भन्न लगाउनुहोस् । कसैबाट पनि उत्तर नआएमा आफैँले स्पष्ट पारिदिनुहोस् ।

४. **मूल्याङ्कन**

क्रियाकलापका साथै अभ्यासको २ र ३ को प्रश्नहरू पनि सोध्नुहोस् ।

५. **गृहकार्य**

(क) पाठ्य पुस्तकको अभ्यास ५ र ६ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : **शब्दार्थ र वाक्यमा प्रयोग** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरूले निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) पाठमा प्रयोग भएका नयाँ शब्दको अर्थ बताउन

(ख) पाठमा प्रयोग भएका शब्दहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न

२. **शैक्षिक सामग्री**

पाठमा भएका नयाँ शब्दहरूको सूची, शब्दपत्ती, शब्दार्थपत्ती, वाक्यपत्ती, शब्दकोश

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) सबै विद्यार्थीहरूलाई पटक पटक गरी वाद विवादका वक्ताहरूको भनाइ सस्वर पठन गर्न लगाउनुहोस् र यसरी एउटा विद्यार्थीले पढ्दा अर्को विद्यार्थीलाई पाठ्य पुस्तक हेर्न लगाई आफूलाई कठिन लागेका शब्दहरू रेखाङ्कन गर्न लगाउनुहोस् ।

(ख) यसरी पठन गर्दा उच्चारण कठिन भएका र अर्थ बुझ्न गारो भएका शब्दहरू विद्यार्थीहरूलाई धेरै पटक उच्चारण गर्न लगाउनुहोस् ।

(ग) विद्यार्थीले सङ्केत गरेका शब्दहरू क्रमैसँग भन्न लगाई शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । यसरी टिपिएका शब्दहरूको अर्थ विद्यार्थीहरूलाई पाठ्य पुस्तकको शब्दार्थ खण्डको सहयोग लिनुहोस् । सही शब्दार्थ भन्न नसकेमा शब्दकोशको सहयोग लिई पत्ता लगाउन प्रेरित गर्नुहोस् ।

(घ) विद्यार्थीहरूले बताएका वा शब्दकोशबाट पत्ता लगाएका शब्दहरूको अर्थ ठिक भएमा ठिक र नभएमा चित्र देखाउने, परिभाषा दिने, विपरीतार्थक शब्द, पर्यायवाची शब्द आदि बताई स्पष्ट पार्नुहोस् ।

(ङ) शब्दार्थलाई अझ बढी प्रस्ट पार्न वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । पाठका नयाँ शब्द र अन्य कठिन शब्दलाई वाक्यका माध्यमबाट स्पष्ट पार्नुहोस् ।

(च) शब्दार्थलाई स्पष्ट पारी वाक्यमा प्रयोग गर्नका लागि शब्दकोशको प्रयोग गर्न प्रोत्साहित गर्नुहोस् ।

४. **मूल्याङ्कन**

पाठ्य पुस्तकको अभ्यास खण्डको ७, ८ र ९ को लिखित र मौखिक दुवै तरिकाले मूल्याङ्कन गर्नुहोस् ।

५. **गृहकार्य**

तलका शब्दहरूको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

उद्घोषण, समय पालक, अठोट, सिर्जना, यश, कीर्ति, अन्तरिक्षयान, कुपोषण, विसर्जन

## पाठ्वस्तु : व्याख्या र भाव पहिचान   घन्टी : १

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरूले पाठका महत्त्वपूर्ण पङ्क्तिहरूको व्याख्या गर्न सक्षम हुने छन् ।

२. **शैक्षिक सामग्री**

व्याख्याका लागि उपयुक्त पङ्क्तिहरू

३. **शिक्षण सिकाइ क्रियाकलापका**

(क) सर्वप्रथम यस पाठमा भएका व्याख्याका लागि उपयुक्त पङ्क्तिहरू छानिदिनुहोस् । ती पङ्क्ति व्याख्याका लागि आवश्यक बुँदाहरूका बारेमा विद्यार्थीहरूसँग छलफल गर्नुहोस् । व्याख्याका

लागि आवश्यक पङ्क्तिहरू पाठ्य पुस्तकको अभ्यास ४ मा  दिइएको छ ।

(ख) पाठमा व्याख्याका लागि अन्य पङ्क्तिहरूलाई खोज्न लगाउनुहोस् र ती पङ्क्तिहरूको व्याख्या गर्न चाहिने बुँदा विद्यार्थीलाई टिप्न लगाउनुहोस् ।

(ग) आफूले र विद्यार्थीहरूले प्रस्तुत गरेका बुँदाहरूको शैक्षणिक पाटीमा लेखी तिनैका आधारमा व्याख्या गर्ने अभ्यास गराउनुहोस् ।

(घ) विद्यार्थीले तयार पारेका व्याख्या कक्षामा पढ्न लगाई छलफल गर्नुहोस् । आवश्यक परे टिप्पणी समेत गरिदिनुहोस् ।

४. **मूल्याङ्कन**

पाठको विशिष्ट पङ्क्ति दिई व्याख्या गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

पाठको विशिष्ट पङ्क्ति दिई व्याख्या गर्न लगाउनुहोस् र लेखेर ल्याएपछि जाँचेर समेत मूल्याङ्कन गरिदिनुहोस् ।

## पाठ्यवस्तु : **कार्यमूलक व्याकरण  (लेख्य चिह्न र अपूर्ण पक्ष)**

**घन्टी** : १

१. **उद्‌देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) विभिन्न लेख्य चिह्न चिन्न

(ख) विभिन्न लेख्यको चिह्न सही प्रयोग गर्न

(ग) अपूर्ण पक्षको भूत, वर्तमान र भविष्यत् कालका क्रियापदको प्रयोग गर्न

२. **शैक्षिक सामग्री**

चिह्न पत्ती, अपूर्ण पक्ष प्रयोग भएका वाक्य पत्तीहरू

३. **शिक्षण सिकाइ क्रियकलाप**

(क) शब्दपत्तीमा विभिन्न चिह्नहरू देखाउँदै तिनको नाम सोध्नुहोस् । यसरी सोध्दा वा देखाउँदा गोजी तालिका वा फलाटिन पाटीको प्रयोग गर्न सकिन्छ ।

(ख) यसरी लेख्य चिह्न देखाइसके पछि यी चिह्नहरू प्रयोग हुने विभिन्न वाक्यहरू विद्यार्थीहरूलाई नै बनाउन प्रेरित गरी मिले नमिलेको समूह समूहमा छलफल गराउनुहोस् । कुनै ठिक नभएमा विद्यार्थीहरूलाई ठिक वाक्य सोधी आवश्यक परेमा पृष्ठपोषण दिनुहोस् ।

(ग) विद्यार्थीहरूले भनेका वाक्यहरू शैक्षणिक पाटीमा टिपी यिनै उदाहरणका आधारमा लेख्य चिह्नको प्रयोग स्पष्ट पारिदिनुहोस् । लेख्य चिह्नको फरक समेत स्पष्ट पारिदिनुहोस् ।

जस्तै : प्रश्न चिह्न (?) र पूर्ण विराम चिह्न (।)

अल्पविराम (,) र उद्गार चिह्न (!)

(घ) शिक्षकले लेख्य चिह्न नराखेका केही वाक्यहरू शैक्षणिक पाटीमा लेखी प्रश्नोत्तर र छलफलका आधारमा ती वाक्यमा प्रयोग हुने लेख्य चिह्न पत्ता लाउन लगाउनुहोस् ।

(ङ) त्यस्तै पाठमा प्रयोग भएका लेख्य चिह्नहरू विद्यार्थीहरूलाई खोज्न लगाई तिनीहरूलाई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् ।

(च) अपूर्ण पक्ष (भूत, वर्तमान र भविष्यत्) प्रयोग भएका वाक्यहरूको प्रयोग गर्दै अपूर्ण पक्षका बारेमा विद्यार्थीलाई प्रष्ट पारिदिनुहोस् ।

(छ) विद्यार्थीलाई अपूर्ण पक्षको वाक्यहरू बनाउन लगाउनुहोस् र मूल्याङ्कन समेत गरिदिनुहोस् ।

४. **मूल्याङ्कन**

(क) चिह्नहरूको नाम भन्न लगाई चिह्न प्रयोग भएका एक एक ओटा वाक्य भन्न लगाउनुहोस् ।

(ख) अपूर्ण भूत, अपूर्ण वर्तमान र अपूर्ण भविष्यत् कालका पाँच ओटा वाक्यहरू बनाउन लगाउनुहोस् ।

५. **गृहकार्य**

पाठ्य पुस्तकको कार्यमूलक व्याकरणको अभ्यास १४ देखि १८ सम्म गरेर ल्याउन निर्देशन दिई लेखेर ल्याएको जाँची दिनुहोस् ।

## पाठ्यवस्तु : **वाद विवाद आयोजना र लेखन** *घन्टी : ३*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरूले निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) वाद विवादको कार्यक्रम सञ्चालन प्रक्रिया बताउन

(ख) विभिन्न भूमिकाका साथ वाद विवाद कार्यक्रममा भाग लिन

(ग) विवादास्पद विषयको पक्ष र विपक्ष दुवैका तर्क प्रस्तुत गर्न

२. **शैक्षिक सामग्री**

घडी, घन्टी, वाद विवादका लागि उपयुक्त विषयवस्तु

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम विद्यार्थीहरूलाई वाद विवादका लागि उपयुक्त विषयवस्तु कक्षामा छलफल गराई छान्न लगाउनुहोस् ।

शीर्षक निम्न लिखित हुन सक्छन् :

- गाउँले जीवनभन्दा सहरिया जीवन सरल हुन्छ ।
- धनभन्दा विद्या ठुलो
- तरबारभन्दा कलम बलियो
- छोरीलाई अंश कि शिक्षा
- विज्ञान वरदान कि अभिशाप

(ख) माथिका कुनै एउटा शीर्षकमा छलफल गर्न लगाई बुँदा टिपोट गर्न लगाउनुहोस् । अघिल्लो दिन नै छलफल गरेका बुँदाहरूका आधारमा वाद विवाद सञ्चालन गर्न गर्नुपर्ने सम्पूर्ण क्रियाकलापहरू विद्यार्थीबाट नै छलफल गर्न लगाई निष्कर्ष निकाल्न लगाउनुहोस् । आवश्यक परेमा सहयोग गरिदिनुहोस् ।

(ग) विद्यार्थीहरूको भूमिका तोकिदिनुहोस्

उद्घोषक - नवीना लामा

सभापति - सिर्जना नेपाली

प्रमुख अतिथि - प्रधानाध्यापक

निर्णायक वर्ग - शिक्षकहरू

(कार्यक्रम व्यवस्थापक रञ्जन चालिसे, विणु यादव, मीना पुन र समय पालक लाक्पा शेर्पा)

जिम्मा दिइएको भूमिकाअनुसार विद्यार्थी स्वयम्लाई कार्यक्रम व्यवस्थापन गर्न लगाई वाद विवाद सञ्चालन गर्न लगाउनुहोस् र विद्यार्थीहरूलाई निम्नानुसार व्यवस्थापन गर्न निर्देशन दिनुहोस् ।

१ सहभागी चयन

पक्ष १ .................... २ ....................

पक्ष १ .................... २ ....................

२. समय र नियम बनाउने, जस्तै :

- हरेक वक्ताले ५ मिनेट समय पाउने छ ।
- ४ मिनेटपछि सङ्केत घन्टी बज्ने छ । सङ्केत घन्टीपछि आफ्नो भनाई टुङ्याउनेतर्फ लाग्नुपर्नेछ ।

- अरूलाई व्यक्तिगत आक्षेप लगाउन पाइँदैन ।
- उद्घोषण गर्न, समय हेर्ने, घन्टी बजाउने कार्यको जिम्मा पनि विद्यार्थीहरूलाई नै दिनुहोस् ।
- साथै वाद विवाद सञ्चालन गर्दा ध्यान दिनुपर्ने थप केही कुरा पनि स्पष्ट पारिदिनुहोस् ।

(घ) सबै विद्यार्थीहरूलाई आआफ्नो भूमिका निर्वाह गरी वाद विवाद कार्यक्रम सञ्चालन गर्न लगाउनुहोस् । कार्यक्रमका बिचमा पृष्ठपोषण दिनुहोस् ।

(ङ) कार्यक्रम सम्पन्न भइसकेपछि नतिजा सुनाउनुहोस् ।

(च) मुख्य अतिथि प्रधानाध्यापकलाई कार्यक्रमको समीक्षा गर्न लगाई विद्यार्थीको कार्यलाई प्रेरणा प्रदान गर्नुहोस् ।

(छ) माथि दिइएका अन्य शीर्षकमा वा विद्यार्थीहरूलाई अरू उपयुक्त शीर्षक खोज्न लगाउनुहोस् ।

(ज) विद्यार्थीहरूलाई समूहमा विभाजन गरी तीमध्ये शीर्षक समूहगत रूपमा प्रदान गरी आपसी छलफलमा बुँदा टिपोट गर्न लगाउनुहोस् र वाद विवादको ढाँचा लेख्न पनि सिकाउनुहोस् ।

**४. मूल्याङ्कन**

(क) मूल्याङ्कन वाद विवाद कार्यक्रम सँगसँगै गर्नुहोस् । विद्यार्थीहरूलाई नै समग्रमा कस्तो रह्यो समूहगत रूपमा मूल्याङ्कन गर्न लगाउनुहोस् ।

(ख) विभिन्न समूहमा बुँदा टिपोट गर्न लगाउनुहोस् र सहभागिता अवलोकन गर्नुहोस् । साथै पृष्ठपोषण दिनुहोस् ।

**५. गृहकार्य**

बुँदा टिपोटपछि विद्यार्थीहरूलाई विषयको पक्ष र विपक्षमा लेख्न लगाई जाँचेर पृष्ठपोषण समेत दिनुहोस् ।

पाठ
१२

# स्वाभिमानी मुख

*घन्टी - ९*

| विषयवस्तु | | घन्टी |
|---|---|---|
| १. | लयबोध र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | भावबोध | २ |
| ४. | व्याख्या/भाव विस्तार | २ |
| ५. | कार्यमूलक व्याकरण | १ |
| ६. | कविता लेखन | २ |

पाठ्यवस्तु : **लयबोध र शुद्धोच्चारण** *घन्टी :1*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) कविताको सामूहिक र वैयक्तिक रूपमा सस्वर वाचन गर्न

(ख) 'स्वाभिमानी मुख' कवितामा प्रयुक्त शब्दको शुद्ध उच्चारण गर्न

२. **शैक्षिक सामग्री**

स्वाभिमानी मुख कविता, लोक लयका कविता, गीतका क्यासेट, शुद्धोच्चारणका दृष्टिले कठिन शब्दको सूची

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) कक्षाका केही विद्यार्थीलाई आफूले जानेको लोक गीत गाउन लगाउनुहोस् ।

(ख) राम्रोसँग गीत गाउन सक्ने विद्यार्थीलाई स्वाभिमानी कविता गीति लयमा गाउन लगाउनुहोस् । उसले गाउने लय ठिक भए त्यसैलाई आदर्श वाचनका लागि ठम्याउनुहोस् । ठिक नभए शिक्षकले गाएर वा स्वाभिमान कविताको झ्याउरे लोकलयमा गाउन सकिने केही गीतका क्यासेट सुनाई स्वाभिमानी मुख कविताको आदर्श लय पहिल्याउनुहोस् ।

(ग) कक्षाका केही विद्यार्थीलाई स्वाभिमानी मुख कविता लयमा वाचन गर्न लगाई उत्कृष्ट वा आदर्श लय पहिचान गर्नुहोस् र सोही लयमा सामूहिक र व्यक्तिगत रूपमा लय वाचन गराउनुहोस् ।

(घ) झ्याउरे लयमा लेखिएको 'स्वाभिमानी मुख' कविता गीति कविता हो । यसको स्थायी विलम्बित लयमा र अन्तरा द्रुत लयमा गाउन सकिन्छ । स्थायीको पहिलो र दोस्रो हरफमा ९ अक्षरमा विश्राम गरे लय निस्कन्छ । जस्तै :

सोरठीमा खोज मलाई । मादलुमा खोज

रोदीघरमा मारुनीको । गाजलुमा खोज

(ङ) 'गुरु' कविताको क्रियाकलाप (ग) अनुसार क्रियाकलाप गराउनुहोस् ।

(च) कविता वाचनका क्रममा विद्यार्थीले राम्रोसँग उच्चारण गर्न नसकेका शब्द टिपोट गर्नुहोस् । यस कवितामा सोरठी, भिरालो, ढोलकी, खैजडी, भेडीगोठ, स्वाभिमानी, जस्ता कविता शुद्धोच्चारणका लागि कठिन हुन सक्छन् । यस्ता शब्दको पटक पटक उच्चारण अभ्यास गराउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) विद्यार्थीलाई कविताका अंश तोकेर सस्वर वाचन गर्न लगाउनुहोस् ।

(ख) कविताका निश्चित शब्द तोकी उच्चारण गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

(क) 'स्वाभिमानी मुख' कवितालाई घरमा राम्रोसँग लयबद्ध रूपमा वाचन गरेर आउन लगाउनुहोस् ।

(ख) अभ्यास १२ मा भएका कठिन शब्दको शुद्ध उच्चारण गर्न लगाउनुहोस् ।

**पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग** **घन्टी : १**

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) कवितामा प्रयुक्त नयाँ शब्दको अर्थ बताउन

(ख) उक्त शब्दलाई वाक्यमा प्रयोग गर्न

२. **शैक्षिक सामग्री**

शब्दार्थ सूची, वाक्यका नमुना

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीलाई कविता मौन वाचन गर्न लगाई उनीहरूले अर्थ नजानेका शब्द टिप्न लगाउनुहोस् ।

(ख) विद्यार्थीले टिपेका शब्द भन्न लगाउनुहोस् । उनीहरूले भनेका शब्दको अर्थ किताबमा दिएको भए त्यहीं हेर्न लगाउनुहोस् । कक्षाका अन्य विद्यार्थीले अर्थ जानेको भए त्यही सुनेर याद गर्न लगाउनुहोस् । यी दुवैमा नपरेका शब्द शिक्षकले शैक्षणिक पाटीमा लेख्नुहोस् ।

(ग) गुरु कविताको क्रियाकलाप (ग) अनुसार शब्दको अर्थ बताइदिनुहोस् । शब्दको अर्थ पत्ता लगाउन शब्दकोशको प्रयोग गर्ने बानी पनि बसाउनुहोस् ।

(घ) विद्यार्थीले अर्थ बताएका वा अर्थ लेखेका सबै शब्दलाई मौखिक वा लिखित रूपमा वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् ।

(ङ) पाठका ९, १० र ११ मा दिइएका शब्दको अर्थ भन्न, लेख्न र वाक्यमा प्रयोग गर्न लगाउनुहोस् र त्रुटि भए पृष्ठपोषण गर्नुहोस् ।

(च) आफूले वाक्यमा प्रयोग गरेका शब्दको प्रयोग गरी अनुच्छेद रचना गर्न लगाउनुहोस् ।

४. **मूल्याङ्कन**

कवितामा प्रयोग भएका तलका शब्दको अर्थ भन्न, लेख्न र ती शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

सोरठी, रोदीघर, मारुनी, गाजलु, उकाली, ओराली, भिरालो, ढोलक, खैजडी, मुरली, बनेली, भोट, भेडीगोठ, अँध्यारो, पँधेरी, बुकी, नागबेनी

५. गृहकार्य

शब्दहरू दिएर अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न स्पष्ट निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : **भाव बोध** *घन्टी : २*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) कविताको भावबोध गर्न

२. **शैक्षिक सामग्री**

स्वाभिमानी मुख कविता, स्वाभिमानी मुख कविताका लयका केही कविता, क्यासेट वा सिडी

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) कक्षाका कुनै एक विद्यार्थीलाई (वा समूहलाई) कविता लयमा गाउन लगाउनुहोस् । अर्को व्यक्ति समूहलाई त्रुटि पहिल्याई सच्याउन र तेस्रो व्यक्ति समूहलाई सच्याएको ठिक भए नभएको छुट्याउन लगाउनुहोस् ।

(ख) कक्षाका सबै विद्यार्थीलाई लयमा कविता वाचन गर्न लगाउनुहोस् ।

(ग) शिक्षकले विद्यार्थीलाई कविताको भावबोधको अभ्यास गर्दै आफूले बुझेका एक एक पक्ष भन्न लगाउनुहोस् र उनीहरूले भनेका कुरा टिपिदिनुहोस् ।

(घ) 'गुरु' कविताको क्रियाकलाप (ङ) अनुसार प्रश्नोत्तरका माध्यमले कविताको भावबोध गराउनुहोस् । पाठका अभ्यास २, ३, ४ र ५ पनि सँगसँगै गराउनुहोस् ।

(ङ) क्रियाकलाप (ङ) लाई आधार बनाउँदै स्वाभिमानी मुख कविताको समग्र भाव बताइदिनुहोस् ।

४. **मूल्याङ्कन**

(क) स्वाभिमानी मुख कविताका तिन ओटा स्थायी श्लोकको अर्थ बताउन लगाउनुहोस् ।

(ख) स्वाभिमानी मुख कविताको मूल भाव भन्न लगाउनुहोस् ।

५. **गृहकार्य**

केही प्रश्नहरू दिएर प्रश्नहरूको भाव लेख्न निर्देशन दिनुहोस् ।

पाठ्यवस्तु : **व्याख्या/भाव विस्तार** *घन्टी :२*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू स्वाभिमानी मुख कविताका विशिष्ट पङ्क्तिको व्याख्या/भाव विस्तार गर्न सक्षम हुने छन् :**

२. **शैक्षिक सामग्री**

'स्वाभिमानी मुख' कविताका विशिष्ट पङ्क्तिको व्याख्या

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) स्वाभिमानी मुख कविता मौन वाचन/सस्वर वाचन गर्न लगाई विशिष्ट पङ्क्ति टिपोट गर्न लगाउनुहोस् ।

(ख) 'गुरु' कविताको क्रियाकलाप (ख) र खोला कविताको क्रियाकलाप (ख) लाई उपयोग गरी व्याख्या/भाव विस्तार गर्ने तरिका स्पष्ट पार्नुहोस् ।

(ग) 'गुरु' कविताको क्रियाकलाप (ग) लाई उपयोग गरी विशिष्ट पङ्क्तिको व्याख्या/भाव विस्तार गराउनुहोस् । यसै क्रममा पाठको अभ्यास नं. ४ पनि गराउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) तलका पङ्क्तिको व्याख्या/भाव विस्तार गर्न लगाउनुहोस् ।

हेपिएको सुखभन्दा

पुजिएको दुःखै राम्रो

५. **गृहकार्य**

कुनै पङ्क्ति दिई भाव विस्तार गर्न लगाउनुहोस् ।

## पाठ्यवस्तु : **कार्यमूलक व्याकरण (वर्तमान काल, नाम र सङ्गति)**

*घन्टी : १*

१. **उद्देश्य विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) वर्तमान क्रियापदका बारेमा जान्न

(ख) नाम शब्दहरू चिन्न सङ्गति मिलाई वाक्य निर्माण गर्न

२. **शैक्षिक सामग्री**

वर्तमान क्रियापदको सूची, वाक्य पत्ती

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम विद्यार्थीलाई पाठप्रति ध्यानाकर्षण गराउनुहोस् । त्यसपछि केही वाक्यहरू भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ख) ती वाक्यहरूको प्रयोग गर्दै वर्तमान क्रियापदका बारेमा बताइदिनुहोस् ।

(ग) कवितामा प्रयोग भएका नाम शब्दहरू टिपोट गर्न लगाउनुहोस् ।

(घ) वाक्यमा लिङ्ग, वचन, पुरुष, आदर आदिका आधारमा क्रियापद मिलाई वाक्य निर्माण गर्न लगाउनुहोस् ।

(ङ) वाक्य निर्माण गर्दा लिङ्ग, वचन, पुरुष, आदर आदिका आधारमा क्रियापद मिलाएर वाक्य निर्माण गर्नुपर्छ भन्ने कुरा बताइदिनुहोस् ।

४. **मूल्याङ्कन**

वर्तमान कालको प्रयोग गरी पद सङ्गति मिलाई वाक्य निर्माण गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

अभ्यास १५ देखि १८ सम्म गरेर ल्याउन लगाउनुहोस् ।

पाठ्यवस्तु : **कविता लेखन** *घन्टी : २*

१. **यस पाठको शिक्षणपछि विद्यार्थीहरू छोटा कविता लेख्न सक्षम हुने छन् ।**

२. **शैक्षिक सामग्री**

गद्य तथा पद्य लयका केही कविता

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीसँग कविता लेखनका बारेमा छलफल गर्नुहोस् ।

(ख) स्वाभिमानी मुख कविताको लयमा कविताको अनुलेखन लगाउनुहोस् । जस्तै :

घरबारीमा खोज मलाई खरबारीमा खोज
परालको माचमुनि खलाभरी खोज
कुनियो र भकारीमा
कैले पुग्छ बलेसीमा
सिकुवा र मझेरीमा
कैले हुन्छु परेलीमा
बिहानीमा हात हुन्छु
साँझ पर्दा गाँस बन्छु
तिमी जस्तो होइन म त
खडेरीमा आस बन्छु ।

(ग) 'गुरु' कविताको क्रियाकलाप (ख) जसरी नै कविता लेख्ने अभ्यास गराउनुहोस् । कविता प्रतियोगिता समेत गराउनुहोस् ।

(घ) स्वाभिमानी मुख कविताको क्रियाकलाप (ग) जसरी नै कविता सिर्जनाका क्रियाकलाप गराउनुहोस् ।

४. **मूल्याङ्कन**

विद्यार्थीलाई मन पर्ने कुनै एक शीर्षकमा कविता लेख्न लगाउनुहोस् ।

५. **गृहकार्य**

'पहिचान' शीर्षकमा कविता लेख्न लगाउनुहोस् ।

पाठ
१३

# युधिष्ठिरको परीक्षा

घन्टी : ९

| क्र.सं. | पाठ्यवस्तु | घन्टी |
|---|---|---|
| १. | सस्वर वाचन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | बोध प्रश्नोत्तर | २ |
| ४. | व्याख्या/भाव विस्तार | २ |
| ५. | कार्यमूलक व्याकरण | १ |
| ६. | घटना वर्णन र कथा लेखन | २ |

पाठ्यवस्तु : **सस्वर वाचन र शुद्धोच्चारण** घन्टी : १

१. **उद्देश्य**

**पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) 'युधिष्ठिरको परीक्षा' शीर्षक कथाका निर्धारित अनुच्छेदहरू गति, यति र हाउभाउ मिलाएर सस्वर वाचन गर्न

(ख) 'युधिष्ठिरको परीक्षा' शीर्षक कथामा भएका नयाँ शब्दहरूको शुद्ध उच्चारण गर्न

२. **शैक्षिक सामग्री**

शब्दपत्ती

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) कक्षा व्यवस्थापनपश्चात् पाठप्रति प्रेरित गर्न पाठसँग सम्बन्धित निम्न लिखित छोटा मिठा प्रश्नोत्तर गराउनुहोस् :

- तिमीहरूले महाभारतको कथा सुनेका छौ ?
- महाभारतको टेलिफिल्म हेरेका छौ ?
- युधिष्ठिर को हुन् ?
- युधिष्ठिरलाई कुन नामले बोलाइन्छ ?

(ख) कथाको पहिलो अनुच्छेद गति, यति र हाउभाउ मिलाई नमुना वाचन गरेर सुनाउनुहोस् र विद्यार्थीलाई सुन्न निर्देशन गर्नुहोस् ।

(ग) कथाका बाँकी अनुच्छेद विद्यार्थीलाई आलोपालो गरेर गति, यति र अभिनयका साथ सस्वर पढ्न निर्देशन गर्नुहोस् ।

(घ) कथा पढ्दा विद्यार्थीले गरेको गल्ती उच्चारणलाई शुद्ध उच्चारण गर्न अभ्यास गराउनुहोस् । अभ्यास गराउँदा उच्च, मध्यम र निम्न खालका विद्यार्थीहरूलाई समान अवसर दिनुहोस् । शुद्धोच्चारण अभ्यास गराउँदा आफूले बनाएर लगेको शब्दपत्ती आवश्यकतानुसार प्रयोग गरी उच्चारण गर्न अभ्यास गराउनुहोस् र विद्यार्थीले गरेको उच्चारण ठिक बेठिक कस्तो गरेको छ, विद्यार्थीलाई भन्न लगाई सही उच्चारणको निर्क्योल गरिदिनुहोस् ।

४. **मूल्याङ्कन**

(क) विद्यार्थीलाई 'युधिष्ठिरको परीक्षा' कथाका केही अनुच्छेद पढ्न लगाउनुहोस् ।

(ख) कथामा भएका युधिष्ठिर, धृतराष्ट्र, कुन्ती, माद्री, उद्दण्ड, बन्धुत्व, अग्निहोत्र, मध्याह्न, कर्तुत, ब्राह्मण जस्ता शब्द उच्चारण गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

(क) प्रस्तुत कथा घरमा सस्वर वाचन गर्न निर्देशन दिनुहोस् ।

(ख) पाठको अभ्यासमा भएको १३ पढेर आउन निर्देशन गर्नुहोस् ।

पाठ्यवस्तु : **शब्दार्थ र वाक्यमा प्रयोग** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न समर्थ हुने छन् :**

(क) 'युधिष्ठिरको परीक्षा' कथामा प्रयुक्त कठिन शब्दहरूको अर्थ भन्न

(ख) कथामा प्रयुक्त कठिन शब्दहरूलाई अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्न

२. **शैक्षिक सामग्री**

शब्दकोश, शब्दपत्ती, अर्थपत्ती, वाक्यपत्ती

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीलाई 'युधिष्ठिरको परीक्षा' कथा पढेर उनीहरूले नबुझेका शब्द टिपोट गरी भन्न निर्देशन गर्नुहोस् ।

(ख) टिपोट गरिएका शब्दहरूलाई नदोहोरिने गरी पालैपालो भन्न लगाई शैक्षणिक पाटीमा टिपेर सूची बनाउनुहोस् ।

(ग) टिपिएका शब्दको अर्थ विद्यार्थीहरूको बिचबाट नै खोज्नुहोस् । उनीहरूले ठिक अर्थ भनेमा विद्यार्थीलाई प्रोत्साहन दिई कमजोर विद्यार्थीलाई पुनः भन्न लगाई अर्थ स्पष्ट पारिदिनुहोस् । उनीहरूले भन्न नसकेका शब्दको अर्थ शब्दपत्ती र अर्थपत्तीको सहायताले प्रस्ट पारिदिनुहोस् ।

(घ) फलाटिन पाटीमा शब्द र अर्थको जोडा मिलाउने सूची प्रदर्शन गरी कमजोर विद्यार्थीलाई जोडा मिलाउन लगाउनुहोस् र अरू विद्यार्थीलाई मिले नमिलेको हेर्न लगाई सही उत्तर भन्न लगाउनुहोस् ।

(ङ) पाठमा भएका कठिन शब्द र विभिन्न आशय भएका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् र आवश्यक सहयोग पनि गरिदिनुहोस् अथवा वाक्यपत्तीको प्रयोग गरी एक दुई शब्दको नमुना वाक्यमा प्रयोग गरी देखाउनुहोस् ।

४. **मूल्याङ्कन**

कथामा प्रयुक्त कठिन शब्दहरूको अर्थ विद्यार्थीलाई पालैपालो सोध्नुहोस् र वाक्यमा प्रयोग गर्न लागाउनुहोस् ।

५. **गृहकार्य**

पाठको अभ्यास १० र ११ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

**पाठ्यवस्तु : बोध प्रश्नोत्तर** *घन्टी : २*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) 'युधिष्ठिरको परीक्षा' शीर्षक कथाका अनुच्छेदहरू पढेर सोधिएका बोध प्रश्नको उत्तर दिन

(ख) कथामा भएका घटनाहरू क्रमबद्ध गर्न

(ग) कथाको सार भन्न

२. **शैक्षिक सामग्री**

प्रश्नसूची, कथा सारको नमुना

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीहरूलाई 'युधिष्ठिरको परीक्षा' कथाका प्रत्येक अनुच्छेद मौन पठन गर्न लगाउनुहोस् ।

(ख) मौन पठन पश्चात् पालैपालो गरेर अनुच्छेदबाट बोध प्रश्नहरू सोध्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् । उदाहरणका लागि बोध प्रश्नहरू यस प्रकार छन् :

- पाँच पाण्डवहरू को थिए ?
- कौरवहरू कस्ता थिए ?
- पाण्डवहरूले कसबाट धैर्य र अनुशासनको पाठ पढे ?
- युधिष्ठिरलाई आठ प्रश्नहरू कसले सोध्यो ?
- प्रश्नकर्ताले के भनेर आफ्नो परिचय दिए ?

(ग) पढेका अनुच्छेदभित्रका घटनाक्रम छ्यासमिस गरेर तिनको क्रम मिलाउन लगाउनुहोस्, जस्तै :

- गुरुको असल निर्देशन र आफ्ना मिहिनेतबाट उनीहरूमा यी गुण विकास भएका थिए ।
- धृतराष्ट्रका भाइ पाण्डुका कुन्ती र माद्री नामका दुई पत्नी थिए ।
- धृतराष्ट्रका छोराहरू भने पाण्डवलाई सहँदैनथे ।
- माद्रीबाट नहकुल र सहदेव जन्मे ।
- सहदेव रूपवान् तथा अनुशासित थिए ।
- भीममा शक्ति र साहस थियो ।
- युधिष्ठिर सत्यवादी र आर्दशवादी थिए ।

(यी घटना पहिलो अनुच्छेदबाट छन् ।)

(घ) पढेको अनुच्छेदको सार भन्न लगाउनुहोस् र आवश्यकतानुसार विद्यार्थीलाई सहयोग गरी भन्न अभ्यास गराउनुहोस् ।

(ङ) आफूले लेखेर लगेको नमुना कथासार प्रदर्शन गरी अर्को अनुच्छेद तोकी समय पनि तोकेर कथासार लेख्न वा भन्न लगाउनुहोस् ।

(च) विद्यार्थीहरूलाई अनुच्छेद तोकी पठनबोधका क्रियाकलाप गराउनुहोस् ।

(छ) पाठको अभ्यासको १, २, ३ र ४ को उत्तर भन्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण गरिदिनुहोस् ।

४. **मूल्याङ्कन**

(क) पाठको अनुच्छेद तोकी मौखिक र लिखित रूपमा बोध प्रश्नोत्तर गराउनुहोस् ।

(ख) पाठका केही अनुच्छेद तोकी समूहमा वा एकल कथा सार लेखन गराउनुहोस् र परीक्षण गरी पृष्ठपोषण दिनुहोस् ।

५. **गृहकार्य**

(क) 'युधिष्ठिरको परीक्षा' कथाको मुख्य घटना नछुट्ने गरी आफ्नै शब्दमा छोटकरीमा कथा लेख्न निर्देशन दिनुहोस् ।

(ख) पाठको अभ्यासका ५ को उत्तर लेख्न निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : व्याख्या/भाव विस्तार

*घन्टी : २*

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू 'युधिष्ठिरको परीक्षा' कथाका विशिष्ट पङ्क्तिहरूको व्याख्या/भाव विस्तार गर्न सक्षम हुने छन् ।

२. **शैक्षिक सामग्री**

विशिष्ट पङ्क्ति लेखिएका मेटाकार्ड, व्याख्याको नमुना

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) 'युधिष्ठिरको परीक्षा' कथाबाट विशिष्ट अंश वा पङ्क्ति छानेर त्यसका व्याख्यान बुँदाहरूमाथि छलफल गर्नुहोस्, जस्तै :

- त्यहाँ धर्म, न्याय, मानवता र बन्धुत्वका बारेमा छलफल हुन्थ्यो ।
- धर्म रक्षाको र अधर्म विनाशको कारक हो ।

(ख) कुनै एक पङ्क्तिको नमुना व्याख्या गर्न लगाउनुहोस् । व्याख्या गराउँदा कक्षाका सबै विद्यार्थीलाई सम्बन्धित पङ्क्तिबाट आफूले बुझेका कुरा एक एक गरी भन्न लगाउनुहोस् ।

(ग) विद्यार्थीबाट व्याख्याका लागि बुँदा प्रस्तुत गर्न लगाउनुहोस् र उपयुक्त भएकालाई शैक्षणिक पाटीमा टिपोट गर्दै नपुगेका बुँदाहरू छलफल विधिबाट टिपोट गर्ने अभ्यास गराउनुहोस् ।

(घ) शिक्षकले नमुना व्याख्या प्रदर्शन गरी विद्यार्थीलाई व्याख्या गराउने अभ्यास गराउनुहोस् र आवश्यकतानुसार सहयोग गरिदिनुहोस् ।

(ङ) विद्यार्थीहरूबाट गरिएको उत्कृष्ट व्याख्यालाई नमुनाका रूपमा कक्षामा प्रदर्शन गरी आवश्यक प्रोत्साहन र पृष्ठपोषण दिनुहोस् ।

४. **मूल्याङ्कन**

विशिष्ट पङ्क्तिहरू दिई व्याख्या गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

पाठमा दिइएको अभ्यास ६ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

पाठ्यवस्तु : **कार्यमूलक व्याकरण (भाव र काल)** *घन्टी : २*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) आज्ञार्थ वाक्य निर्माण गर्न

(ख) भूतकालको क्रियापद प्रयोग गरी वाक्य बनाउन

(ग) भविष्यत् कालका क्रियापद प्रयोग गरी वाक्यहरू बनाउन

२. **शैक्षिक सामग्री**

शब्दपत्ती, वाक्यपत्ती, भाव र तिनको उदाहरण तालिका

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) कक्षा व्यवस्थापनपश्चात् 'युधिष्ठिरको परीक्षा' कथाका व्याकरण खण्डमा दिइएका वा आफैँले बनाएका वाक्यहरूलाई उदाहरणका रूपमा प्रस्तुत गर्दै भाव सम्बन्धी प्रश्नोत्तर वा छलफल गर्नुहोस् ।

(ख) छलफल गरिसकेपछि त्यसैका आधारमा भावका विभिन्न उदाहरण प्रस्तुत गरेर विद्यार्थीलाई क्रियाका भावको परिभाषा बताउन लगाउनुहोस्, जस्तै :

वाक्यमा वक्ताको सामान्य, आज्ञा, सम्भावना आदि मनोभावलाई सङ्केत गर्ने क्रियापदको अवस्थालाई भाव भनिन्छ । भीममा शक्ति र साहस थियो । हरिण पक्रेर अग्निकवच ल्याइदिनुहोस् । मेरा यी आठ प्रश्नको उत्तर देऊ जस्ता वाक्यले सामान्य, आज्ञा र भाव बुझाएका छन् ।

(ग) उदाहरणसहित आज्ञार्थ भावको परिचय दिनुहोस् ।

आज्ञार्थ : आज्ञा, आदेश, अनुरोध वा अनुनय व्यक्त गर्ने क्रियापदको अर्थलाई आज्ञार्थ भनिन्छ ।

जस्तै : राम्रो काम गर ।

(घ) विद्यार्थीहरूलाई एउटै प्रसङ्गमा सामान्य र आज्ञा भावका वाक्यको उदाहरण दिएर एक अर्काबिचको भिन्नता प्रस्ट पारिदिनुहोस् । भावका वाक्यहरू निर्माण गर्न लगाउनुहोस् ।

(ङ) भूतकालका बारेमा विद्यार्थीले पहिले नै जानिसकेको हुँदा पाठमा प्रयोग भएका पाँच ओटा भूत कालका वाक्यहरू टिपोट गर्न लगाउनुहोस् ।

(च) भविष्यत् कालका उदाहरणहरू प्रस्तुत गर्दै पछि आउने समयमा काम हुने कुरालाई भविष्यत् काल भनिन्छ भन्दै छलफल गरी भविष्यत् कालका बारेमा प्रष्ट पारिदिनुहोस् ।

४. **मूल्याङ्कन**

(क) पाँच ओटा आज्ञार्थ जनाउने वाक्यहरू बनाउन लगाउनुहोस् ।

(ख) पाँच पाँच ओटा भूतकाल र भविष्यत् काल जनाउने वाक्यहरू बनाउन लगाउनुहोस् ।

५. **गृहकार्य**

अभ्यासको १७ देखि २२ सम्म गरेर ल्याउन लगाउनुहोस् र परीक्षण समेत गरिदिनुहोस् ।

## पाठ्यवस्तु : **घटना वर्णन र कथा लेखन** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) दिइएको शीर्षक र घटनाको वर्णन गर्न

(ख) दिइएका बुँदाहरूका आधारमा ससाना कथाहरूको रचना गर्न

(ग) पठित पाठका आधारमा कथा लेख्न

२. **शैक्षिक सामग्री**

कथाका शीर्षकहरूको सूची, कथाका घटना वा बुँदाहरूको नमुना, बाल कथा सङ्ग्रहको नमुना

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) शिक्षकले कुनै घटनाका बुँदाहरू दिई ती बुँदाहरूका आधारमा घटनाको छलफल गराउनुहोस् ।

(ख) घटना वर्णनपश्चात् कथाका केही शीर्षक दिई कथा लेखन गर्ने तरिका सम्बन्धी छलफल गर्नुहोस् र आफूले तयार पारेर ल्याएको कथाको नमुना प्रस्तुत गर्नुहोस् ।

(ग) नमुना कथा प्रस्तुत गर्दा स्थानीय रूपमा प्रकाशित बाल कथाहरूको नमुना प्रस्तुत गर्नुहोस् र कथा लेखनको अभ्यास गराउनुहोस् ।

(घ) कथाका बुँदाहरूलाई फलाटिन पाटीमा वा शैक्षणिक पाटीमा प्रस्तुत गरी दिइएका बुँदाका आधामा छोटा छोटा कथा लेखनको अभ्यास गराउनुहोस् । जस्तै : तल दिइएका बुँदाका आधारमा छोटो कथा लेख्नुहोस् :

कुनै भिरको छेउमा ढुङ्गो र माटो मिलेर बसेका, माटो र ढुङ्गालाई एक अर्कोको सहारा मिलेको, एक रात ठुलो पानी परेको, माटाले ढुङ्गालाई समाएको र ढुङ्गाले माटालाई थिचेको, दुवै जोगिन सफल भएका, एक दिन दुवैमा तँभन्दा म ठुलो भन्ने घमण्ड बढेको, एकले अर्कोलाई

दिएको सल्लाह मान्न छाडेका, एक रात घनघोर वर्षा भएको, माटालाई पानीले बगाएको, ढुङ्गो पल्टेर दुई टुक्रा भई फुटेको, आखिर दुवैको विनाश भएको, घमण्डले विनाश निम्त्याउने र एकता नै बल हुने सन्देश ।

(ङ) दिइएका बुँदाका आधारमा कथा लेखन अभ्यासपश्चात् आवश्यक थपघट र कथाको शीर्षक राख्नुपर्छ भन्ने कुरा बताइदिनुहोस् ।

४. **मूल्याङ्कन**

कथाका घटना दिई घटनाका आधारमा कथा लेख्न लगाउनुहोस् ।

(ख) लेखिएका कथालाई पढेर सुनाउन लगाउनुहोस् ।

(ग) सिर्जनात्मक अभ्यास २४ को अभ्यास गराउनुहोस् ।

५. **गृहकार्य**

तिमीले सुनेको कुनै कथालाई लेखेर ल्याउन निर्देशन गर्नुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

पाठ
१४

# लुइ पास्चर

*जम्मा घन्टी : ९*

| क्र.सं. | पाठ्यवस्तु | घन्टी |
|---|---|---|
| १. | सस्वर वाचन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | पठनबोध | २ |
| ४. | छलफल र प्रश्नोत्तर | २ |
| ५. | बुँदा टिपोट र सारांश | १ |
| ६. | कार्यमूलक व्याकरण | १ |
| ७. | जीवनी लेखन | १ |

पाठ्यवस्तु : **सस्वर वाचन र शुद्धोच्चारण** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) गति र यति मिलाई 'लुइ पास्चर' जीवनीका निर्दिष्ट अनुच्छेदहरूलाई सस्वर वाचन गर्न

(ख) पाठमा प्रयुक्त शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न

२. **शैक्षिक सामग्री**

लुइ पास्चर, शब्दपत्ती, कठिन उच्चारण भएका शब्दहरूको सूची

३. **शिक्षण सिकाइ कार्यकलाप**

(क) शिक्षकले विद्यार्थीहरूलाई पाठप्रति ध्यानाकर्षण गर्न लुइ पास्चरको तस्बिर/चित्र देखाई उनका जीवनका आकर्षक घटना वा प्रेरक प्रसङ्ग सुनाएर पाठप्रति अभिप्रेरणा जगाउनुहोस् ।

(ख) शिक्षकले निर्धारित अनुच्छेद सस्वर वाचन गरी सुनाउनुहोस् र विद्यार्थीहरूलाई पनि ध्यान दिएर पाठ्य पुस्तकमा हेर्न र सुन्न निर्देशन दिनुहोस् ।

(ग) विद्यार्थीहरूलाई पालैपालो पाठका विभिन्न अनुच्छेदहरू क्रमैसँग गति र यति मिलाई सस्वर वाचन गर्न लगाउनुहोस् । सस्वर वाचन गराउँदा कक्षाका जेहेनदार, मध्यम र कमजोर विद्यार्थी सबैलाई उत्तिकै प्राथमिकता दिनुहोस् । सस्वर पठन गर्दा विद्यार्थीले ठिकसँग पढे नपढेको विचार गरी पृष्ठपोषणसहित हौसला प्रदान गर्नुहोस् ।

(घ) निर्धारित पाठका विभिन्न अनुच्छेदमा रहेका कठिन तथा नयाँ शब्दहरू शिक्षकले उच्चारण गरेर सुनाउनुहोस् र सँगसँगै विद्यार्थीलाई पनि उच्चारण गर्न लगाउनुहोस् । यो अभ्यास केही पटक दोहोऱ्याउनुहोस् । विद्यार्थीले शुद्ध उच्चारण नगरेसम्म शुद्ध उच्चारणको अभ्यास गराइरहनुहोस् ।

(ङ) विद्यार्थीहरूलाई आवश्यकताअनुसार समूहमा विभाजन गरी उच्चारण तथा सस्वर वाचन प्रतियोगिता गराउनुहोस् ।

(च) शुद्ध र स्पष्ट उच्चारणका लागि नयाँ तथा कठिन शब्दहरूलाई वाक्य तथा अनुच्छेदमा पनि उच्चारण गर्न लगाई प्रशस्त अभ्यास गराउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) निर्धारित पाठका अनुच्छेद तोकी सस्वर वाचन गर्न लगाउनुहोस् ।

(ख) पाठका नयाँ शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न लगाउनुहोस् ।

(ग) पाठमा प्रयुक्त केही शब्दहरू कालोपाटीमा लेखिदिनुहोस् र विद्यार्थीलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

प्रत्येक विद्यार्थीलाई प्रस्तुत पाठमा प्रयुक्त नयाँ र कठिन शब्दको सङ्कलन गरी ती शब्द शुद्ध र स्पष्ट उच्चारण गरी आउन निर्देश गर्नुहोस् ।

पाठ्यवस्तु : **शब्दार्थ र वाक्यमा प्रयोग** *घन्टी : १*

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू 'लुइ पास्चर' पाठका कठिन शब्दको अर्थ बताई वाक्यमा प्रयोग गर्न सक्षम हुने छन् ।

२. **शैक्षिक सामग्री**

शब्दपत्ती, वाक्यपत्ती, शब्दकोश

३. **शिक्षण सिकाइ कार्यकलाप**

(क) शिक्षकले पाठका निर्धारित अनुच्छेद मनमनै पढ्न (मौन वाचन) लगाउनुहोस् । उनीहरूलाई कठिन लागेका शब्दको टिपोट गर्न लगाउनुहोस् । यसरी टिपोट गर्दा पाठमा अर्थ दिइएका

शब्दहरूको अर्थ त्यहीँ खोज्न निर्देश गर्नुहोस् र अन्य शब्द मात्र टिपोट गर्न निर्देश गर्नुहोस् ।

(ख) सबैले मौन वाचन गरी कठिन लागेका शब्दहरू शिक्षकले कालोपाटीमा क्रमैसँग टिप्दै जानुहोस् र ती शब्दहरूको अर्थ विद्यार्थीहरूलाई नै भन्न लगाउनुहोस् । सही अर्थ भन्न नसकेमा शिक्षकले अर्थ भनिदिनुहोस् ।

(ग) शैक्षिक सामग्रीका रूपमा ल्याएका शब्दपत्ती, वाक्यपत्तीहरूमा नयाँ शब्दहरू नपरेमा शब्दकोशको सहयोग लिई त्यस्ता शब्दहरूको अर्थ खोज्न विद्यार्थीहरूलाई लगाउनुहोस् ।

(घ) पाठमा प्रयुक्त कठिन अन्य केही शब्दहरूको अर्थ शब्दकोशमा हेर्न प्रोत्साहन गर्नुहोस् ।

(ङ) विद्यार्थीले कठिन मानेका शब्दको अर्थ स्पष्ट भएपछि ती शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् र सबैले सुन्ने गरी भन्न लगाउनुहोस् । यो अभ्यास केही समय दोहोऱ्याइरहनुहोस् ।

४. **मूल्याङ्कन**

(क) शिक्षकले प्रत्येक विद्यार्थीलाई पाठमा प्रयोग भएका जटिल शब्दको अर्थ सोधी उत्तर दिन लागउनुहोस् ।

(ख) कक्षामा प्रत्येक विद्यार्थीहरूलाई केही शब्दहरू दिई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ग) पाठको प्रश्न ९ र १० को अभ्यासको उत्तर दिन लगाउनुहोस् ।

५. **गृहकार्य**

पाठमा प्रयुक्त केही शब्दहरू दिई तिनलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

पाठ्यवस्तु : **पठन बोध** *घन्टी : २*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) निर्दिष्ट अनुच्छेदका आधारमा सोधिएका बोध प्रश्नको उत्तर दिन

(ख) पाठको अभ्यासमा दिइएका बोध सम्बन्धी प्रश्नको उत्तर दिन

२. **शैक्षिक सामग्री**

बोध प्रश्नहरूको सूची

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) प्रस्तुत पाठबाट एक दुई ओटा उपयुक्त अनुच्छेदहरू तोकी समय निर्धारण गरिदिई मौन वाचन गर्न लगाउनुहोस् । विद्यार्थीहरूले मौन वाचन दोहोऱ्याएर गर्न लगाउनुहोस् ।

(ख) मौन वाचनपछि शैक्षिक सामग्रीका रूपमा ल्याइएको बोध प्रश्नहरूको सूची फलाटिन पाटीमा प्रस्तुत गर्दै विद्यार्थीहरूलाई पालैपालो उत्तर सोध्नुहोस् ।

(ग) उपर्युक्त प्रश्नहरूको उत्तर पहिले मौखिक र त्यसपछि लिखित रूपमा दिन लगाउनुहोस् ।

(घ) विद्यार्थीहरूलाई प्रस्तुत अनुच्छेदका मुख्य मुख्य बुँदा पहिल्याई भन्न लगाउनुहोस् र कालोपाटीमा टिप्दै जानुहोस् ।

(ङ) कालोपाटीमा टिपिएका बुँदाहरूका आधारमा सारांश लेख्न लगाउनुहोस् । विद्यार्थीहरूले लेखेका सारांशहरूमध्ये केही विद्यार्थीहरूलाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यकताअनुसार शिक्षकले संशोधन र परिमार्जन गरिदिनुहोस् । यसैगरी आवश्यकताअनुसार अभ्यास बढाउँदै लैजानुहोस् ।

४. **मूल्याङ्कन**

(क) शिक्षकले विभिन्न बोध प्रश्नहरू सोधी उत्तर भन्न लगाउनुहोस् ।

(ख) कुनै अनुच्छेद पढ्न दिई पाँच ओटा मुख्य कुरा भन्न लगाउनुहोस् ।

५. **गृहकार्य**

पाठको अभ्यासको प्रश्न ६ र ७ गरेर ल्याउन निर्देश गर्नुहोस् ।

पाठ्यवस्तु : **छलफल र प्रश्नोत्तर** *घन्टी : २*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) लुइ पास्चरको जीवनी सम्बन्धी स्वतन्त्र रूपमा छलफलमा सहभागी हुन

(ख) पाठसँग सम्बन्धित तथा पाठको अन्त्यमा भएका विभिनन प्रश्नोत्तर गर्न

२. **शैक्षिक सामग्री**

लुइ पास्चरको जीवनीमा आधारित तालिका, तस्बिर, नमुना उत्तरको चार्ट

३. **शिक्षण सिकाइ कार्यकलाप**

(क) लुइ पास्चर, उनका बाबुआमा, जन्मस्थान आदिका बारेमा विद्यार्थीहरूलाई विभिन्न समूह बनाई छलफल गराउनुहोस् ।

(ख) विद्यार्थीहरूलाई प्रस्तुत जीवनी पाठ्यवस्तु समिटिने गरी प्रश्न तयार पारी समूहमा छलफल गराउनुहोस् र निष्कर्ष निकाल्न लगाउनुहोस् ।

छलफलका लागि निम्न लिखित प्रश्नहरू सोध्नुहोस् :

(अ) लुइ पास्चरको जन्म कहिले भएको हो ?

(आ) लुइ पास्चरका आमाबाबुको नाम के हो ?

(इ) लुइ पास्चरले कुन विषयमा डाक्टर उपाधि प्राप्त गरेका थिए ?

(ई) लुइ पास्चरको विवाह कोसँग भएको थियो ।

(उ) लुइ पास्चरले गरेका मुख्य मुख्य कार्यहरू के के छन् ?

(ग) विद्यार्थीहरूको उत्तर अस्पष्ट वा गलत भएमा पुनः पाठको सम्बन्धित अनुच्छेद पढ्न निर्देश गर्नुहोस् ।

(घ) पाठको अनुच्छेद पढिसकेपछि पुनः प्रश्नोत्तर गराउनुहोस् र प्रश्नोत्तरका माध्यमबाट पाठको सारांश बताउन लगाउनुहोस् । सारांशका लागि शिक्षकले आवश्यक सहयोग गर्नुहोस् ।

(ङ) छलफल र प्रश्नोत्तरका क्रममा विद्यार्थीका जिज्ञासाहरूको चित्त बुझ्दा उत्तर दिनुहोस् । छलफल र प्रश्नोत्तरमा सक्रिय नहुने कमजोर विद्यार्थीको पहिचान गरी प्रश्नोत्तर गर्न हौसला प्रदान गर्नुहोस् । कक्षाका सबै विद्यार्थीलाई बरोबर ध्यान दिनुहोस् ।

(च) शैक्षिक सामग्रीका रूपमा ल्याइएका प्रश्नहरूको सूची सबैले देख्ने स्थानमा टाँसी आवश्यकतानुसार प्रश्नोत्तर र छलफल गराउनुहोस् ।

(छ) प्रश्न निर्माणका लागि पाठ्य पुस्तकमा भएको प्रश्न १ र ३ को सहायता पनि लिनुहोस् र प्रशस्त छलफल तथा प्रश्नोत्तर गराउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) लुइ पास्चर सम्बन्धी विभिन्न प्रश्न सोधी तिनको उत्तर दिन लगाउनुहोस् ।

(ख) यस पाठको अभ्यास १ का प्रश्नहरू मौखिक उत्तर दिन लगाउनुहोस् ।

५. **गृहकार्य**

लुइ पास्चर पाठका अभ्यास खण्ड ३ को उत्तर लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

पाठ्यवस्तु : **बुँदा टिपोट र सारांश** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) लुइ पास्चरका जीवनमा घटेका घटनाहरूको क्रम मिलाएर टिपोट गर्न

(ख) निर्धारित अनुच्छेदको सारांश लेख्न

२. **शैक्षिक सामग्री**

लुइ पास्चरका जीवनीमा आधारित मुख्य मुख्य घटना टिपोटको तालिका, सारांशको नमुना

३. **शिक्षण सिकाइ कार्यकलाप**

(क) सर्वप्रथम विद्यार्थीहरूलाई पाठ्य जीवनीका मुख्य मुख्य घटनाक्रम टिपोट गर्न लगाउनुहोस् ।

(ख) लुइ पास्चरको बाल्यकाल, उनको स्वभाव, रुचि, अध्ययनअध्यापन, विवाह आदिका बारेमा टिपोट गर्न विद्यार्थीहरूलाई प्रोत्साहिन गर्नुहोस् । महत्त्वपूर्ण घटनाक्रम र कुराहरूलाई शैक्षणिक पाटीमा क्रमैसँग टिप्दै जानुहोस् ।

(ग) शैक्षणिक पाटीमा टिपिएका कुराहरूलाई क्रम मिलाई लेख्न अभ्यस्त गराउनुहोस् ।

(घ) घटनाक्रमलाई मिलाएर लेखेपछि त्यसलाई अनुच्छेदका रूपमा लेख्न लगाउनुहोस् ।

(ङ) बुँदा टिपोट गर्न जानिसकेपछि निर्धारित अनुच्छेद दिई त्यसबाट मुख्य मुख्य पाँच ओटा बुँदा टिपोट गर्न लगाउनुहोस् ।

(च) विद्यार्थीलाई निर्दिष्ट अनुच्छेदको शब्दसङ्ख्या, बुँदा टिपोट (असमपिका क्रियापदमा), खेस्रा लेखन, साफी लेखन, एक तृतीयांशमा लेखिनुपर्ने सारांश, लेखिएको सारांश शब्द सङ्ख्या, उपयुक्त शीर्षक आदि जस्ता आधारभूत कुराहरूबारे छलफल गराउनुहोस् ।

(छ) आफूले ल्याएको शैक्षिक सामग्रीहरू सबैले देख्ने स्थानमा टाँसी विद्यार्थीहरूलाई पनि त्यस्तै कुनै अनुच्छेद दिई बुँदा टिपोट र सारांश लेख्न अभ्यास गराउनुहोस् ।

४. **मूल्याङ्कन**

कुनै एक अनुच्छेद दिई त्यसबाट पाँच ओटा मुख्य मुख्य बुँदा टिपोट गरी सारांश लेख्न लगाउनुहोस् ।

५. **गृहकार्य**

आफ्नो जीवनमा हालसम्म घटेका मुख्य मुख्य १५ ओटा कुराहरू टिपी त्यसलाई अनुच्छेदमा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

पाठ्यवस्तु : **कार्यमूलक व्याकरण (विभक्ति र काल)**

*घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) उदाहरणसहित विभक्तिको परिचय दिन

(ख) सर्वनाम र विभक्ति चिह्नलाई मिलाएर वाक्यमा प्रयोग गर्न

(ग) पूर्ण भूत र पूर्ण भविष्यत् कालका क्रियापदको प्रयोग गरी वाक्य बनाउन

२. **शैक्षिक सामग्री**

विभक्ति चिह्नहरू, शब्दपत्ती, वाक्यपत्ती

३. **शिक्षक सिकाइ कार्यकलाप**

(क) शिक्षकले विभिन्न शब्दपत्तीहरू र वाक्यपत्तीहरू फलाटिन पाटी वा कालोपाटीमा प्रस्तुत गर्नुहोस् र वाक्यमा विभक्तिको कामका सम्बन्धमा विभिन्न उदाहरणसहित प्रस्ट पारिदिनुहोस् ।

(ख) शैक्षणिक पाटीमा विभक्तिसहितका वाक्य र विभक्ति बाहेकका दुई तिन ओटा फरक फरक वाक्यहरू लेखी दुवैमा फरक पहिचान र अवलोकन गर्न लगाउनुहोस् ।

(ग) कालोपाटीमा विभक्ति लागेका र केही अन्य फरक कोटीका शब्दहरू लेखी विभक्तिको पहिचान गर्न लगाउनुहोस् ।

(घ) माथिका कार्यकलाप पटक पटक दोहोऱ्याउनुहोस् र उदाहरणसहित विभक्तिको विभिन्न प्रकार सहितको परिचय दिन लगाउनुहोस् ।

(ङ) सर्वनाम र विभक्ति चिह्नलाई मिलाएर वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् ।

(च) पूर्ण भूत र पूर्ण भविष्यत्का विभिन्न वाक्यहरू दिएर एक आपसमा परिवर्तन गर्ने अभ्यास गराउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) कालोपाटीमा विभिन्न शब्द, वाक्यहरू लेखी विभक्तिको पहिचान गर्न लगाउनुहोस् ।

(ख) पूर्ण भूत र भविष्यत् कालका वाक्यहरू निर्माण गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

व्याकरणअन्तर्गत अभ्यास १५ देखि १९ सम्मका सबै प्रश्नको उत्तर लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

**पाठ्यवस्तु : जीवनी लेखन** *घन्टी : १*

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू पठित जीवनीका आधारमा विभिन्न क्षेत्रका ख्यातिप्राप्त सिद्धहस्त व्यक्तिका जीवनी मिलाई भन्न र लेख्न सक्षम हुने छन् ।

२. **शैक्षिक सामग्री**

ख्यातिप्राप्त व्यक्तिका तस्बिरहरू, ख्यातिप्राप्त व्यक्तिका जीवनका मुख्य मुख्य घटनाहरूको टिपोट

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) शिक्षकले सर्वप्रथम कक्षामा ख्यातिप्राप्त व्यक्तिको जीवनी सबैले देख्ने ठाउँमा टाँस्नुहोस् र जीवनी पढेर सुनाउनुहोस् र ध्यानपूर्वक विद्यार्थीहरूलाई पनि सुन्न आग्रह गर्नुहोस् ।

(ख) शिक्षकले ख्यातिप्राप्त व्यक्तिको जीवनी पढेर सुनाउँदा विद्यार्थीहरूलाई कहिलेकाहीँ ससाना प्रश्न सोध्नुहोस् । जीवनीको पाठ्यवस्तु स्पष्ट पार्न पटक पटक पढेर सुनाउनुहोस् र विद्यार्थीहरूलाई पनि सुन्न लगाएर अन्त्यमा त्यसको मौखिक वर्णन गर्न लगाउनुहोस् ।

(ग) जीवनी पढेर सुनाएपछि जीवनी लेखनका लागि आवश्यक पर्ने कुराहरू कालोपाटीमा बुँदागत रूपमा लेखिदिनुहोस् ।

(घ) अन्त्यमा कसैको जीवनका मुख्य मुख्य घटना दिएर जीवनी लेख्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गरी आवश्यक छलफल गराउनुहोस् । शिक्षकले आवश्यकताअनुसार पृष्ठपोषण र सहयोग गर्नुहोस् ।

४. **मूल्याङ्कन**

आफ्नो जीवनमा हालसम्म घटेका मुख्य मुख्य घटनाहरूको टिपोट गरी त्यसको विस्तार गरी जीवनी लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

५. **गृहकार्य**

विभिन्न ख्यातिप्राप्त, समाजसेवी तथा साहित्यकारका जीवनीका महत्त्वपूर्ण केही बुँदाहरू दिई जीवनी लेख्न लगाउनुहोस् र परीक्षण गरी पृष्ठपोषण समेत दिनुहोस् ।

पाठ
१५

# वातावरणको रक्षा

*घन्टी : ९*

| क्र.सः | पाठ्यवस्तु | घन्टी |
|---|---|---|
| १. | सस्वर वाचन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | बोध प्रश्नोत्तर | १ |
| ४. | व्याख्या | २ |
| ५. | बुँदा टिपोट र सारांश | १ |
| ६. | व्याकरण | १ |
| ७. | अनुच्छेद/निबन्ध लेखन | २ |

पाठ्यवस्तु : **सस्वर वाचन र शुद्धोचारण** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) निर्धारित अनुच्छेदलाई गति, यति मिलाई सस्वर पढ्न

(ख) पाठमा प्रयुक्त कठिन शब्दको शुद्धसँग उच्चारण गर्न

२. **शैक्षिक सामग्री**

शब्दपत्ती, उच्चारणका लागि कठिन शब्दहरूको सूची

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) शिक्षकले वातावरणको रक्षा सम्बन्धी विविध प्रश्नोत्तर गराई विद्यार्थीलाई पाठप्रति ध्यानाकर्षण गराउनुहोस् ।

जस्तै :

- वातावरणको रक्षा कसरी गर्न सकिन्छ ?
- प्राङ्गारिक मलको प्रयोगले कस्तो फाइदा पुग्छ ?
- किन रासायनिक मलको प्रयोग कम गर्नुपर्छ ?
- के कारणले मौसम सम्बन्धी समस्या सिर्जना भएको हो ?

(ख) प्रबन्धका अनुच्छेदहरू तोकिदिएर विद्यार्थीलाई पालैपालो गति, यति र हाउभाउका साथ सस्वर पढ्न निर्देशन गर्नुहोस् । पढ्ने विद्यार्थीबाहेक अन्य विद्यार्थीलाई किताबको पाठ हेरेर सुन्न र साथीले ठिक पढे नपढेको याद गर्न लगाई भन्न लगाउनुहोस् ।

(ग) विद्यार्थीलाई सस्वर पठन गर्दा गति, यति मिलाई पठन गर्न कठिन भएमा शिक्षकले आदर्श वाचन गरिदिनुहोस् र विद्यार्थीलाई पुनः वाचन गर्न लगाउनुहोस् ।

(घ) निर्धारित अनुच्छेदबाट उच्चारणमा कठिन हुने शब्दहरूको सूची बनाउन निर्देशन गर्नुहोस् । ती सूचीहरूलाई शैक्षणिक पाटीमा टिपोट गरिदिनुहोस् ।

(ङ) टिपोट गरिएका कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न अभ्यास गराउनुहोस् र विद्यार्थीले गल्ती गरेमा गल्ती निर्देश गरी सही उच्चारणको अभ्यास गराउनुहोस् ।

(च) उच्चारण गर्दा अन्य मातृभाषी तथा स्थानीय भाषी विद्यार्थीहरूलाई विशेष जोड दिँदै कक्षामा अभ्यास गराउनुहोस् ।

(छ) नयाँ शब्दका पत्तीहरू गोजी तालिका वा फलाटिन पाटीमा प्रस्तुत गर्दै तिनको पनि विद्यार्थीलाई पालैपालो अभ्यास गर्न लगाउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) विद्यार्थीलाई पाठका केही अनुच्छेद पढ्न लगाउनुहोस् ।

(ख) पाठमा भएका अतिवृष्टि, प्रदूषण, जनसङ्ख्या, वृक्षरोपण जस्ता शब्दहरू पाठबाट टिपेर ल्याउन लगाउनुहोस् ।

५. **गृहकार्य**

(क) वातावरणको रक्षा पाठ घरमा सस्वर वाचन गर्न निर्देशन दिनुहोस् ।

(ख) विद्यार्थीलाई उच्चारण गर्न कठिन लाग्ने शब्दहरू पाठबाट टिपेर ल्याउन निर्देशन गर्नुहोस् ।

पाठ्यवस्तु : **शब्दार्थ र वाक्यमा प्रयोग** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) पाठमा प्रयुक्त कठिन शब्दहरूको अर्थ भन्न

(ख) उक्त शब्दहरूलाई अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्न

२. **शैक्षिक सामग्री**

शब्दपत्ती, अर्थपत्ती

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीलाई समूहमा विभाजन गरेर पाठका अनुच्छेद निर्धारण गरी मौन पठन गर्न लगाउनुहोस् ।

(ख) मौन पठन गर्दा आफूले अर्थ नजानेका शब्द टिपोट गर्न पाठमा नदिइएका अर्थ मात्र टिपोट गर्न लगाउनुहोस् ।

(ग) टिपोट गरिएका शब्दहरूलाई नदोहोरिने गरी पालैपालो भन्न लगाई शैक्षणिक पाटीमा टिपोट गरिदिनुहोस् ।

(घ) कठिन शब्दहरूको अर्थ विद्यार्थीलाई सोध्नुहोस् । विद्यार्थीले नजानेमा शब्दपत्ती र अर्थपत्तीको सहायताले प्रस्ट पारिदिनुहोस् ।

(ङ) शब्दार्थ शिक्षणपछि ती शब्दहरूलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् र विद्यार्थीले ठिक तरिकाले वाक्य बनाउन नजानेमा आफूले तयार पारेको वाक्यपत्ती फलाटिन पाटीमा प्रस्तुत गर्दै वाक्य निर्माणको अभ्यास गराउनुहोस् र आवश्यक पृष्ठपोषण समेत प्रदान गरिदिनुहोस् ।

४. **मूल्याङ्कन**

(क) पाठमा भएका नयाँ कठिन शब्दहरूको अर्थ विद्यार्थीलाई पालैपालो भन्न लगाउनुहोस् ।

(ख) नयाँ शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न अभ्यास गराउन लगाउनुहोस् ।

५. **गृहकार्य**

पाठको अभ्यास ९ देखि १३ सम्म गरेर ल्याउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : बोध प्रश्नोत्तर

*घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) निर्दिष्ट अनुच्छेदका आधारमा सोधिएका बोध प्रश्नको उत्तर दिन

(ख) पाठबाट सङ्क्षिप्त र लामो उत्तरात्मक प्रश्नको उत्तर दिन

२. **शैक्षिक सामग्री**

बोध प्रश्नहरूको सूची

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीलाई समूह विभाजन गर्नुहोस् र पाठको अनुच्छेद तोकिदिएर मौन पठन गर्न लगाउनुहोस् ।

(ख) मौन पठनपश्चात् पालैपालो फलाटिन पाटीमा बोध प्रश्नहरूको सूची प्रस्तुत गर्दै तिनको पालैपालो उत्तर सोध्नुहोस्, उदाहरणका लागि बोध प्रश्नहरू निम्न लिखित छन् :

- वातावरणको रक्षा कसरी गर्न सकिन्छ ?
- के कारणले मौसम सम्बन्धी समस्या सिर्जना भएको छ ?
- के भएमा पृथ्वीमा बस्न सकिँदैन ?
- कसरी मानिसको कल्याण गर्न सकिन्छ ?

(ग) विद्यार्थीलाई दुई समूहमा विभाजन गर्नुहोस् । एउटा समूहलाई प्रश्न बनाउन लगाउनुहोस्, अर्को समूहलाई उत्तर दिन लगाउनुहोस् ।

(घ) विद्यार्थीले बनाएका प्रश्न र दिएका उत्तर ठिक भए नभएको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

४. **मूल्याङ्कन**

(क) निर्दिष्ट अनुच्छेदहरूबाट बोध प्रश्नहरू सोधी उत्तर भन्न लगाउनुहोस् ।

(ख) अभ्यास १ को उत्तर भन्न लगाउनुहोस् ।

५. **गृहकार्य**

पाठको अभ्यासको ५ को उत्तर लेख्न निर्देशन गर्नुहोस् र परीक्षण समेत गरिदिनुहोस् ।

## पाठ्यवस्तु : **व्याख्या/भाव विस्तार** *घन्टी : २*

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू पाठका विशिष्ट पङ्क्तिहरूको व्याख्या गर्न सक्षम हुने छन् ।

२. **शैक्षिक सामग्री**

विशिष्ट पङ्क्ति लेखिएका मेटाकार्ड, व्याख्याको नमुना

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीलाई मौन पठन गर्न लगाउनुहोस् र प्रबन्धबाट महत्त्वपूर्ण विशिष्ट अंश वा पङ्क्ति टिपोट गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीले टिपोट गरेका पङ्क्तिहरू विद्यार्थीलाई भन्न लगाई शैक्षणिक पाटीमा टिपोट गरिदिनुहोस् । उनीहरूले नभनेका अरू पङ्क्तिहरू भए विशिष्ट पङ्क्ति लेखिएको मेटाकार्ड फलाटिन पाटीमा प्रस्तुत गरिदिनुहोस् ।

जस्तै :

- वैज्ञानिक उन्नति र विकास निर्माणका जुनसुकै कामले पनि जङ्गल र वातावरणमा असर पर्छ ।
- हाम्रा पूर्वजहरू शुद्धताको खुब ख्याल गर्दथे ।
- विज्ञानको विकासले विभिन्न सामग्री बनेका छन् ।
- भूमि सबैको बाँच्ने आधार हो ।
- मानिस सबैभन्दा बुद्धिमान् प्राणी हो ।

(ग) त्यसपछि समयले पुगे सबै र नपुगे प्रमुख केही पङ्क्तिको अभिप्राय पहिल्याउन विद्यार्थीलाई विभिन्न प्रश्नहरू सोधी उत्तर दिन लगाउनुहोस् र ती बुँदाहरूलाई शैक्षणिक पाटीमा टिपोट गरिदिनुहोस् ।

(घ) ती बुँदाहरूलाई वाक्य बनाउँदै अनुच्छेदमा लेख्न लगाउनुहोस् र अनुच्छेदबाट प्रस्ट नभएका कुराहरू छलफल गराई सम्बन्धित पङ्क्तिको अर्थ स्पष्ट पारिदिनुहोस् ।

(ङ) शिक्षकले आफूले तयार गरेर ल्याएको व्याख्याको नमुना फलाटिन पाटीमा प्रस्तुत गर्दै कक्षामा तयार गरिएको व्याख्या र त्यसका बिच तुलना गर्न लगाउनुहोस् र आवश्यक थपघटसहित अझ स्पष्ट पार्दै अर्थ बताइदिनुहोस् ।

४. **मूल्याङ्कन**

पाठको कुनै खास विशिष्ट पङ्क्ति दिएर व्याख्या गर्न लगाउनुहोस् ।

५. **गृहकार्य :**

अभ्यास ६ को व्याख्या गरेर ल्याउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : बुँदा टिपोट र सारांश

*घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) तोकिएका अनुच्छेदहरूको मुख्य मुख्य बुँदा टिपोट गर्न

(ख) तोकिएका अनुच्छेदहरूको सारांश भन्न र लेख्न

२. **शैक्षिक सामग्री**

अनुच्छेदका मुख्य बुँदाहरूको सूची, सारांशको नमुना

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीलाई प्रस्तुत पाठबाट एक  दुई ओटा उपयुक्त अनुच्छेदहरू तोकी मौन वाचन गर्न लगाउनुहोस् । विद्यार्थीले मौन वाचन ठिकसँग गरे नगरेको निरीक्षण गर्दै आवश्यक सहयोग गर्नुहोस् ।

(ख) विद्यार्थीलाई निर्धारित अनुच्छेदका मुख्य मुख्य बुँदा पहिल्याई भन्न लगाउनुहोस् र आवश्यक संशोधनका साथ शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ग) बुँदा टिपोट गरेपछि अनावश्यक बुँदा हटाउँदै आवश्यक भए अन्य बुँदा पनि थपिदिनुहोस् ।

(घ) उपयुक्त बुँदाहरूलाई आधार मानी सारांश भन्न लगाउनुहोस् र पछि लेख्न लगाउनुहोस् । तिनीहरूका बारेमा आवश्यक छलफल समेत गर्नुहोस् ।

(ङ) शिक्षकले तयार पारेर ल्याएको बुँदा टिपोट र सारांशको नमुना फलाटिन पाटीमा प्रस्तुत गरेर त्यसअनुसार सच्याउन लगाउनुहोस् ।

४. **मूल्याङ्कन**

पाठको चौथो अनुच्छेदबाट बुँदा टिपोट र सारांश लेखनको अभ्यास गराउनुहोस् ।

५. **गृहकार्य**

अभ्यास ७ को उत्तर लेखेर ल्याउन लगाउनुहोस् ।

पाठ्यवस्तु : **कार्यमूलक व्याकरण (वर्णगत र शब्दगत उच्चारण, करण/अकरण तथा वाक्य परिवर्तन)**

*घन्टी : १*

**१. उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) वर्णगत, शब्दगत रूपमा स्पष्ट उच्चारण गर्न

(ख) करण वाक्यलाई अकरण र अकरण वाक्यलाई करणमा परिवर्तन गर्न

(ग) पुरुषका आधारमा वाक्य परिवर्तन गर्न

**२. शैक्षिक सामग्री**

वर्ण पत्ती, शब्द पत्ती

**३. शिक्षक सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीलाई वर्णगत र शब्दगत रूपमा शुद्ध उच्चारण गर्नका लागि कठिन लागेका शब्दहरू टिपोट गर्न लगाउनुहोस् ।

(ख) टिपोट गरिएका शब्दहरूलाई व्यक्तिगत र सामूहिक रूपमा शुद्ध उच्चारण गर्न लगाउनुहोस् ।

(घ) उच्चारण गर्न लगाउँदा मातृभाषी नेपाली नहुनेहरूका लागि विशेष ध्यान दिनुहोस् ।

(ङ) केही वाक्यहरू दिई करण वाक्यलाई अकरण र अकरण वाक्यलाई करणमा परिवर्तन गर्न लगाउनुहोस् ।

(च) विद्यार्थीलाई वाक्यहरू बनाउन लगाई पुरुषका आभारमा वाक्य परिवर्तन गर्न लगाउनुहोस् ।

**४. मूल्याङ्कन**

(क) विभिन्न शब्दहरू दिई वर्णगत र शब्दगत उच्चारण गर्न लगाउनुहोस् ।

(ख) वाक्यहरू दिई पुरुषका आधारमा वाक्य परिवर्तन गर्न लगाई करण भए अकरण र अकरण भए करणमा परिवर्तन गर्न लगाउनुहोस् ।

**५. गृहकार्य**

अभ्यास १८ देखि २१ सम्म गर्न लगाउनुहोस् ।

**पाठ्यवस्तु : प्रबन्ध लेखन** *घन्टी : २*

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू पठित र स्वतन्त्र विषयमा प्रबन्ध लेख्न सक्षम हुने छन् ।

२. **शैक्षिक सामग्री**

निबन्ध लेखनका लागि शीर्षक र बुँदाहरू, प्रबन्ध लेखनको ढाँचा

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) प्रबन्धका केही शीर्षकहरू विद्यार्थीलाई भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ख) प्रबन्धको शीर्षक टिपोट गर्दा अन्य शीर्षक पनि थप गरिदिनुहोस् । यसरी शीर्षक थप गर्दा पूर्व पठित विषयसँग सम्बन्धित शीर्षक पनि छनोट गरिदिनुहोस् ।

(ग) शैक्षणिक पाटीमा टिपोट गरिएका शीर्षकरूमध्ये एउटा शीर्षक विद्यार्थीलाई छनोट गर्न लगाउनुहोस् ।

(घ) निबन्ध लेखनका तरिका सम्बन्धी छलफल गर्दै आदि, मध्य र अन्त्य खण्डका बारेमा चर्चा गर्नुहोस् ।

(ङ) विद्यार्थीले छनोट गरेको शीर्षकका बारेमा विद्यार्थीले जानेका बुँदाहरू टिपोट गर्न लगाउनुहोस् ।

(च) विद्यार्थीले बुँदा टिपोट गरिसकेपछि निबन्ध लेखनको ढाँचा प्रस्तुत गर्नुहोस् र सोही ढाँचाअनुसार निबन्ध लेख्न लगाउनुहोस् ।

(छ) विद्यार्थीले निबन्ध लेखिसकेपछि परीक्षण समेत गरिदिनुहोस् । केही उत्कृष्ट निबन्धलाई सस्वर वाचन समेत गरिदिनुहोस् । कमजोर विद्यार्थीलाई पृष्ठ पोषण सहित अझ राम्रो निबन्ध लेखनका लागि प्रोत्साहन गरिदिनुहोस् ।

४. **मूल्याङ्कन**

कुनै शीर्षक दिएर निबन्ध लेख्न लगाई त्यसको परीक्षण समेत गरिदिनुहोस् ।

५. **गृहकार्य**

(क) पाठसँग सम्बन्धित कुनै विषयमा निबन्ध लेख्न लगाउनुहोस् ।

(ख) सिर्जनात्मक अभ्यास गरेर ल्याउन निर्देशन गर्नुहोस् ।

पाठ
१६

# राष्ट्रिय विभूति शङ्खधर शाख्वा

*घन्टी : ९*

| क्र.सं. | पाठ्यवस्तु | घन्टी |
|---|---|---|
| १. | सस्वर वाचन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | पठनबोध | २ |
| ४. | छलफल र प्रश्नोत्तर | २ |
| ५. | बुँदा टिपोट र सारांश | १ |
| ६. | व्याख्या | १ |
| ७. | कार्यमूलक व्याकरण | १ |

पाठ्यवस्तु : **सस्वर वाचन र शुद्धोच्चारण** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) गति र यति मिलाई 'राष्ट्रिय विभूति शङ्खधर शाख्वा' जीवनीका निर्दिष्ट अनुच्छेद सस्वर वाचन गर्न

(ख) पाठमा प्रयुक्त जटिल शब्दहरूका शुद्ध र प्रस्ट उच्चारण गर्न

२. **शैक्षिक सामग्री**

राष्ट्रिय विभूति शङ्खधर शाख्वाको तस्बिर, शब्दपत्ती, जटिल शब्दहरूको सूची

३. **शिक्षण सिकाइ कार्यकलाप**

(क) सर्वप्रथम शिक्षकले विद्यार्थीहरूलाई निम्नअनुसारका प्रश्न सोधी शङ्खधर शाख्वाका बारेमा जान्न आकर्षित गर्नुहोस् :

(अ) शङ्खधर शाख्वा को हुन् ?

(आ) उनी कहाँ जन्मिएका हुन् ?

(इ) उनी किन प्रसिद्ध छन् ?

(ख) शिक्षक आफैँले निर्धारित अनुच्छेद गति र यति मिलाई सस्वर वाचन गरी कक्षामा सुनाउनुहोस् र विद्यार्थीहरूलाई ध्यान दिएर पाठ्य पुस्तकमा हेर्न लगाउनुहोस् ।

(ग) विद्यार्थीहरूलाई पनि निर्धारित अनुच्छेद पालैपालो पढी सुनाउन लगाउनुहोस् । यो कार्यकलापमा कमजोर र मध्यम विद्यार्थीलाई पनि समावेश गराउनुहोस् ।

(घ) सस्वर वाचन गर्दा र गराउँदा कठिन शब्दको दुई पटक सस्वर वाचन गरिदिनुहोस् र अर्थ पनि भनिदिनुहोस् ।

(ङ) कठिन शब्दको गति र यति मिलाई शुद्धसँग पढ्न अभ्यास गराउनुहोस् । आवश्यकताअनुसार शिक्षकले पनि सहयोग गर्दै थप प्रोत्साहन गरी प्रशस्त अभ्यास गराउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) विद्यार्थीहरूलाई निर्दिष्ट अनुच्छेद सस्वर वाचन गर्न लगाउनुहोस् ।

(ख) पाठमा प्रयुक्त कठिन शब्दको उच्चारण गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

पाठका कठिन शब्दहरूको टिपोट गरी कक्षामा ल्याएर सबैलाई सुनाउन निर्देशन गर्नुहोस् ।

पाठ्यवस्तु : **शब्दार्थ र वाक्यमा प्रयोग** घन्टी : १

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) पाठका कठिन शब्दको अर्थ बताउन

(ख) पाठका कठिन शब्दलाई वाक्यमा प्रयोग गर्न

२. **शैक्षिक सामग्री**

शब्दपत्ती, शब्दार्थ पत्ती, वाक्यपत्ती, शब्दकोश

३. **शिक्षक सिकाइ कार्यकलाप**

(क) सर्वप्रथम पाठको सस्वर वाचन गर्न लगाई कठिन शब्दहरू टिपोट गर्न लगाउनुहोस् र शिक्षकले ती शब्दहरू कालोपाटीमा क्रमशः टिप्दै जानुहोस् ।

(ख) प्रत्येक शब्दको अर्थ स्पष्ट पार्नका लागि शब्दार्थ पत्तीको प्रयोग गरी विद्यार्थीहरूलाई शब्दको अर्थ गोजी तालिका प्रस्तुत गर्नुहोस् ।

(ग) विद्यार्थीहरूले शब्दको अर्थ भन्न समर्थ भएपछि वाक्यमा प्रयोग गर्न मद्दत गर्नुहोस् ।

(घ) विद्यार्थीले बनाएको वाक्य सही भए नभएको राम्ररी अवलोकन गरी थप पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ङ) थप कठिन शब्दहरू पाठबाट खोजी तिनलाई वाक्यमा प्रयोग गर्न प्रशस्त अभ्यास गराउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) पाठमा प्रयुक्त विभिन्न कठिन शब्दहरूको अर्थ भन्न लगाउनुहोस् ।

(ख) प्रस्तुत पाठमा भएका शब्दार्थहरू पढ्न र अर्थ बुझी वाक्यमा प्रयोग गरेर देखाउन भन्नुहोस् ।

(ग) पाठको अभ्यासको प्रश्न ८, ९, र १० को अभ्यास गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

पाठमा प्रयुक्त शब्दहरू दिई अर्थ लेखेर वाक्यमा प्रयोग गर्न दिर्देशन दिनुहोस् ।

पाठ्यवस्तु : **पठनबोध** *घन्टी : २*

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निर्दिष्ट अनुच्छेदका आधारमा सोधिएका बोध प्रश्नको उत्तर दिन सक्षम हुने छन् ।

२. **शैक्षिक सामग्री**

बोध प्रश्नहरूको सूची

३. **शिक्षण सिकाइ कार्यकलाप**

(क) प्रस्तुत पाठबाट एक दुई ओटा उपयुक्त अनुच्छेदहरू तोकी समय निर्धारण गरिदिई मौन वाचन गर्न लगाउनुहोस् । विद्यार्थीहरूले मौन वाचन दोहोऱ्याएर गर्न लगाउनुहोस् ।

(ख) मौन वाचनपछि शैक्षिक सामग्रीका रूपमा ल्याइएको बोध प्रश्नहरूको सूची फलाटिन पाटीमा प्रस्तुत गर्दै विद्यार्थीहरूलाई पालैपालो उत्तर सोध्नुहोस् ।

(ग) उपर्युक्त प्रश्नहरूको उत्तर पहिले मौखिक र त्यसपछि लिखित रूपमा दिन लगाउनुहोस् ।

(घ) शाख्वाले गरेका कार्यहरूका बारेमा प्रस्ट पारिदिनुहोस् ।

४. **मूल्याङ्कन**

शिक्षकले विभिन्न बोध प्रश्नहरू सोधी उत्तर भन्न लगाउनुहोस् ।

५. **गृहकार्य**

पाठको अभ्यास ५ र ६ गरेर ल्याउन निर्देश गर्नुहोस् ।

पाठ्यवस्तु : **छलफल र प्रश्नोत्तर** *घन्टी : २*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) शङ्खधर शाख्वाको जीवनी सम्बन्धी स्वतन्त्र रुपमा छलफलमा सहभागी हुन

(ख) पाठसँग सम्बन्धित तथा पाठको अन्त्यमा भएका विभिन्न प्रश्नोत्तर गर्न

२. **शैक्षिक सामग्री**

शङ्खधर शाख्वाको जीवनीमा आधारित तालिका, तस्बिर, नमुना उत्तरको चार्ट

३. **शिक्षण सिकाइ कार्यकलाप**

(क) शङ्खधर शाख्वा, उनका बाबुआमा, जन्मस्थान आदिका बारेमा विद्यार्थीहरूलाई विभिन्न समूह बनाई छलफल गराउनुहोस् ।

(ख) विद्यार्थीहरूलाई प्रस्तुत जीवनी पाठ्यवस्तु समेटिने गरी प्रश्न तयार पारी समूहमा छलफल गराउनुहोस् र निष्कर्ष निकाल्न लगाउनुहोस् ।

छलफलका लागि निम्न लिखित प्रश्नहरू सोध्नुहोस् :

(अ) शङ्खधर शाख्वाको जन्म कहिले भएको हो ?

(आ) शङ्खधर शाख्वाको विवाह कोसँग भएको थियो ।

(इ) शङ्खधर शाख्वाले गरेका मुख्य मुख्य कार्यहरू के के छन् ?

(ग) विद्यार्थीहरूको उत्तर अस्पष्ट वा गलत भएमा पुन पाठको सम्बन्धित अनुच्छेद पढ्न निर्देश गर्नुहोस् ।

(घ) पाठको अनुच्छेद पढिसकेपछि पुन: प्रश्नोत्तर गराउनुहोस् र प्रश्नोत्तरकै माध्यमबाट पाठको मुख्य मुख्य बताउन लगाउनुहोस् ।

(ङ) छलफल र प्रश्नोत्तरका क्रममा विद्यार्थीका जिज्ञासाहरूको चित्त बुझ्दा उत्तर दिनुहोस् । छलफल र प्रश्नोत्तरमा सक्रिय नहुने कमजोर विद्यार्थीको पहिचान गरी प्रश्नोत्तर गर्न हौसला प्रदान गर्नुहोस् । कक्षाका सबै विद्यार्थीलाई बरोबर ध्यान दिनुहोस् ।

(च) शैक्षिक सामग्रीका रूपमा ल्याइएका प्रश्नहरूको सूची सबैले देख्ने स्थानमा टाँसी थप आवश्यकतानुसार प्रश्नोत्तर र छलफल गराउनुहोस् ।

(छ) प्रश्न निर्माणका लागि पाठ्य पुस्तकमा भएका प्रश्नको सहायता पनि लिनुहोस् र प्रशस्त छलफल तथा प्रश्नोत्तर गराउनुहोस् ।

(ज) शङ्खधर शाख्वा जस्तै नेपालमा विभिन्न राष्ट्रिय विभूतिहरू रहेका छन् । ती विभूतिहरूमा अरनिको, बलभद्र, अमरसिंह थापा, भीमसेन थापा, पृथ्वीनारायण शाह, गौतम बुद्ध, भानुभक्त

आचार्य, पासाङल्हामु शेर्पा आदि १५ जना राष्ट्रिय विभूतिहरू रहेको कुरा कालोपाटीमा लेखी छलफल गर्नुहोस् ।

४. **मूल्याङ्कन**

(क) शङ्खधर शाख्वा सम्बन्धी विभिन्न प्रश्न सोधी तिनका उत्तर दिन लगाउनुहोस् ।

(ख) यस पाठको अभ्यासको प्रश्नहरू मौखिक उत्तर दिन लगाउनुहोस् ।

५. **गृहकार्य**

शङ्खघर शाख्वा पाठका अभ्यास खण्डका प्रश्नको उत्तर लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

## पाठ्यवस्तु : **बुँदा टिपोट र सारांश** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) शङ्खधर शाख्वाका जीवनमा घटेका घटनाहरूको क्रम मिलाएर टिपोट गर्न

(ख) निर्धारित अनुच्छेदको सारांश लेख्न

२. **शैक्षिक सामग्री**

शङ्खधर शाख्वाका जीवनीमा आधारित मुख्य मुख्य घटना टिपोटको तालिका, सारांशको नमुना

३. **शिक्षण सिकाइ कार्यकलाप**

(क) सर्वप्रथम विद्यार्थीहरूलाई पाठ्य जीवनीका मुख्य मुख्य घटनाक्रम टिपोट गर्न लगाउनुहोस् ।

(ख) शङ्खधर शाख्वाको बाल्यकाल, उनको स्वभाव, रुचि, अध्ययनअध्यापन, विवाह आदिका बारेमा टिपोट गर्न विद्यार्थीहरूलाई प्रोत्साहिन गर्नुहोस् । महत्त्वपूर्ण घटनाक्रम र कुराहरूलाई कालोपाटीमा क्रमैसँग टिप्दै जानुहोस् ।

(ग) कालोपाटीमा टिपिएका कुराहरूलाई क्रम मिलाई लेख्न अभ्यस्त गराउनुहोस् ।

(घ) घटनाक्रमलाई मिलाएर लेखेपछि त्यसलाई अनुच्छेदका रूपमा लेख्न लगाउनुहोस् ।

(ङ) बुँदा टिपोट गर्न जानिसकेपछि निर्धारित अनुच्छेद दिई त्यसबाट मुख्य मुख्य पाँच ओटा बुँदा टिपोट गर्न लगाउनुहोस् ।

(च) विद्यार्थीलाई निर्दिष्ट अनुच्छेदको शब्द सङ्ख्या, बुँदा टिपोट (असमपिका क्रियापदमा), खेस्रा लेखन, साफी लेखन, एक तृतीयांशमा लेखिनुपर्ने सारांश, लेखिएको सारांश, शब्द सङ्ख्या, उपयुक्त शीर्षक आदि जस्ता आधारभूत कुराहरूबारे छलफल गराउनुहोस् ।

(छ) आफूले ल्याएको शैक्षिक सामग्रीहरू सबैले देख्ने स्थानमा टाँसी विद्यार्थीहरूलाई पनि त्यस्तै कुनै अनुच्छेद दिई बुँदा टिपोट र सारांश लेख्न अभ्यास गराउनुहोस् ।

(ज) शङ्खधर शाख्वाले गरेका उल्लेखनीय कार्यहरूको सूची बुँदागत रूपमा बनाउन लगाउनुहोस् र ती बुँदाहरूबाट एक तृतीयांशमा उपयुक्त शीर्षक दिई सारांश लेख्न लगाउनुहोस् ।

४. **मूल्याङ्कन**

कुनै एक अनुच्छेद दिई त्यसबाट पाँच ओटा मुख्य मुख्य बुँदा टिपोट गरी सारांश लेख्न लगाउनुहोस् ।

५. **गृहकार्य**

कुनै एक अनुच्छेद दिई त्यसबाट पाँच ओटा मुख्य मुख्य बुँदा टिपोट गरी सारांश लेख्न लगाउनुहोस् ।

पाठ्यवस्तु : **व्याख्या** *घन्टी : १*

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू जीवनीका विशिष्ट पङ्तिहरूको व्याख्या गर्न सक्षम हुने छन् ।

२. **शैक्षिक सामग्री**

व्याख्याका विशिष्ट पङ्क्तिको चार्ट

३. **शिक्षण सिकाइ कार्यकलाप**

(क) सर्वप्रथम शिक्षकले व्याख्याका लागि उपयुक्त पङ्क्तिहरू छनोट गरिदिनुहोस् र ती पङ्क्तिको व्याख्याका लागि पङ्क्ति भएको अनुच्देछ मौन पठन गर्न लगाउनुहोस् । जस्तै : मानवता नै सबैभन्दा ठुलो कुरा हो । महान् व्यक्तिहरू कुनै जात, देश र समुदायका मात्र निजी सम्पत्ति हुँदैनन् ।

(ख) मौन वाचनपछि व्याख्याको पङ्क्तिमा लागि आवश्यक बुँदा र पाठ्यवस्तुबारे समूह समूहमा छलफल गराउनुहोस् र आआफ्नो समूहको बुझाइअनुसार बुँदामा टिप्न लगाउनुहोस् ।

(ग) समूहले बुझेका कुरालाई शिक्षकले कालोपाटीमा टिप्दै जानुहोस् । यसरी टिप्दा एउटा समूहले भनिसकेको कुरा अर्को समूहमा पनि त्यही कुरा भए नटिप्नुहोस् । नयाँ थप कुराहरूमात्र टिप्दै जानुहोस् ।

(घ) कालोपाटीमा टिपिएका बुँदाहरू ठिक भए नभएको विद्यार्थीलाई नै छुट्याउन लगाउनुहोस् र आवश्यक भए थपघट गर्नुहोस् ।

(ङ) विद्यार्थीले भनेका बुँदालाई क्रमशः छोटकरीमा वर्णन गर्दै अनुच्छेदमा लेख्न लगाउनुहोस् । आफूले तयार पारेको नमुना व्याख्या फलाटिन पाटीमा टाँसी पढेर सुनाउनुहोस् । व्याख्या गर्ने अभ्यास पुनः गराउनुहोस् ।

४. **मूल्याङ्कन**

विशिष्ट पङ्क्तिहरू दिई ती पङ्क्तिहरूको व्याख्या गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

विशिष्ट पङ्क्तिका व्याख्या गरेर ल्याउन निर्देश गरिदिनुहोस् ।

पाठ्यवस्तु : **कार्यमूलक व्याकरण (वाक्य परिवर्तन)** घन्टी : १

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) वचन मिलाएर वाक्य निर्माण गर्न

(ख) आदरका आधारमा वाक्य परिवर्तन गर्न

२. **शैक्षिक सामग्री**

वाक्यपत्ती, आदर सङ्गतिका वाक्यहरू, वचन प्रयोगको तालिका

३. **शिक्षण सिकाइ कार्यकलाप**

(क) शिक्षकले पद सङ्गति (वचनअनुसार) मिलेका र नमिलेका वाक्यका केही उदाहरणहरू कालोपाटीमा लेख्नुहोस् र विद्यार्थीहरूलाई व्याकरणिक दृष्टिले कुन वाक्य सही र कुन वाक्य गलत हो भन्ने कुरा विद्यार्थीहरूलाई सोध्नुहोस् ।

(ख) पद सङ्गतिको परिचय उदाहरणद्वारा दिनुहोस् र उदाहरणसहित वचनका आधारमा पदसङ्गति हुने अवस्था बताउनुहोस् ।

(ग) विद्यार्थीलाई वचन मिलेका वाक्य भन्न लगाई अशुद्ध भएमा सुधारिदिनुहोस् ।

(घ) आदर मिले नमिलेका वाक्यहरू शैक्षणिक पाटीमा टिपोट गरी विद्यार्थीलाई सही र गलत छुट्याउन लगाउनुहोस् ।

(ङ) आदरका आधारमा सङ्गति मिलेका वाक्यहरू बनाउन लगाउनुहोस् र आदरअनुसार वाक्यको निर्माण गर्नुपर्ने कुरा प्रस्ट पारिदिनुहोस् ।

४. **मूल्याङ्कन**

(क) वचन सङ्गतिका दृष्टिले अशुद्ध वाक्य दिई शुद्ध पार्न लगाउनुहोस् ।

(ख) विभिन्न अशुद्ध वाक्यहरू दिई वाक्य मिलाउन लगाउनुहोस् ।

५. **गृहकार्य**

अभ्यासमा भएका १५ र १६ को उत्तर लेखेर ल्याउन लगाउनुहोस् ।

पाठ
१७

# मानिस नै देवता

घन्टी : ९

| क्र.सं. | पाठ्यवस्तु | घन्टी |
|---|---|---|
| १. | सस्वर वाचन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | बोध प्रश्नोत्तर | २ |
| ४. | व्याख्या/भाव विस्तार | २ |
| ५. | व्याकरण | १ |
| ६. | कथा लेखन | २ |

पाठ्यवस्तु : **सस्वर वाचन र शुद्धोच्चारण** घन्टी : १

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्ने छन् :**

(क) 'मानिस नै देवता' शीर्षक कथाका निर्धारित अनुच्छेदहरू गति, यति र हाउभाउ मिलाएर पढ्न

(ख) 'मानिस नै देवता' कथामा प्रयुक्त नयाँ शब्दहरू शुद्ध र स्पष्ट उच्चारण गर्न

२. **शैक्षिक सामग्री**

शब्दपत्ती

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) पाठ सुरु गर्नुपूर्व उत्प्रेरणाका लागि विद्यार्थीलाई निम्न लिखित छोटा मिठा प्रश्नोत्तर गरी छलफल गराउनुहोस् :

- तिमीहरूले कुन कुन देवताको नाम सुनेका छौ ?
- तिमीहरूले देवतालाई देखेका छौ ?
- देवता कहाँ बस्छन् ?
- देवतालाई के गर्नुपर्छ ?
- कसलाई पूजा गर्नुपर्छ ?

(ख) प्रश्नोत्तरपश्चात् कथाको शीर्षक शैक्षणिक पाटीमा लेखी कथाको कथासार भनिदिनुहोस् ।

(ग) कमजोर विद्यार्थीलाई ख्याल गरी पालैपालो निर्धारित वा कथाका अनुच्छेहरू सस्वर पढ्न लगाउनुहोस् ।

(घ) सस्वर पठन गराउँदा आवश्यकताअनुसार सबै विद्यार्थीलाई अभ्यास गराउनुहोस् ।

(ङ) उच्चारण गर्न कठिन लागेका वा पाठमा प्रयुक्त नयाँ शब्दहरूको उच्चारण अभ्यास गराउनुहोस् र अभ्यास गराउँदा पूर्वतयार गरिएको शब्दपत्तीको प्रयोग गर्नुहोस् ।

(च) उच्चारण अभ्यास गराउँदा विद्यार्थीले ठिक उच्चारण गरेका छन् कि बेठिक उच्चारण गरेका छन्, अन्य विद्यार्थीसँग प्रतिक्रिया लिनुहोस् । सही उच्चारण गर्न अभ्यास गराउनुहोस् । साथै पाठको अभ्यास ११ र १२ पनि गराउनुहोस् ।

४. **मूल्याङ्कन**

विद्यार्थीहरूले पढेका अनुच्छेद गति, यति, हाउभाउ मिले नमिलेको अवलोकन गरी पृष्ठपोषण दिनुहोस् ।

५. **गृहकार्य**

(क) प्रस्तुत कथा घरमा सस्वर वाचन गरी आफूभन्दा ठुलालाई सुनाउन निर्देशन दिनुहोस् ।

(ख) कथामा प्रयुक्त नयाँ शब्दहरूको टिपोट गरी ल्याउन निर्देशन दिनुहोस् ।

पाठ्यवस्तु : **शब्दार्थ र वाक्यमा प्रयोग** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) कथामा प्रयुक्त कठिन शब्दहरूको अर्थ बताउन

(ख) कथामा प्रयुक्त कठिन शब्दहरू राखी अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न

२. **शैक्षिक सामग्री**

शब्दार्थ पत्ती, वाक्यपत्ती, शब्दकोश

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) कथाका निर्धारित अनुच्छेदहरू मौन पठन गर्न लगाउनुहोस् । विद्यार्थीले अर्थ नजानेका वा नयाँ शब्दहरूमा रेखाङ्कन वा टिपोट गर्न लगाउनुहोस् । रेखाङ्कित वा छनोट गरिएका शब्दहरू पाठको गाढा शब्दमा परेमा पुस्तकमा नै हेर्न लगाई त्यसका सहायताले प्रस्ट पारिदिनुहोस् ।

(ख) विद्यार्थीलाई शब्दार्थ शिक्षण गर्दा शब्दको अर्थ उनीहरूकै बिचबाट खोज्नुहोस् र उनीहरूबाट नआएमा शब्दार्थ शिक्षणका विभिन्न तरिकाहरू अपनाई अर्थ स्पष्ट पारिदिनुहोस् ।

अर्थ स्पष्ट पार्ने क्रममा शब्दकोश हेर्न प्रेरित गर्नुहोस् ।

(ग) निर्धारित अनुच्छेदका कठिन शब्दको शब्दार्थ शिक्षणपश्चात् ती शब्दहरूलाई वाक्यमा प्रयोग गर्न अभ्यास गराउनुहोस् । वाक्यमा प्रयोग गराउँदा कमजोर विद्यार्थीलाई ख्याल राख्नुहोस् । पाठको अभ्यास ८, ९ र १० पनि गर्न लगाउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) पाठमा प्रयुक्त कठिन शब्दहरूको अर्थ पालैपालो गरी विद्यार्थीलाई सोध्नुहोस् ।

(ख) विद्यार्थीलाई पाठमा प्रयुक्त शब्दहरू दिई वाक्य निर्माण गर्न लगाउनुहोस् र आवश्यक सहयोग गरिदिनुहोस् ।

५. **गृहकार्य**

पाठमा प्रयोग भएका दस ओटा कठिन शब्द खोजी वाक्य बनाएर ल्याउन निर्देशन गर्नुहोस् र परीक्षण पनि गरिदिनुहोस् ।

## पाठ्यवस्तु : बोध प्रश्नोत्तर

*घन्टी : २*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न समर्थ हुने छन् :**

(क) 'मानिस नै देवता' कथाका निर्धारित अनुच्छेदबाट सोधिएका बोध प्रश्नको उत्तर दिन

(ख) निर्धारित अनुच्छेदहरूको सारांश भन्न र लेख्न

२. **शैक्षिक सामग्री**

बोध प्रश्नहरूको सूची

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) पूर्व कक्षाको प्रसङ्ग जोडेर वा अन्य कुनै कथाका अंश भनेर पाठप्रति ध्यान आकर्षण गर्नुहोस् ।

(ख) विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् र पाठमा भएका अनुच्छेदहरूलाई विभाजन गरी मौन वाचन गर्न निर्देशन दिनुहोस् । मौन वाचन गर्ने क्रममा बोध प्रश्न पनि टिपोट गर्न लगाउनुहोस् ।

(ग) प्रत्येक समूहलाई आपसमा प्रश्न सोध्न लगाएर उत्तर भन्न लगाउँदै आपसमा छलफल गरी प्रश्नोत्तरको अभ्यास गराउनुहोस् । आफूले सहजकर्ताको भूमिका निर्वाह गरिदिनुहोस् उत्कृष्ट प्रश्न बनाउने र उत्तर भन्ने समूहलाई पुरस्कृत र कमजोर समूहलाई पृष्ठपोषण गरिदिनुहोस् ।

(घ) आफूले तयार पारेको प्रश्नहरूको सूची प्रदर्शन गरी छलफल गराउनुहोस् जस्तै :

- प्रदीप केले आजित भएको थियो ?
- जङ्गल नजिकै के थियो ?
- ब्वाँसाले के सोच्यो ?
- मित्रतामा के हुन्छ ?
- सबैको पूज्य हुन के गर्नुपर्छ ?

(ङ) विद्यार्थीले बेठिक उत्तर दिए ठिक उत्तर बताइदिनुहोस् ।

(च) प्रस्तुत पाठको अभ्यास १ देखि ४ सम्मको उत्तर भन्न लगाउनुहोस् । उत्तर भन्न लगाउँदा समावेशी ढङ्गमा दिन लगाउनुहोस् र आवश्यक पृष्ठपोषण गरिदिनुहोस् ।

(छ) अनुच्छेद तोकिदिई सारांश लेख्न लगाउनुहोस् र आवश्यक सहयोग गरिदिनुहोस् ।

४. **मूल्याङ्कन**

(क) विद्यार्थीहरूलाई निर्धारित अनुच्छेदबाट बोध प्रश्नहरू सोध्नुहोस् ।

(ख) पाठको अभ्यासका ६ र ७ को प्रनोत्तर गराउनुहोस् ।

(ग) विद्यार्थीले तयार गरेका सारांश भन्न लगाई आवश्यक सुझावहरू दिनुहोस् ।

५. **गृहकार्य**

कुनै अनुच्छेद दिई सारांश लेखेर ल्याउन निर्देशन गर्नुहोस् र परीक्षण पनि गरिदिनुहोस् ।

**पाठ्यवस्तु : व्याख्या/भाव विस्तार** *घन्टी : २*

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू कथाका विशिष्ट पङ्क्तिहरूको व्याख्या/भाव विस्तार गर्न सक्षम हुने छन् ।

२. **शैक्षिक सामग्री**

विशिष्ट पङ्क्तिहरूको सूची, व्याख्याको नमुना

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) 'मानिस नै देवता' कथाबाट विशिष्ट अंश वा पङ्क्ति छानेर व्याख्याका लागि बुँदाहरू प्रस्तुत गर्न विद्यार्थीहरूसँग छलफल गर्नुहोस्, जस्तै : "दु:खमा परेकालाई बचाउने नै देवता हो" बुँदाहरू

- दु:खमा परेकालाई सघाउनु मानिसको धर्म
- धर्म गर्ने व्यक्ति मानिस भए पनि देवता सरह हुने
- देवता खोज्न अर्को लोकमा जानु नपर्ने
- मित्रताले मानिसलाई देवता बनाउन सक्ने
- आफ्नो स्वार्थ त्याग्न सके कसैसँग डराउनु नपर्ने

(ख) कुनै एक पङ्क्ति छानेर व्याख्या गर्न लगाउनुहोस् । विद्यार्थीले नजानेमा नमुना व्याख्या प्रस्तुत गरी पृष्ठपोषण दिनुहोस् ।

(ग) विद्यार्थीले गरेका व्याख्या कक्षामा प्रस्तुत गर्न लगाई आवश्यक थपघट गरिदिनुहोस् र ठिक व्याख्या गर्नेलाई प्रोत्साहन दिनुहोस् ।

(घ) विद्यार्थीलाई अभ्यास गराउँदा व्यक्तिगत वा समूहगत गराउनुहोस् र आफूले उत्प्रेरक तथा सहजकर्ताको भूमिका निर्वाह गर्नुहोस् ।

४. **मूल्याङ्कन**

(क) पाठको विशिष्ट पङ्क्ति छानेर मौखिक व्याख्या गर्न दिनुहोस् ।

(ख) पाठको अभ्यास ५ को पङ्क्ति दिई व्याख्या गर्न अभ्यास गराउनुहोस् ।

५. **गृहकार्य**

कुनै विशिष्ट पङ्क्ति व्याख्या गरेर ल्याउन निर्देशन गर्नुहोस् र परीक्षण पनि गरिदिनुहोस् ।

## पाठ्यवस्तु : **कार्यमूलक व्याकरण (काल, करण/अकरण)**

*घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित काम गर्न सक्षम हुने छन् :**

(क) अपूर्ण भूतलाई अपूर्ण वर्तमान र अपूर्ण भविष्यत् कालमा परिवर्तन गर्न

(ख) करण वाक्यलाई अकरण र अकरण वाक्यलाई करणमा परिवर्तन गर्न

२. **शैक्षिक सामग्री**

वाक्य सूची

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) अपूर्ण पक्षका बारेमा विद्यार्थीले पहिले नै पढिसकेको हुँदा अपूर्ण पक्षको स्मरण गराउँदै अपूर्ण पक्षका वाक्यहरू बनाउन लगाउनुहोस् ।

(ख) वाक्यहरू शैक्षिणिक पाटीमा टिपोट गर्दै मिले नमिलेको मूल्याङ्कन गरिदिनुहोस् ।

(ग) तिन ओटा समूहमा विभाजन गरी एउटा समूहलाई अपूर्ण भूतका दस ओटा वाक्यहरू बनाउन लगाउनुहोस् । अपूर्ण वर्तमान कालका दस ओटा वाक्यहरू दोस्रो समूहलाई र तेस्रो समूहलाई अपूर्ण भविष्यत् कालका दस ओटा वाक्यहरू बनाउन लगाउनुहोस् ।

(घ) समूहलाई नै मूल्याङ्कन गर्न लगाउनुहोस् ।

(ङ) ती वाक्यहरूलाई करण भए अकरण र अकरण भए करणमा परिवर्तन गर्न लगाउनुहोस् ।

४. **मूल्याङ्कन**

पाँच ओटा अपूर्ण भूत, अपूर्ण वर्तमान र अपूर्ण भविष्यत् कालका वाक्यहरू बनाउन लगाई करण भए अकरण र अकरण भए करण वाक्यमा परिवर्तन गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

अभ्यासको १५ र १६ गरेर ल्याउन लगाउनुहोस् ।

पाठ्यवस्तु : **कथा लेखन** *घन्टी : २*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न समर्थ हुने छन् :**

(क) दिइएको शीर्षक, घटना वा बुँदाहरूका आधारमाससाना कथाको रचना गर्न

(ख) पठित कथाका आधारमा कथा लेख्न

२. **शैक्षिक सामग्री**

कथाका शीर्षकहरूको सूची, कथाका घटना वा बुँदाहरू, कथाका नमुना, बाल पत्र पत्रिकाहरू, फलाटिन पाटी

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) शिक्षकलाई कुनै शीर्षकको घटना वा बुँदाहरू दिई त्यस्तो घटना वा बुँदाहरूलाई कथाका

रूपमा प्रस्तुत गर्ने तरिका सम्बन्धी विद्यार्थीसँग छलफल गर्नुहोस् ।

(ख) केही शीर्षकहरू दिई छोटा छोटा कथाहरू लेख्न अभ्यास गराउनुहोस् ।

(ग) विद्यार्थीले लेखेको कथालाई प्रस्तुत गर्न लगाई आवश्यक थपघट गरी छलफल गराउनुहोस् र नराखेको भए शीर्षक पनि राख्न लगाउनुहोस् । कथा प्रस्तुत गर्नेहरूमध्येबाट उत्तम, मध्यम र निम्न घोषित पनि गरिदिनुहोस् ।

(घ) बाल पत्र पत्रिकाबाट वा अन्य स्रोतबाट आधार लिई कथा लेख्नु अघि बुँदा टिपोट गर्ने तरिका सुझाव दिनुहोस् । विद्यार्थीहरूलाई टिपिएको बुँदाका आधारमा तयार पारिएको कथाको नमुना प्रस्तुत गरी छलफल गराउनुहोस् ।

(ङ) उदाहरणमा दिइए जस्तै बुँदाहरू दिई कथा लेखनको अभ्यास गराउनुहोस् । जस्तै :

दिइएको सङ्केतका आधारमा छोटो कथा लेख्नुहोस् । तलाउको छेउमा आँपको रुख हुनु, एउटा बाँदर पाकेको आँप खाँदै तलाउमा जानु,  गोही र बाँदरको मित्रता हुनु, बाँदरले गोहीलाई आँप दिनु, केही आँप गोहीले पत्नीलाई लगिदिनु, आँप स्वादिष्ट लाग्नु, गोहीकी पत्नीलाई आँप त यति मिठो भए आँप दिने बाँदरको मुटु झन् कति मिठो होला भन्ने लाग्नु, गोहीलाई बाँदरको मुटु ल्याइदिन आग्रह गर्नु, गोहीले बाँदरलाई भेट्नु, पत्नीले मिठो खाना खान बोलाएको सुनाउनु, बाँदर दङ्ग परी गाहीको पिठ्उँमा चढ्नु, गोहीले पानीभित्र लैजानु, पत्नी भएको ठाउँमा गएर गोहीले यर्थाथ कुरा बताउनु, बाँदरले आफ्नो मुटु त रुखमा नै राखेकाले लिन जान्छु भन्नु, गोहीले बाँदरलाई पानी बाहिर ल्याइदिनु, बाँदरले रुखमा चढेर गोहीलाई गिज्याउनु, मूर्ख गोही पछुताउँदै फर्कनु, बुदि्ध पुऱ्याए ज्यान जोगाउन सकिने सन्देश ।

(च) बुँदाका आधारमा लेखिएको कथाको क्रम मिले नमिलेको जाँचिदिनुहोस् । आवश्यक परे कथाको नमुना प्रस्तुत गरी प्रस्ट पारिदिनुहोस् ।

४. **मूल्याङ्कन**

(क) कथाका घटनाहरू छ्यासमिस पारेर दिई घटना क्रम मिलाउन निर्देशन दिनुहोस् ।

(ख) पाठको सिर्जनात्मक अभ्यास खण्डको १७ र १८ गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

तिम्रा अग्रजबाट सुनेका कथामध्येबाट कुनै एउटा कथा लेखी ल्याउन निर्देशन गर्नुहोस् र परीक्षण पनि गरिदिनुहोस् ।

पाठ
१८

# कलाको महत्त्व

*९ घन्टी*

| क्र.स. | विषय वस्तु | घन्टी |
|---|---|---|
| १. | सस्वर वाचन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | बोध र प्रश्नोत्तर | १ |
| ४. | व्याख्या | २ |
| ५. | बुँदा टिपोट र सारांश | १ |
| ६. | अनुच्छेद र प्रबन्ध लेखन | २ |
| ७. | कार्यमूलक व्याकरण | १ |

पाठ्यवस्तु : **सस्वर वाचन र शुद्धोच्चारण** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) पाठका अनुच्छेदहरूलाई गति, यति मिलाई सस्वर वाचन गर्न

(ख) कठिन शब्दको शुद्ध उच्चारण गर्न

२. **शैक्षिक सामग्री**

उच्चारण गर्न कठिन हुने शब्दहरूको सूची, शब्दपत्तीहरू

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) शिक्षकले कला सम्बन्धी पाठअनुसार केही प्रश्न सोधी पाठप्रति विद्यार्थीहरूको उत्प्रेरणा जगाउनुहोस् ।

(ख) त्यसपछि पाठभित्रका दुई अनुच्छेद शिक्षकले नमुना वाचन गरी कक्षामा सुनाउनुहोस् र विद्यार्थीहरूलाई सो अनुच्छेद हेर्न लगाउनुहोस् ।

(ग) विद्यार्थीहरूलाई पालैपालो विभिन्न अनुच्छेदहरू क्रमिक रूपमा सस्वर वाचन गर्न भन्नुहोस् ।

(घ) कुनै विद्यार्थीले सस्वर पठन गर्दा गति, यति नमिलाई पढेमा पठनकै क्रममा सच्चाइदिनुहोस् र

पुन: अनुकरण गरी अभ्यास गर्न लगाउनुहोस् ।

(ङ) सस्वर पठनको क्रममा कठिन उच्चारण भएका शब्दहरू शिक्षकले शैक्षणिक पाटी वा शब्दपत्तीमा लेखी बारम्बार शुद्धोच्चारणको अभ्यास गर्न लगाउनुहोस् ।

(च) पुन: विद्यार्थीहरूलाई अनुच्छेद पठन गर्न लगाई पहिले गरेका गल्तीहरू दोहोरिए नदोहोरिएको हेर्न र आवश्यक परे पुन: पृष्ठपोषण दिनुहोस् ।

४. **मूल्याङ्कन**

(क) पाठभित्रका कुनै अनुच्छेद सस्वर पठन गर्न लगाई उच्चारण तथा वाचनमा सुधार ल्याउन उत्प्रेरित गर्नुहोस् ।

(ख) कठिन शब्दहरूलाई उच्चारण गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

कलाको महत्त्व पाठ घरमा गएर सस्वर पठन गर्न लगाउनुहोस् ।

पाठ्यवस्तु : **शब्दार्थ र वाक्यमा प्रयोग** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरूले निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) पाठमा प्रयुक्त कठिन शब्दको अर्थ भन्न

(ख) उक्त शब्दलाई वाक्यमा प्रयोग गर्न

२. **शैक्षिक सामग्री**

शब्दपत्ती, शब्दार्थ पत्ती, शब्दकोश

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीहरूलाई मौन पठन गर्न लगाई कठिन शब्दमा चिह्न लगाउन वा कापीमा टिप्न लगाउनुहोस् ।

(ख) यसरी चिह्न लगाएका शब्दहरू विद्यार्थीलाई भन्न लगाई शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । टिप्दा शब्द दोहोरिए नदोहोरिएको ख्याल गर्नुहोस् ।

(ग) शब्द सङ्कलनपछि विद्यार्थीलाई नै शब्दहरूको अर्थ भन्न लगाउँदा पाठकै शब्द अर्थ खण्डको मद्दत लिन लगाउनुहोस् ।

(घ) विद्यार्थीले भनेका शब्दको अर्थ मिले नमिलेको शब्दकोशमा हेरी वा आफूले बनाएको शब्दार्थ पतीको सहायताले गोजी तालिकामा प्रस्तुत गर्न लगाउनुहोस् ।

(ङ) विद्यार्थीहरूले शब्दार्थ जानिसकेपछि तिनै शब्दको वाक्यमा प्रयोग गर्न लगाउनुहोस् र वाक्य बनाउँदा अर्थ स्पष्ट हुने गरी पालैपालो वाक्य बनाउन भन्नुहोस् । वाक्य कुनै कुनै शब्दको वाक्य बनाउन नजानेमा आफैँले वाक्य बनाइदिनुहोस् र यस्तै गरी त्यही शब्दको अर्को वाक्य बनाउन भन्नुहोस् । यसरी बारम्बार अभ्यास गराउनुहोस् र आवश्यक परेमा पृष्ठपोषण दिनुहोस् ।

४. **मूल्याङ्कन**

(क) अभ्यास ९ को शब्दहरूको अर्थ भन्न लगाउनुहोस् ।

(ख) त्यसैगरी अभ्यास १० मा दिइएका शब्दहरूलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

(क) पाठमा भएका कठिन शब्दहरूको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् जस्तै :

मस्तिष्क, आत्म निर्भर, हस्तान्तरण, आविष्कार गुन्द्री, ठेकी, विराट्, टुँडाल, कौशल, सिर्जना, वास्तुकला, काष्ठकला, शिल्पकला, चैत्य, विहार

(ख) विद्यार्थीहरूले लेखेर ल्याएपछि जाँची पृष्ठपोषण समेत दिनुहोस् ।

पाठ्वस्तु : **बोध प्रश्नोत्तर** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) यस पाठका आधारमा सोधिएका बोध प्रश्नहरूको उत्तर दिन

(ख) पाठको अभ्यासमा सोधिएका प्रश्नको उत्तर दिन

२. **शैक्षिक सामग्री**

बोध प्रश्नहरूको सूची, अनुच्छेदका मुख्य बुँदाहरूको सूची, सारांश नमुना

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम शिक्षकले पाठको पहिलो दुई अनुच्छेदहरूको समय ताकेर मौन पठन गर्न लगाउनुहोस् । विद्यार्थीहरू मौन पठन ठिकसँग गरे नगरेको निश्चित गर्नुहोस् र आवश्यक परे दोहोऱ्याउन लगाउनुहोस् ।

(ख) विद्यार्थीहरूलाई मौन पठन गरिसकेपछि ती दुई ओटा अनुच्छेदबाट निम्न लिखित प्रश्नहरू सोधी पालैपालो उत्तर दिन लगाउनुहोस् :

- कलाको उत्पत्ति कसरी भयो ?

- कला मानव सभ्यताको पहिचान हो किन ?
- मानव जीवनमा कलाको के महत्त्व छ ?
- मानव जीवन र कलाबिच कस्तो सम्बन्ध छ ?
- कलाको विकास कहाँ भएको हो ?
- मानिसलाई सिर्जनशील प्राणी किन भनिएको हो ?

(ग) माथिका प्रश्नहरूको उत्तर पहिले मौखिक र पछि लिखित रूपमा दिन लगाउनुहोस् ।

(घ) विद्यार्थीहरूलाई पाठका सबै अनुच्छेदहरू पुनः निर्धारित समय दिएर मौन वाचन गर्न लगाउनुहोस् ।

(ङ) यसरी मौन पठन पछि उक्त पाठबाट माथिको जस्तै गरी प्रश्नहरू तयार पालैपालो सोध्नुहोस् ।

(च) कुनै विद्यार्थीबाट उत्तर नआएमा अर्को विद्यार्थीलाई भन्न लगाई उत्तर खोज्नुहोस्, आवश्यक परे पृष्ठपोषण दिनुहोस् ।

४. **मूल्याङ्कन**

(क) कलाको महत्त्व पाठको पाठ्यवस्तु सम्बन्धी प्रश्नहरू तयार गरी उत्तर प्रस्तुत गर्न लगाउनुहोस् ।

(ख) पाठको अभ्यास खन्डमा दिइएका प्रश्नहरूको उत्तर भन्न लगाउनुहोस् ।

५. **गृहकार्य**

आफैँले पाठबाट प्रश्न बनाई अभ्यास खण्डमा भएका प्रश्नहरूको उत्तर लेखेर ल्याउन निर्देशन दिई जाँचेर पृष्ठपोषण समेत दिनुहोस् ।

पाठ्वस्तु : **व्याख्या** *घन्टी : २*

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू यस पाठका विशिष्ट पङ्क्तिहरूको व्याख्या गर्न सक्षम हुने छन् ।

२. **शैक्षिक सामग्री**

व्याख्याको नमुना, व्याख्याका लागि उपयुक्त पङ्क्ति

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम शिक्षकले यस पाठका विशिष्ट पङ्क्तिहरू छानेर तिनको व्याख्याका लागि आवश्यक

बुँदाहरूका बारेमा विद्यार्थीहरूसँग छलफल गर्नुहोस् । विशिष्ट पङ्क्ति छान्न विद्यार्थीहरूलाई नै उत्प्रेरित गर्नुहोस्, जस्तै :

- सृष्टि आफैँमा एक विराट् कला हो ।
- कलाबाट नै मानव जीवनको वास्तविकता बुझ्न सकिन्छ ।

(ख) यसरी पाठबाट विशिष्ट पङ्क्तिहरू टिपोट गरी शैक्षणिक पाटीमा लेखिदिनुहोस् । विद्यार्थीहरूले लेखेका पङ्क्तिहरू पनि टिप्नुहोस् ।

(ग) यी पङ्क्तिमध्ये कुनै एक पङ्क्ति दिई विद्यार्थीहरूलाई व्याख्या गर्न लगाउनुहोस् । उनीहरूले गरेका व्याख्या कक्षामा सुनाउन लगाई त्यसमा थप गर्नुपर्ने कुराहरूका सम्बन्धमा विद्यार्थीहरूबिच छलफल गर्न लगाउनुहोस् ।

(घ) समूह बनाई छलफलका क्रममा विद्यार्थीको सहभागिता अवलोकन गरी आवश्यक परे पृष्ठपोषण दिनुहोस् ।

(ङ) पाठबाट छानिएका सबै पङ्क्तिहरू विद्यार्थीको समूहमा बाँड्नुहोस् । विद्यार्थीहरूलाई छलफल गर्न लगाई ती पङ्क्तिहरूको बुँदा टिपोट गर्न लगाउनुहोस् ।

(च) बुँदाका आधारमा व्याख्या गर्न निर्देशन दिनुहोस् । आवश्यक परे बुँदा थपघट गर्ने गरी पुनः व्याख्या गर्ने अभ्यास गर्न लगाउनुहोस् ।

(छ) विद्यार्थीले तयार पारेका उत्कृष्ट व्याख्यालाई कक्षामा सबैले देख्ने गरी टाँस्ने व्यवस्था गरी प्रोत्साहित गर्नुहोस् ।

४. **मूल्याङ्कन**

पाठको विशिष्ट पङ्क्तिहरूको व्याख्या गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

पाठको अभ्यास ५ गर्न लगाई जाँची दिनुहोस् ।

## पाठ्यवस्तु : बुँदा टिपोट र सारांश

*घन्टी : १*

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरूले तोकिएका अनुच्छेदहरूको सारांश भन्न र लेख्न सक्षम हुने छन् ।

२. **शैक्षिक सामग्री**

महत्त्वपूर्ण बुँदा र सारांशको नमुना

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्‌यार्थीहरूलाई निर्धारित अंशको मौन पठन गर्न लगाउनुहोस् र मौन वाचनका लागि विद्‌यार्थीहरूलाई समूहमा विभाजन गरी मौन वाचन गराउन लगाउनुहोस् ।

(ख) मौन पठन सकिएपछि हरेक समूहलाई आफूले गरेको पठनबाट चार/पाँच ओटा मुख्य मुख्य बुँदा टिपोट गर्न लगाउनुहोस् ।

(ग) उनीहरूले टिपोट गरेका कुराहरू भन्न लगाउनुहोस् र बुँदा उपयुक्त नभए सच्चाइदिनुहोस् । बुँदा दोहोरिएमा ठिक बुँदा टिपोट गरिदिनुहोस् ।

(घ) आफूले तयार गरेको बुँदा र सारांशको नमुना फलाटिन पाटीमा देखाई सारांश लेख्न लगाउनुहोस् । सारांश लेखनका लागि निम्न लिखित प्रक्रिया अपनाउन सकिन्छ :

- निर्धारित अनुच्छेद मौन पठन गर्न लगाउने
- उक्त अनुच्छेदबाट ५/५ ओटा बुँदामा मुख्य कुराहरू टिप्न लगाउने
- टिपिएका बुँदा ठिक भए नभएको छलफल गराउने
- उपयुक्त बुँदा ठिक भएपछि त्यसका आधारमा सारांश तयार गर्न लगाउने
- आफूले तयार गरेको नमुना सारांश देखाई तुलना गर्न लगाउने

४. **मूल्याङ्कन**

(क) विद्‌यार्थीले सारांश लेखिसकेपछि ठिक भए नभएको मूल्याङ्कन गरिदिनुहोस् ।

(ख) एक अनुच्छेदको सारांश तयार गरिसकेपछि यसैअनुसार सम्पूर्ण पाठको सारांश लेख्न वा भन्न लगाई जाँची दिनुहोस् ।

पाठ्यवस्तु : **कार्यमूलक व्याकरण (वाक्य परिवर्तन)** *घन्टी : १*

१. **उद्‌देश्य**

**यस पाठको शिक्षणपछि विद्‌यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) लिङ्ग आधारमा वाक्य परिवर्तन गर्न

(ख) वचन बदलेर वाक्य परिवर्तन गर्न

(ग) करण अकरणका वाक्यहरू परिवर्तन गर्न

२. **शैक्षिक सामग्री**

वाक्यपत्ती, वाक्य परिवर्तन गरिएको वाक्य तालिका

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) पाठको व्याकरण खण्डमा भएका वाक्य वा शिक्षक आफैँले तयार गरेर ल्याएका वाक्य परिवर्तन गरिएका नमुना प्रस्तुत गर्दै वाक्य परिवर्तनका सम्बन्धमा विद्यार्थीहरूसँग छलफल गर्नुहोस् । जस्तै :

| | |
|---|---|
| भाइ खेल्छ | बहिनी खेल्छे । |
| पर्यटक आए | पर्यटकहरू आए । |
| उसले खायो | उनीले खाइन् । |
| उ घर गयो | उनी घर गइन् । |

माथिका उदाहरणहरू प्रस्तुत गर्दै विद्यार्थीहरूलाई पनि यस्ता वाक्यहरू बनाएर परिवर्तन गर्न लगाउनुहोस् ।

(ख) वाक्य परिवर्तन लिङ्गका आधारमा एक वाक्यबाट अर्को वाक्यमा बदल्न सकिन्छ । त्यस्तै करणबाट अकरण र अकरणबाट करणमा पनि वाक्य परिवर्तन गर्न सकिन्छ भन्ने कुरा बताउँदै एक एक ओटा उदाहरण दिनुहोस् । साथै विद्यार्थीहरूलाई पनि यसैअनुसार वाक्य परिवर्तन गर्न लगाउनुहोस् ।

(ग) वाक्य परिवर्तन गर्दा कर्ताअनुसार क्रिया पनि परिवर्तन हुन्छ भन्ने कुरा बताइदिनुहोस् ।

(घ) विद्यार्थीहरूलाई धेरै वाक्यहरू दिई त्यसलाई लिङ्ग, वचनका आधारमा बदल्ने अभ्यास गराउनुहोस् । साथै करणलाई अकरण, अकरणलाई करणमा परिवर्तन गर्ने अभ्यास गराउनुहोस् ।

४. **मूल्याङ्कन**

विद्यार्थीलाई विभिन्न वाक्यहरू पालैपालो एक प्रकारका वाक्यलाई अर्को प्रकारका वाक्यमा बदल्न लगाउनुहोस् ।

- म विद्यालय जान्छु । (वचन)
- बुबाले खेत खन्नुहुन्छ । (लिङ्ग)
- तिमी खेल्न जान्छौ । (पुरुष)
- म रुखमा चढ्छु । (अकरण)

५. **गृहकार्य**

व्याकरणअन्तर्गत १५ देखि १८ नं. सम्मका अभ्यासहरू गरेर ल्याउन निर्देशन दिनुहोस् र जाँची पनि दिनुहोस् ।

पाठ्यवस्तु : **अनुच्छेद/प्रबन्ध लेखन** *घन्टी : २*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरूले निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) अनुच्छेद लेखनका लागि निर्दिष्ट शीर्षकमा बुँदाहरू तयार गर्न

(ख) दिइएका बुँदाहरूका आधारमा अनुच्छेद तयार गर्न

(ग) विद्यार्थीहरूद्वारा पठित र स्वतन्त्र विषयमा प्रबन्ध तयार गर्न

२. **शैक्षिक सामग्री**

शीर्षकअनुसार तयार गरिएका बुँदाहरूको सूची, अनुच्छेदको नमुना, अनुच्छेद प्रबन्ध लेखन गर्दा ध्यान दिनुपर्ने कुराहरूको सूची

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) शिक्षकले प्रस्तुत प्रबन्धको कुनै अनुच्छेद र आफैँले तयार गरेर ल्याएको नमुना अनुच्छेद प्रस्तुत गर्दै अनुच्छेदको लम्बाइ, आकार र प्रकार, सुरु, बिच, टुङ्ग्याउने भाग आदिका बारेमा विद्यार्थीहरूसँग छलफल गरी अनुच्छेद लेखनका बारेमा उनीहरूलाई स्पष्ट गरिदिनुहोस् ।

(ख) विद्यार्थीहरूलाई अनुच्छेद लेख्दा ध्यान दिनुपर्ने कुराहरू उदाहरणसहित बताइदिनुहोस्, जस्तै : सम्बन्धित विषय शीर्षकका बारेमा मुख्य मुख्य बुँदा टिपोट गर्ने

- उक्त बुँदाहरूलाई सङ्गठित गरेर खोज्न तयार गर्ने
- खेस्रा तयार गर्दा सिलसिलेवार रूपमा लेख्ने
- खेस्राको संशोधन र परिमार्जन गरी साफी गरेर अनुच्छेद तयार गर्ने

(ग) उपयुक्त तरिका बताइदिइसकेपछि विद्यार्थीहरूलाई अनुच्छेद लेखनको अभ्यास गराउन कुनै विषय शीर्षकमा बुँदाहरू टिपोट गर्न लगाई मुख्य मुख्य बुँदाहरू फलाटिन वा शैक्षणिक पाटीमा प्रस्तुत गर्नुहोस् र त्यसैका आधारमा अनुच्छेदको नमुना पनि तयार गर्नुहोस् ।

(घ) त्यसैगरी विद्यार्थीहरूलाई निर्देशित अनुच्छेद प्रबन्ध लेखन कुनै विषयमा बुँदाहरू दिनुहोस् । तिनका आधारमा अनुच्छेद तयार गर्न लगाई केहीलाई प्रस्तुत गर्न पनि लगाउनुहोस् । उत्कृष्ट अनुच्छेद लेखनहेरी अरू विद्यार्थीहरूलाई सच्याउन लगाउनुहोस् ।

(ङ) विद्यार्थीहरूलाई उनीहरूले अनुभव गरेका र पढे सुनेका विषयमा नै कुनै शीर्षक दिई अनुच्छेद प्रबन्ध लेख्ने अभ्यास गर्न लगाउनुहोस् र निबन्धका लेखनका लागि आवश्यक पर्ने बुँदा टिपोट, खेस्रा तथा साफी समेत गर्न लगाउनुहोस् । आफूले उनीहरूको अभ्यासको अवलोकन गरी पृष्ठपोषण दिई सहयोग गर्नुहोस् ।

(च) यसरी अनुच्छेद तयार गरेपछि अनुच्छेदको विस्तारित रूप नै प्रबन्ध लेखन हो भन्ने बताइदिनुहोस् ।

निबन्ध लेखन गर्दा निम्न लिखित कुराहरूमा ध्यान दिनुपर्छ भन्ने कुराको जानकारी दिनुहोस् :

- निबन्ध लेखन कम्तीमा पनि तिन अनुच्छेद हुनुपर्छ ।
- निबन्धमा परिचय खण्ड, विस्तार तथा व्याख्या, उपसंहार खन्डहरू हुन्छन् । भाग एक एक अनुच्छेद हुन्छ भने व्याख्या वा विस्तार भाग एक वा सोभन्दा बढी अनुच्छेद हुन्छ भन्ने कुरा बताइदिनुहोस् ।

(छ) यो पाठ्यवस्तुहरूको सङ्गठन सिलसिलाबद्ध तार्किक अविछिन्न अनुच्छेदहरूको गठन आदिका बारेमा विद्यार्थीहरूले खुलेर अभ्यास गर्न पाउँछन् । तसर्थ उनीहरूका लागि उच्चस्तरको लेखन सिपको अभ्यास साथै बौद्धिक र सिर्जनात्मक क्षमता बढाउने क्रियाकलाप पनि हो, यसमा शिक्षकले बढी ध्यान दिनुपर्छ ।

(ज) कक्षा कोठा सबै प्रबन्धहरू विद्यार्थीको सिर्जनात्मक क्षमता विकास गर्ने खालका भएकाले उनीहरूको वैयक्तिक रुचिअनुसार प्रबन्ध लेखन गर्न लगाउनुहोस् ।

(झ) प्रबन्ध लेख्दा कक्षाकार्यका रूपमा प्रशस्त अभ्यास गराउनुहोस् । यसमा पाठ्यवस्तु वा त्यसको सङ्गठन अनुच्छेद गठन, प्रस्तुति र तिनको शिल्पले बढी स्थान ओगट्ने हुँदा विद्यार्थीले लेखेका प्रबन्धहरू वाचन गर्न लगाई आवश्यक टिप्पणी र सुझाव दिनुहोस् ।

४. **मूल्याङ्कन**

विद्यार्थीहरूलाई प्रबन्ध लेख्न लगाई मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कन गर्दा पाठयवस्तु, सङ्गठन, प्रस्तुति, शिल्प, भाषाशुद्धी आदिका आधारमा अङ्क दिन सकिन्छ ।

५. **गृहकार्य**

कुनै विषय दिई प्रबन्ध लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

पाठ १९

# प्रधानाध्यापकलाई निवेदन

*घन्टी : ७*

| क्र.सं. | पाठ्यवस्तु/विषयवस्तु | घन्टी |
|---|---|---|
| १. | सस्वर वाचन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | निवेदन लेखन | २ |
| ४. | व्यावहारिक लेखन | २ |
| ५. | कार्यमूलक व्याकरण | १ |

पाठ्यवस्तु : **सस्वर वाचन र शुद्धोच्चारण** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) 'प्रधानाध्यापकलाई निवेदन' पाठका अनुच्छेदहरूलाई गति, यति र हाउभाउ मिलाएर सस्वर वाचन गर्न

(ख) पाठमा प्रयोग भएका कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न

२. **शैक्षिक सामग्री**

शब्दपत्ती, शब्दसूची

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) शिक्षकले निवेदनको परिचय दिँदै पाठप्रति ध्यानकर्षण गर्नुहोस् र पाठको सस्वर वाचन गरी नमुना प्रस्तुत गर्नुहोस् । सस्वर वाचनको नमुना प्रस्तुत गर्दा विद्यार्थीहरूलाई पाठमा ध्यान केन्द्रित गर्दै सुन्न लगाउनुहोस् र समावेशी ढङ्गबाट सस्वर वाचन गर्न लगाउनुहोस् । सस्वर वाचन आवश्यकता हेरी पुरै कक्षालाई समूह बनाएर र व्यक्तिगत रूपमा पनि गराउनुहोस् ।

(ख) सस्वर वाचन गर्दा विद्यार्थीले गरेका त्रुटिलाई सङ्केत सुधारका लागि थप अभ्यास गराउनुहोस् ।

(ग) आफूले तयार पारेको शब्द सूची समेत प्रदर्शन गरी अन्य मातृभाषी तथा कमजोर विद्यार्थीलाई पनि ध्यानमा राख्दै उच्चारण अभ्यास गराउनुहोस् ।

(घ) विद्यार्थीलाई उच्चारण गराउँदा धेरै कठिन देखिएका शब्दहरू छनोट गरी श्रुति लेखन गराउनुहोस् र छलफल विधि अपनाई शुद्ध गरिदिनुहोस् ।

(ङ) उच्चारण अभ्यास शब्दको मात्र नगराई वाक्यांश, वाक्य तथा अनुच्छेद तहमा पनि गराउनुहोस् र विद्यार्थीले गरेका गल्ती उच्चारण सच्याई शुद्ध उच्चारण गर्न अभ्यास गराउनुहोस् ।

(च) सस्वर वाचन र शुद्धोच्चारणपश्चात् पाठको अभ्यास ९ र १० को पनि अभ्यास गराउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) सम्बद्ध निवेदन सस्वर वाचन गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई उच्चारण गर्न कठिन लागेका नयाँ शब्द छानी उच्चारण अभ्यास गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

निवेदनमा भएका उच्चारण गर्न अप्ठ्यारा लागेका शब्द टिपोट गरी उच्चारण गरेर आउन निर्देशन गर्नुहोस् ।

## पाठ्यवस्तु : **शब्दार्थ र वाक्यमा प्रयोग** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्याथीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) 'प्रधानाध्यापकलाई निवेदन' पाठको कठिन शब्दहरूको अर्थ भन्न

(ख) पाठमा प्रयोग भएका कठिन शब्द राखी अर्थ खुल्ने गरी वाक्य बनाउन

२. **शैक्षिक सामग्री**

शब्दपत्ती, शब्दार्थ पत्ती, वाक्यपत्ती, शब्दकोश

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीहरूलाई निवेदन मौन पठन गर्न लगाई अर्थ नजानेका शब्दहरू छनोट गर्न लगाउनुहोस् र छनोट गरिएका शब्द विद्यार्थीहरूलाई भन्न लगाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ख) टिपोट गरिएका शब्द गाढा अक्षरमा दिइएको भए सम्बन्धित पाठमा हेर्न लगाउनुहोस् र नभएका शब्दको अर्थ विद्यार्थीहरूकै बिचबाट खोज्नुहोस् । उनीहरूले भन्न नसकेमा शब्दार्थ पत्तीको सहायताले प्रस्ट पारिदिनुहोस् ।

(ग) विभिन्न विधि प्रयोग गरी शब्दार्थ शिक्षणपश्चात् उक्त शब्दहरूलाई आफ्नै शब्दमा अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्न अभ्यास गराउनुहोस् । आवश्यक सहयोग र सुधार गरिदिनुहोस् । अभ्यास गराउँदा विद्यार्थीहरूको विविधतालाई पनि ख्याल गर्दै गर्नुहोस् ।

(घ) शब्दको अर्थ पत्ता लगाउनलाई शब्दकोश हेर्ने बानी बसाल्ने प्रयास गर्नुहोस् ।

४. **मूल्याङ्कन**

(क) पाठमा भएका कठिन शब्दहरूको अर्थ भनिदिनुहोस् ।

(ख) पाठमा भएका शब्दहरू दिई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण गरिदिनुहोस् ।

(ग) पाठका अभ्यास ६ र ७ गर्न लगाउनुहोस् र परीक्षण पनि गरिदिनुहोस् ।

५. **गृहकार्य**

पाठको अभ्यास ८ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

पाठ्यवस्तु : **निवेदन लेखन** *घन्टी : २*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) अनुकृत ढाँचामा निवेदन लेख्न

(ख) निर्दिष्ट विषयमा निवेदन लेख्न

२. **शैक्षिक सामग्री**

निवेदनको नमुना, निवेदनका अङ्गहरू लेखिएको तालिका

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) शिक्षकले निवेदनको नमुना प्रदर्शन गरी कुनै एक विद्यार्थीलाई निवेदनको नमुना सस्वर वाचन गरी सुनाउन लगाउनुहोस् । अन्य विद्यार्थीले सुने नसुनेको ख्याल गर्नुहोस् र नसुन्ने विद्यार्थीलाई सुन्न प्रेरित गर्नुहोस् ।

(ख) निवेदन पठनपश्चात् निवेदनको ढाँचा वा अङ्गहरूका बारेमा छलफल विधिबाट प्रस्ट पारिदिनुहोस् । घरायसी चिठी र कार्यालयीय चिठीको भिन्नता पनि प्रस्ट पारिदिनुहोस् ।

(ग) निवेदनका अङ्गहरूको चिनारीपछि विद्यार्थीलाई समूहमा विभाजन गरी वा एकल निवेदनको ढाँचा तयार पार्न लगाउनुहोस् । तयार गरिएका निवेदनलाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यकतानुसार सुधार गरी प्रोत्साहन दिनुहोस् ।

(घ) निवेदनका विभिन्न नमुना (छात्रवृत्ति, बिदा पाउँ, कार्यक्रममा सहभागी हुन पाउँ भन्ने विषयमा प्रस्तुत गरी विभिन्न समूहलाई विभिन्न विषयमा निवेदन लेख्न लगाउनुहोस् र आवश्यक सहयोग र सुधार गरिदिनुहोस् ।

(ङ) पाठको अभ्यासका ५ अनुसारको निवेदन लेख्न लगाउनुहोस् र परीक्षण गरी सुझाव समेत दिनुहोस् ।

(च) पाठको सिर्जनात्मक अभ्यासको १८ र १९ को उत्तर लेख्न लगाई छलफल गरी सुझाव समेत दिनुहोस् ।

४. **मूल्याङ्कन**

(क) निवेदनका अङ्गहरू भन्न वा लेख्न लगाउनुहोस् ।

(ख) कुनै एक विषय तोकी निवेदन लेख्न लगाउनुहोस् र परीक्षण पनि गरिदिनुहोस् ।

५. **गृहकार्य**

खेलकुदका सामग्री पाउँ भनी प्रधानाध्यापकलाई निवेदन लेख्न निर्देशन दिनुहोस् ।

## पाठ्यपुस्तक : **व्यावहारिक लेखन** *घन्टी : २*

१. **उद्देश्य**

**यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) कुनै कार्यक्रम सम्पन्न गर्नका लागि निमन्त्रणा पत्र, शुभकामना तयार गर्न

(ख) उपयुक्त सन्दर्भ दिई बधाइ तथा समवेदना पत्र रचना गर्न

२. **शैक्षिक सामग्री**

शब्दकोश, विभिन्न पत्रको नमुना (निमन्त्रणा, शुभकामना, बधाई, समवेदना)

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) दैनिक व्यवहारमा आइपर्ने निवेदन लेख्दा, खुसियाली व्यक्त गर्दा, समवेदना व्यक्त गर्दा भिन्न भिन्न तरिकाबाट आफ्नो अभिव्यक्ति दिनुपर्छ भन्ने कुरा बुझाउन त्यससँग सम्बन्धित छोटा मिठा प्रश्नोत्तर गर्नुहोस् । जस्तै :

- तिमी विवाहमा गएका छौ ?
- विवाहमा जान हामीलाई के के चाहिन्छ ?
- शुभकामना कहिले दिइन्छ ?
- बधाई किन दिइन्छ ?
- समवेदना कस्तो बेलामा दिनुपर्छ ?

(ख) दैनिक व्यवहार चलाउन वा समाजमा मिलेर बस्न समाजका रीति रिवाज, संस्कृति, संस्कार जस्ता कुरालाई ध्यान दिनुपर्छ भन्ने धारणा प्रस्ट पारी आफूले तयार पारी ल्याएका तल दिइएका जस्ता विभिन्न नमुना पत्रहरू प्रदर्शन गर्नुहोस् ।

(ग) विवाह, व्रतबन्ध, न्वारन, पास्नी जस्ता खुसीयालीमा दिइने निमन्त्रणा पत्र प्रदर्शन गरी लेख्ने तरिकाका बारेमा छलफल गराई शैक्षणिक पाटीमा नमुना निमन्त्रणा पत्र निर्माण गर्न लगाउनुहोस् र आवश्यक सहयोग गरिदिनुहोस् ।

(घ) कुनै राम्रो काम गर्न खोज्दा, नव वर्ष, तिहार जस्ता चाडपर्वको अगाडि शुभ होस् भनी शुभकामना पत्र दिइन्छ भनी छलफल विधिद्वारा प्रष्ट पारी शुभकामना पत्र तयार पार्न सक्रिय सहयोग गर्नुहोस् ।

नमुना १

**निमन्त्रणा**

श्री ........................................................................ ज्यू

हाम्रो आयुष्मती सुपुत्री हिमाली नेपालीको श्री रामप्रसाद शर्मा तथा उमा शर्माका सुपुत्र आयुष शर्माका साथ सुसम्पन्न हुने शुभ विवाहमा उपस्थित भई वरवधुलाई आशीर्वाद प्रदान गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौँ ।

| **कार्यक्रम :** | **दर्शनाभिलाषी** | **प्रार्थी** |
|---|---|---|
| जन्ती आगमन : २०७०/२/४ | हिमाञ्चल नेपाली | मनोरथ नेपाली |
| समय : बिहान ९ बजे | मनिला नेपाली | |

प्रीतिभोज : दिनको २ बजेदेखि ६ बजेसम्म

स्थान : ............ पार्टी प्यालेस, काठमाडौँ

**नमुना – २**

**शुभकामना पत्र**

यस विद्यालयका विद्यार्थी, शिक्षक, कर्मचारी, अभिभावक तथा सम्पूर्ण नेपाली जनमा नव वर्ष २०७० को उपलक्ष्यमा उत्तरोत्तर उन्नति र प्रगतिको कामनासहित हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्छौं ।

उग्रतारा माध्यमिक विद्यालय

डडेल्धुरा

पाठ्यवस्तु :   **कार्यमूलक व्याकरण (वाक्य परिवर्तन)**   *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) पुरुषका आधारमा वाक्य परिवर्तन गर्न

(ख) पूर्ण भूतकालका क्रियापद प्रयोग गरी वाक्यहरू निर्माण गर्न

२. **शैक्षिक सामग्री**

सर्वनाम सूची, पुरुषको उदाहरण लेखिएको तालिका

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम विद्यार्थीलाई सर्वनाम सम्बन्धी प्रश्नोत्तर गर्नुहोस् र सर्वनाम बुझाउने शब्दहरू सङ्कलन गर्न लगाउनुहोस् ।

(ख) सङ्कलन गरिएका सर्वनामहरू शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र कर्ताको रूपमा सर्वनामलाई तिन समूहमा विभाजन गरेर प्रस्ट पारिदिनुहोस्, जस्तै : प्रथम पुरुष, द्वितीय पुरुष र तृतीय पुरुष टिपोट गरिएका सर्वनामहरूलाई तिन प्रकारमा विभाजन गर्न लगाउनहोस् र आवश्यक सहयोग गरिदिनुहोस् ।

(ग) पाठ्य पुस्तकमा भएको पुरुषको उदाहरण र परिभाषा पढ्न लगाउनुहोस् र छलफल विधिबाट प्रस्ट पारिदिनुहोस् र छलफल गर्दा कमजोर विद्यार्थीलाई पृष्ठपोषण दिन विशेष ख्याल गर्नुहोस् ।

(घ) विभिन्न पुरुषमा लेखिएका वाक्यहरू दिई पुरुष छुट्याउन लगाउनुहोस् र पुरुष छुट्याउन जान्ने भएपछि तालिकाको सहयोग लिई वा आफ्नै प्रकारले एउटा पुरुषमा लेखिएको वाक्यलाई अर्को पुरुषमा परिवर्तन गर्न अभ्यास गराउनुहोस् ।

(ङ) पूर्ण भूतकालका बारेमा विद्यार्थीले पहिले नै जानिसकेको हुँदा स्मरण गराउँदै पाँच ओटा वाक्यहरू बनाउन लगाउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) कर्ताको  पुरुषअनुसारको क्रियापद प्रयोग गरी वाक्य पुरा गर्न लगाउनुहोस् ।

(ख) केही वाक्यहरू दिई पूर्ण भूतकालमा परिवर्तन गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

पुस्तकको व्याकरण खण्डको अभ्यास १३ देखि १७ सम्म गरेर ल्याउन निर्देशन दिनुहोस् र परीक्षण पनि गरिदिनुहोस् ।

पाठ २०

# श्रीकृष्णको पराक्रम

*जम्मा घन्टी : ९*

| क्र.सं. | पाठ्यवस्तु | घन्टी |
|---|---|---|
| १. | सस्वर वाचन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. | बोध प्रश्नोत्तर | २ |
| ४. | व्याख्या/भाव विस्तार | २ |
| ५. | घटना वर्णन र कथा लेखन | २ |
| ६. | कार्यमूलक व्याकरण | १ |

पाठ्यवस्तु : **सस्वर वाचन र शुद्धोच्चारण** *घन्टी :1*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) कथाका निर्धारित अनुच्छेदहरू सस्वर वाचन गर्न

(ख) उक्त कथामा प्रयोग भएका नयाँ शब्दहरू शुद्ध र स्पष्ट उच्चारण गर्न

२. **शैक्षिक सामग्री**

नयाँ शब्दहरूको सूची, शब्दपत्ती

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) पाठसँग सम्बन्धित छोटा मिठा प्रश्नोत्तर गरी कथाको शीर्षक र कथासार भनिदिनुहोस् ।

(ख) निर्दिष्ट अनुच्छेदहरू गति, यति मिलाई नमुना वाचन गरिदिनुहोस् । सोहीअनुरूप विद्यार्थीहरूलाई पनि सस्वर वाचन गराउनुहोस् ।

(ग) सस्वर वाचन गराउँदा विद्यार्थीले गल्ती गरेमा सच्याई पढ्न लगाउनुहोस् । समानुपातिक ढङ्गबाट वाचन अभ्यास गराउनुहोस् र कमजोर सिकाइ भएका विद्यार्थीलाई विशेष ध्यान दिनुहोस् ।

(घ) पाठमा प्रयोग भएका नयाँ शब्दहरूको सूची प्रदर्शन गरी शुद्ध उच्चारण गर्न अभ्यास गराउनुहोस् । अभ्यास गराउँदा कमजोर र सक्षम दुवैलाई गराई सक्षम वा जान्ने विद्यार्थीले गरेको अनुकरण नजान्ने विद्यार्थीलाई गर्न लगाउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) विद्यार्थीले गति, यति र विराम चिह्नको ख्याल गरी पढेका छन् कि छैनन् हेर्नुहोस् र आवश्यक सुधार गरिदिनुहोस् ।

(ख) एकले गरेको वाचनको मूल्याङ्कन अन्यलाई गर्न लगाउनुहोस् र प्रतिक्रिया दिन लगाई आवश्यक पृष्ठपोषण गरिदिनुहोस् ।

(ग) पाठ्य पुस्तकको अभ्यास ११ र १२ गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

'श्रीकृष्णको पराक्रम' कथा पढेर आफ्नो अभिभावकलाई सुनाइ प्रतिक्रिया लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग

*घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) 'अत्चारको अन्त्य' कथामा प्रयुक्त कठिन शब्दहरूको अर्थ भन्न

(ख) उक्त पाठमा प्रयुक्त कठिन शब्द राखी अर्थ स्पष्ट हुने गरी वाक्य बनाउन

२. **शैक्षिक सामग्री**

शब्दकोश, शब्दपत्ती, अर्थपत्ती, वाक्यपत्ती

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) 'श्रीकृष्णको पराक्रम' कथा मौन वाचन गर्न लगाउनुहोस् र अर्थ नजानेका शब्दहरू छनोट गर्न लगाउनुहोस् ।

(ख) छनोट गरिएका शब्दहरूलाई पालैपालो भन्न लगाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ग) टिपोट गरिएका शब्दहरूको अर्थ विद्यार्थीहरूको बिचबाट नै खोज्नुहोस् । उनीहरूबाट नआएमा अर्थपत्तीको सहायताले प्रस्ट पारिदिनुहोस् । शब्दार्थ शिक्षण गर्दा विभिन्न तरिका अपनाउनुका साथै कमजोर विद्यार्थीलाई सबलीकरण हुने गरी गर्नुहोस् ।

(घ) पाठ्य पुस्तकको अभ्यास ९ गर्न  लगाउनुहोस् र त्यस्तै अन्य शब्दहरूको पनि छनोट गरी शब्दार्थ शिक्षण गर्नुहोस् ।

(ङ) शब्द, वाक्यांश, उखान जस्ता शब्दहरू छनोट गरी वाक्यमा प्रगोग गर्ने अभ्यास गराउनुहोस् । अभ्यास गराउँदा उच्च, मध्यम र निम्न सबै खाले विद्यार्थीलाई ख्याल गर्नुहोस् ।

४. **मूल्याङ्कन**

(क) पाठमा प्रयोग भएका शब्दहरूको अर्थ विद्यार्थीहरूलाई सोध्नुहोस् ।

(ख) पाठमा प्रयोग भएका कठिन शब्दहरू दिई वाक्य निर्माण गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

पाठको अभ्यासको १० गर्न निर्देशन गर्नुहोस् र परीक्षण पनि गरिदिनुहोस् ।

पाठ्यवस्तु : **बोध प्रश्नोत्तर** *घन्टी : २*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) दिइएको अनुच्छेद पढी सोधिएका बोध प्रश्नको उत्तर दिन

(ख) पाठको अभ्यास खण्डमा सोधिएका प्रश्नहरूको सही उत्तर दिन

२. **शैक्षिक सामग्री :**

प्रश्नहरूको सूची, नमुना प्रश्नोत्तर

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) निर्दिष्ट अनुच्छेदहरू मौन वाचन गर्न लगाउनुहोस् । मौन वाचनपश्चात् तयार पारी ल्याएको प्रश्न सूची प्रस्तुत गरी विद्यार्थीलाई पालैपालो उत्तर भन्न लगाउनुहोस् । उत्तर सोध्दा एक जनालाई मात्रै एउटा प्रश्न नसोधी एउटै प्रश्न दुई/तिन जनालाई सोधी अर्कोलाई कसले भनेको उत्तर ठिक छ वा छैन् भनी ठिक उत्तर पहिल्याउन लगाउनुहोस् र आवश्यक थपघट गरि दिनुहोस् ।

(ख) पाठको अभ्यास १ देखि ३ को प्रश्नोत्तर गराउनुहोस् र विद्यार्थीले मौन पठनको भरमा उत्तर दिन सक्ने बनाउनुहोस् ।

(ग) पाठसँग सम्बन्धित अरू प्रश्नहरू पनि बनाएर उत्तर लेख्न वा भन्न अभ्यास गराउनुहोस् र आवश्यक सुधार गरिदिनुहोस् ।

४. **मूल्याङ्कन**

(क) कुनै एक अनुच्छेद तोकी बोध उत्तर भन्न वा लेख्न लगाउनुहोस् ।

(ख) पाठको अभ्यास खण्डका प्रश्नहरू गरे नगरेको ख्याल गरी गर्नको लागि प्रोत्साहन दिनुहोस् ।

५. **गृहकार्य**

पाठको अभ्यासको ८ गरेर ल्याउन निर्देशन गर्नुहोस् ।

## पाठ्यवस्तु : व्याख्या/ भाव विस्तार

*घन्टी : २*

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू पाठका विशिष्ट पङ्क्तिहरूको व्याख्या/भाव विस्तार गर्न सक्षम हुने छन् ।

२. **शैक्षिक सामग्री**

पाठका विशिष्ट पङ्क्तिहरूको सूची, नमुना व्याख्या/भाव विस्तार

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) 'श्रीकृष्णको पराक्रम' कथाबाट विशिष्ट अंश वा पङ्क्ति छानेर त्यसका व्याख्यान बुँदाहरू माथि छलफल गर्नुहोस् । जस्तै :

- "उसको खुसी एक प्रकारको ईर्ष्यामा परिणत भयो ।"
- "संसारमा अत्याचार कहिल्यै टिक्दैन अनि सृष्टिको नियम पनि गलत हुँदैन । "

(ख) कुनै एक पङ्क्तिको नमुना व्याख्या प्रदर्शन गरिदिनुहोस् र त्यसमाथि छलफल गर्न लगाउनुहोस् ।

(ग) विद्यार्थीहरूलाई विशिष्ट पङ्क्ति छान्न लगाई वा आफैँले छानेर दिई समूह समूहमा विभाजन गरी एकल व्याख्या गर्न लगाउनुहोस् र आवश्यक सहयोग र सुझाव दिनुहोस् ।

(घ) उत्कृष्ट व्याख्या गर्ने समूह वा विद्यार्थीलाई पुरस्कृत घोषणा गरिदिनुहोस् ।

(ङ) व्याख्या गराउँदा पहिला मुख्य मुख्य कुरा नछुटोस् भनी बुँदा टिपोट गर्न लगाउनुहोस् र मिले नमिलेको हेरिदिनुहोस् ।

(च) पाठको अभ्यास ४ को समय तोकी व्याख्या गर्न लगाउनुहोस् । परीक्षण गरी आवश्यक टिप्पणी गरिदिनुहोस् ।

४. **मूल्याङ्कन**

(क) विद्यार्थीले टिपेका विशिष्ट पङ्क्ति ठिक छन् कि छैनन् हेरिदिनुहोस् ।

(ख) विशिष्ट पङ्क्ति दिई व्याख्या/भाव विस्तार गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

तिमीलाई मन परेको विशिष्ट पङ्क्ति छानी कुनै एकको व्याख्या गरी ल्याउन निर्देशन गर्नुहोस् र परीक्षण पनि गरिदिनुहोस् ।

पाठ्यवस्तु : **कार्यमूलक व्याकरण (काल, पदसङ्गति)** *घन्टी : १*

१. **उद्देश्य**

**यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) अपूर्ण भूतकाललाई अपूर्ण वर्तमान कालमा परिवर्तन गर्न

(ख) वाक्यमा कर्ताको आदर अनुसार क्रियापद राख्न

(ग) आदरका आधारमा पद सङ्गति मिलाउन

२. **शैक्षिक सामग्री**

उच्च, मध्यम, निम्न आदर बुझाउने वाक्यहरूको सूची

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) अपूर्ण भूत र अपूर्ण वर्तमान कालका बारेमा विद्यार्थीले पहिले नै जानिसकेकको हुँदा अपूर्ण भूत कालका केही वाक्यहरू दिई अपूर्ण वर्तमान कालमा परिवर्तन गर्न लगाउनुहोस् ।

(ख) पहिले तयार पारी लगिएको विभिन्न आदर बुझाउने वाक्यहरू प्रस्तुत गरी विद्यार्थीहरूलाई पाठप्रति ध्यानकर्षण गरी छोटा मिठा प्रश्नोत्तर गर्नुहोस् र आदर पद सङ्गतिको परिभाषा निर्माणपश्चात् पाठ्य पुस्तकको व्याकरण खण्डमा दिइएका विभिन्न पुरुषमा लेखिएका विभिन्न आदर बुझाउने वाक्यरू पढ्न लगाउनुहोस् ।

(ग) आदरको अभ्यासमा पद सङ्गति नमिलेका वाक्य दिई आदरका आधारमा मिलाएर लेख्ने अभ्यास गराउनुहोस् ।

(घ) आदरलाई मानेर कर्ताअनुसारको क्रियापद राख्दा लिङ्ग, पुरुष, र वचनमा समेत ध्यान दिनुपर्छ भन्ने सामान्य नियमहरू बताई अभ्यास पनि गराउनुहोस्

४. **मूल्याङ्कन**

(क) आदरका आधारमा पद सङ्गतिका दृष्टिले वाक्य दिई मिलाएर लेख्न लगाउनुहोस् र परीक्षण गरिदिनुहोस् ।

(ख) अभ्यासको १५ देखि १९ सम्म गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

'श्रीकृष्णको पराक्रम' पाठमा भएका उच्च, मध्यम र निम्न आदर बुझाउने क्रियापद भएका वाक्यहरू टिपी ल्याउन निर्देशन गर्नुहोस् ।

पाठ्यवस्तु : **घटना वर्णन र कथा लेखन** *घन्टी : २*

१. **उद्देश्य**

**यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) दिइएको शीर्षक, घटना वा बुँदाहरूका आधारमा ससाना कथाको रचना गर्न

(ख) पठित कथाका आधारमा कथा लेख्न

२. **शैक्षिक सामग्री**

कथाका शीर्षकहरूको सूची, कथाका घटना वा बुँदाहरू, कथाका नमुना, बाल पत्र पत्रिकाहरू

३. **शिक्षण सिकाइ क्रियाकलाप**

(क) शिक्षकले कथाको कुनै शीर्षक, घटना वा बुँदाहरू दिई कथा रचना गर्ने तरिकाबारे छलफल गर्नुहोस् ।

(ख) कथाको शीर्षक दिई छोटा छोटा कथाहरू रचना गर्न समूहमा विभाजन गरिदिनुहोस् र कथा लेख्न अभ्यास गराई प्रत्येक समूहलाई आवश्यक सहयोग गरिदिनुहोस् ।

(ग) कथा लेखनका क्रममा पाठको सिर्जनात्मक अभ्यास खण्डमा दिइएको सङ्केतका आधारमा शीर्षकसहित छोटो कथा लेख्नलाई नमुनाका रूपमा प्रस्तुत गर्नुहोस् अथवा आफूले तयार पारी लगेको कथा लेखनका बुँदाहरू दिई कथा लेखन गर्न लगाउनुहोस् ।

(घ) विद्यार्थीले तयार पारेका कथा प्रस्तुत गर्न लगाई आवश्यक थपघट र छलफल गराउनुहोस् र शीर्षक पनि राख्न लगाउनुहोस् । कथा लेखनको ढाँचा वा घटनाहरूको क्रम मिलाई कथा लेख्नेलाई प्रोत्साहन गर्नुहोस् र नसक्नेलाई पृष्ठपोषण गर्नुहोस् ।

(ङ) बाल पत्रिका वा मासिक वा दैनिक पत्रिकाहरूमा छापिएका कथाहरू पढ्न प्रेरित गर्नुहोस् र त्यस्ता कथालाई पढेर कक्षामा सुनाउन लगाउनुहोस् ।

(च) तल दिइए जस्तै बुँदाहरू दिई कथा लेखनको अभ्यास गराउनुहोस् :

कुनै गाउँमा एउटा सारै कन्जुस मानिस हुनु, उसको एक हजार रूपैयाँ हराउनु, धेरै खोज्दा पनि फेला नपर्नु, उसले एक सय रूपैयाँको पुरस्कारको घोषणा गरी पैसा खोज्ने उपाय गर्नु, घोषणाको खबर सबैतिर फैलिनु, एक जना किसानले आफूले भेटेको रूपैयाँ कन्जुसलाई लगेर दिनु, कन्जुसले खुसी भएर किसानलाई धन्यवाद दिनु, किसानले पुरस्कार पाउनु, पर्ने जिद्दी गर्नु कन्जुसले पुरस्कार नदिई आफ्नो एक हजार एक सय हराएको बताउनु, दुवैको बिचमा झगडा पर्नु, समस्या समाधान गर्न गाउँका मुखियाकहाँ जानु, मुखियाले दुवैका कुरा सुनेर त्यो एक हजार रूपैयाँ कन्जुसको नभएको भनी किसानलाई फिर्ता दिनु, किसानलाई ठग्न खोज्ने कन्जुस आफैँ ठगिनु, अर्कोलाई ठग्न खोज्ने आफैँ ठगिन्छ भन्ने सन्देश ।

(छ) बुँदाका आधारमा लेखिएका क्रम र भाव मिले नमिलेको हेरिदिनुहोस् र आवश्यक सहयोग गरिदिनुहोस् ।

(ज) विद्यार्थीहरूले सही तरिकाबाट कथा रचना गर्न नसकेमा नमुना कथा प्रस्तुत गरी कथा लेख्ने तरिका सङ्क्षेपमा बताइदिनुहोस् र स्वतन्त्र कथा लेखनको अभ्यास पनि गराउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) कथाका घटनाहरू क्रम नमिलाई दिनुहोस् र मिलाउन लगाउनुहोस् ।

(ख) पाठको सिर्जनात्मक अभ्यास खण्डको २० र २१ का बारेमा छलफल गरी कथा लेख्न निर्देशन दिनुहोस् ।

५. **गृहकार्य**

आफूलाई मन पर्ने कुनै कथा लेखेर ल्याउन निर्देशन दिनुहोस् र पृष्ठपोषण सहित परीक्षण पनि गरिदिनुहोस् ।